"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र समृद्धिको आधार"

## राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयको

# वार्षिक गतिविधि पुस्तिका

## २०७९/०८०

## राष्ट्रिय मानव अधिकार आयोग

गण्डकी प्रदेश कार्यालय, पोखरा

# आयोगबाट सम्पादित कार्यक्रमको झलक
























"जीवन,मर्यादा,समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार "

# वार्षिक गतिविधि पुस्तिका

## आ.व. २०७९/०८०

## राष्ट्रिय मानव अधिकार आयोग

### गण्डकी प्रदेश कार्यालय, पोखरा

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय तप बहादुर मगर

**सदस्यहरू**

माननीय डा.सूर्यप्रसाद शर्मा ढुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिली थापा

**का.मु.सचिव**

मुरारिप्रसाद खरेल

**सल्लाहकार** : माया देवी शर्मा, उपसचिव/कार्यालय प्रमुख
**संयोजन** : मोहन काफ्ले, मानव अधिकार अधिकृत
**लेखन/सम्पादन** : खिमलाल सुवेदी, मानव अधिकार अधिकृत
टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत
**व्यवस्थापन** : विनोद परियार, नायब सुब्बा
**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा ।
**प्रकाशन मिति** : २०८० असार
**संस्करण** : तेस्रो
**प्रति** : ३५०
**© सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग
गण्डकी प्रदेश कार्यालय, पोखरा

© *आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुन: उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।*

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

नेपालको संविधानको धारा २४९ ले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरेको छ । राज्यले मानव अधिकारको परिपालना गर्नुपर्ने विषयमा आफ्नो दायित्वबाट विमुख हुन पुगेको अवस्थामा खबरदारी गर्ने र राज्यलाई जिम्मेवार बनाउनु आवश्यक हुन्छ। मानव अधिकारको संरक्षण, सम्वर्धन र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि संवैधानिक अङ्गको रुपमा राष्ट्रिय मानव अधिकार आयोग क्रियाशील रहँदै आएको छ ।

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले मानव अधिकारको संरक्षण र सम्वर्धनको लागि गरेका वार्षिक रुपमा सम्पादित गतिविधिहरुलाई समेटी वार्षिक गतिविधि पुस्तिका (२०७९/८०) प्रकाशित हुन लागेकोमा खुशी व्यक्त गर्दछु । आयोग आफ्नो छैठौं रणनीतिक योजना मार्फत **"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र संवृद्धिको आधार"** भन्ने दुरदृष्टिका साथ अगाडि बढिरहेको छ । यसबाट कानुनी शासनको प्रत्याभूत भई नागरिकको मानव अधिकार संरक्षणको साथै समग्रमा मानव अधिकारको सम्मान हुन सक्दछ ।

अन्तमा यस प्रकाशनले गण्डकी प्रदेश भित्रको समग्र मानव अधिकार अवस्थाबारे चित्रण गर्नुका अलावा सम्बन्धित सरोकारवालाहरुलाई आयोगको गण्डकी प्रदेश कार्यालयबाट वार्षिक रुपमा गरिएका गतिविधिहरुको सन्दर्भमा जानकारी हुनाको साथै राज्यका निकायलाई नागरिकका अधिकार संरक्षण र सम्वर्धनका लागि कर्तव्य बोध गराउन सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । यस पुस्तिका तयार गर्न सम्लग्न आयोगको गण्डकी प्रदेश कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

२०७९ असार

तप बहादुर मगर
अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराले एक वर्षको अवधिमा सम्पन्न गरेका मानव अधिकार संरक्षण र संवर्धन सम्बन्धी कार्यहलाई समेटेर वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु। नेपालको संविधान एवं कानून प्रदत्त सूचनाको हकलाई मध्यनजर राख्दै आयोगको पोखरा कार्यालयले सार्वजनिक जवाफदेहीता निर्वाह गर्न खोजेको प्रयास प्रशंसनीय छ।

देशका सबै बर्ग, समुदाय र क्षेत्रसम्म मानव अधिकार आयोगका गतिविधिहरु पुऱ्याउने उद्देश्यले वि.सं. २०६२ सालमा आयोगको पोखरा कार्यालय स्थापना गरिएको थियो। १० बर्ष लामो सशस्त्र द्वन्द्वको कारण सृजित प्रतिकूल परिस्थितिका बाबजुद कार्यालयले त्यस क्षेत्रका नागरिकको मानव अधिकार संरक्षण र संवर्धनका लागि आफ्ना गतिविधिहरुलाई निरन्तर अघि बढाउँदै आएको यस कार्यालय हाल पनि उत्तिकै सक्रिय छ। गण्डकी प्रदेशको समग्र मानव अधिकार अवस्था सहित कार्यालयबाट सम्पादन भएका गतिविधिहरुलाई समेटेर प्रकाशन गरिएको वार्षिक गतिविधि पुस्तिकाले मानव अधिकारको संरक्षण र संबर्धनका लागि त्यस क्षेत्रमा चालिनुपर्ने थप प्रयासको समेत उजागर गरेको हुँदा यसबाट राज्यका सम्बद्ध निकायहरुका अतिरिक्त मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्थाहरु, अनुसन्धानकर्ता, विद्यार्थी, आम नागरिकहरु समेत लाभान्वित हुनेमा विश्वस्त रहेको छु।

अन्त्यमा, यस गतिविधि पुस्तिका प्रकाशन गर्न नेतृत्व लिनु भएका आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराका कार्यालय प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछु।

असार, २०८०

मुरारिप्रसाद खरेल
का.मु.सचिव


फोन नं. ००९७७-१-५०१००१५, फयाक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

गण्डकी प्रदेश कार्यालय, Gandaki Province Office

पोखरा-८, पर्यटन मार्ग (एयरपोर्ट) Pokhara-8, Paryatan Marga (Airport)

## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराले एक वर्षको अवधिमा सम्पन्न गरेका मानव अधिकार संरक्षण र संवर्धन सम्बन्धी कार्यहरुलाई समेटेर वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्दै आएको छ । आयोगका गतिविधिहरुलाई राज्यका सबै भौगोलिक क्षेत्र, वर्ग र समुदायमा पुऱ्याउने उद्देश्यले वि.सं. २०६२ सालमा स्थापित भएको आयोगको पोखरा कार्यालयले यस क्षेत्रको मानव अधिकार संरक्षण र संवर्धनको लागि निरन्तर कार्य गरिरहेको छ । आयोगले छैठौं रणनीतिक योजना मार्फत **"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र संवृद्धिको आधार"**भन्ने दुरदृष्टिका साथ मानव अधिकारको संरक्षण, संवर्धन र सोको सुनिश्चिताको लागि कार्य गर्दै आइरहेको छ ।

गण्डकी प्रदेशको समग्र मानव अधिकारको अवस्था सहित यस कार्यालयबाट विभिन्न जिल्ला तथा स्थानीय तहमा गरिएको अनुगमन, कार्यालयमा दर्ता भएका उजुरी, निवेदनहरु, प्रदान गरिएको परामर्श सेवा आदिको आधारमा हेर्दा यो वर्ष पनि उपभोक्ता अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, अपांगता भएका व्यक्तिहरुको अधिकार, बाललिकाको अधिकार, आदिवासी जनजातिको अधकिार लैंगिक तथा अल्पसंख्यकको अधिकार, बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार, संक्रमणकालिन न्याय, वातावरणको अधिकारको अवस्था सन्तोषजनक हुन सकेन । महिला हिंसा, विद्यालयमा बालबालिकामाथि हुने हिंसा तथा दुरव्यवहारका घटनाहरु, जातिय विभेदका घटनाहरुमा यस बर्ष पनि कमी आउन सकेन । नेपाल सरकारको पाँचौ मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना यस प्रदेशका सबै जिल्ला र स्थानीय तहमा अझै पनि समन्वय समिति गठन हुन सकिरहेको छैन । केही जिल्लामा जिल्ला समन्वय समिति र केही स्थानीय तहमा स्थानीय समन्वय समिति गठन भई कार्य आरम्भ भएको अवस्था भएपनि यसको प्रभावकारी कार्यान्वयन भने हुन नसकेको अवस्था छ ।

यस कार्यालयबाट सम्पन्न भएका गतिविधिहरुलाई समेटी प्रकाशनमा ल्याइएको वार्षिक गतिविधि पुस्तिका (२०७९/८०) ले मानव अधिकारको संरक्षण र संवर्धनका लागि प्रदेश स्तरका सम्बन्धित निकायहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरु, नागरिक समाज, आम नागरिक समेतलाई यस प्रकाशनले मानव अधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा निर्वाह गर्नुपर्ने भूमिकालाई अझै प्रभावकारी बनाउन मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, गतिविधि पुस्तिका प्रकाशन गर्ने कार्यको लागि लेखन, संयोजन र सम्पादनका साथ संयोजन गर्ने मानव अधिकार अधिकृत मोहन काफ्ले एवंम लेखन तथा सम्पादन कार्यमा सरिक मानव अधिकार अधिकृतहरु खिमलाल सुवेदी, टंकप्रसाद खनाल, व्यवस्थापन गर्नुहुने नायब सुव्वा विनोद परियार सहित यस कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

असार, २०८०

मायादेवी शर्मा
उपसचिव/कार्यालय प्रमुख

फोन नं.: ०६१-५८६०५९, ५८६०८१, फ्याक्स नं.: ००९७७ ६१ ५८५८७५, पो.ब.नं.: ७२, पोखरा, नेपाल
Phone: +977 61 586059, 586081, Fax: +977 61 585875, G.P.O. Box: 72, Pokhara, Nepal
E-mail: nhrcpkr@gmail.com | Website: www.nhrcnepal.org

# विषय सूची

१. पृष्ठभूमि, काम, कर्तव्य, अधिकार र संगठन संरचना
१.१ पृष्ठभूमि
१.२ आयोगको काम, कर्तव्य र अधिकार
१.३ संगठनात्मक संरचना
१.३.१ कूल दरबन्दी र कार्यरत संख्या
१.३.२ कार्यरत कर्मचारीहरु
१.३.३ पद/शाखा र जिम्मेवारी

**परिच्छेद २**

२. गण्डकी प्रदेश कार्यालयबाट सम्पादित गतिविधिहरु
२.१ संरक्षण सम्बन्धी कार्यहरु
२.१.१ उजूरी ग्रहण
२.१.२ यस आ.व.मा कार्यालयमा दर्ता हुन आएका उजूरीहरुको विवरण
२.१.३ पिडित उपर परामर्श सेवा
२.१.४ अनुसन्धान
२.१.५ राष्ट्रिय मानव अधिकार आयोगबाट भएका निर्णय विवरण
२.२ अनुगमन
२.३ प्रवर्द्धनात्मक कार्यक्रम
२.४ आन्तरिक तथा बाह्य तालिम र बैठक सम्बन्धी विवरण
२.५ सञ्चार माध्यमहरुमा सहभागिता
२.६ अन्य निकायले सञ्चालन गरेको तालिम/कार्यक्रममा सहभागिता
२.७ अन्य संस्थाले सञ्चालन गरेको तालिम/कार्यक्रममा स्रोत व्यक्तिको रुपमा सहभागिता
२.८ प्रशासनिक कार्यहरु
२.९ कर्मचारी बैठक
२.१० खरिद इकाई गठन
२.११ आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) कार्यान्वयन समिति गठन
२.१२ लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति समिति गठन
२.१३ समन्वय र सहकार्य

**परिच्छेद ३**

३ गण्डकी प्रदेशमा मानव अधिकारको अवस्था

## परिच्छेद ४

४ आयोगका गतिविधीहरु

## परिच्छेद ५

५ उपलब्धि, चुनौती र समाधानका सम्भावित उपायहरु

**अनुसूचीहरु : (१-६)**
**आयोगबाट सम्पादित कार्यक्रमको झलक**

## गण्डकी प्रदेश कार्यालय पोखराको आ.व. २०७९/८० को बार्षिक गतिविधि सार संक्षेपमा

| क्र.स | कामको प्रकृति | संख्या | बिषय | कैफियत |
|---|---|---|---|---|
| १ | मानव अधिकार संरक्षण | | | |
| १.१ | उजुरी | आ.व २०७९/८० मा ३ वटा उजुरी दर्ता भएका छन् । अनुसन्धान जारी रहेका बाँकी उजुरी संख्या १४७ रहेका छन् । | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार<br>यातना विरुद्धको अधिकार<br>महिला हिंसा विरुद्धको अधिकार<br>बाल अधिकार<br>जातीय भेदभाव विरुद्धको अधिकार<br>अपाङ्गता भएका व्यक्तिको अधिकार<br>बेपत्ता विरुद्धको अधिकार<br>आप्रवासी कामदारको अधिकार<br>न्याय प्रशासन<br>अन्य अधिकार | सबै उजुरी उपर अनुसन्धान कार्य जारी रहेको |
| १.२ | अनुसन्धान सम्पन्न | २२ | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार<br>यातना विरुद्धको अधिकार<br>महिला हिंसा विरुद्धको अधिकार<br>बाल अधिकार<br>न्याय प्रशासन | |
| १.३ | परामर्श र सुझाव | २५ | महिला हिंसा, न्याय प्रशसान वातावरण, बाल अधिकार, स्वास्थ्य अधिकार, मानसिक स्वास्थ्य लगायत | |
| १.४ | निर्णयको लागि के.का पठाएको | ५५ | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा संस्कृतिक अधिकार<br>यातना विरुद्धको अधिकार<br>महिला हिंसा विरुद्धको अधिकार<br>बाल अधिकार<br>न्याय प्रशासन लगायत | |
| १.५ | अनुगमन (नियमित तथा आकस्मिक) | १८ | प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन र उपनिर्वाचन<br>पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना<br>उपभोक्ता तथा खाद्य अधिकार आदि<br>विपद र मानव अधिकार<br>हिरासत, कारागार, बालसुधारगृह<br>बालअधिकार<br>जातीय भेदभाव विरुद्धको अधिकार<br>श्रमिकको मानव अधिकार | |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रवर्द्धनात्मक कार्य | | | |
| २.१ | समन्वय र सहकार्यमा सम्पन्न कार्यक्रम | ५ | संयुक्त राष्ट्र संघको मानव अधिकार समितिका निर्णय कार्यान्वयन सम्बन्धी छलफल<br>अन्तर्राष्ट्रिय मानव अधिकार दिवस<br>रक्तदान कार्यक्रम<br>मानव अधिकार रक्षक दिवसमा छलफल<br>दिप प्रज्वलन<br>अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँचका अवरोधहरु पहिचान तथा समावेशी न्यायिक प्रणाली सम्बन्धी कार्यशाला गोष्ठी र  अधिकार<br>मानसिक स्वास्थ्य र मानव अधिकार<br>मानव अधिकारका आधारभूत पक्ष तथा मानव अधिकारको विश्वव्यापी<br>घोषणापत्र, १९४८ सम्बन्धी तालिम | |
| २.२ | मानव अधिकार प्रर्वद्धन, दिवस तथा अन्य | २ | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस<br>आयोगको स्थापना दिवस | |
| २.३ | अन्य सरकारी तथा गैरसरकारी निकायहरुको कार्यक्रममा आयोगको उपस्थिती | १२७ पटक | प्रमुख अतिथी, विशेष अतिथि, अतिथी, श्रोत व्यक्ति, सहभागीका रुपमा कार्यालय प्रमुख तथा मानव अधिकार अधिकृतहरुको सहभागिता रहने गरेको । | |
| ३ | आन्तरिक समिति गठन | ३ वटा | खरिद इकाई, आयोगको छैटौं रणनीतिक योजना कार्यान्वयन समिति, लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति गठन गरिएको | |
| ४ | कर्मचारी वैठक | १२ पटक | कार्यालयको दैनिक प्रशासन, अनुगमन, अनुसन्धान, कार्यक्रम लगायतका विषयमा | |
| ५ | मानव संसाधन | १८ | ७ वटा पद रिक्त रहेको । | |

# पृष्ठभूमि, काम, कर्तव्य, अधिकार र संगठन संरचना

## १.१ पृष्ठभूमि

विश्वव्यापी रूपमा मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भएको मानिए पनि मानव सभ्यताको सुरुआतसँगै मानिससँग जोडिएका विषयहरुको बारेमा अप्रत्यक्षतः चर्चा भएको पाइन्छ । मानव अधिकार शब्दावली समावेश नभए पनि वेद, उपनिषद लगायतका प्राचिन ग्रन्थहरूमा पनि मानिसका अधिकार र कर्तव्यको बारेमा उल्लेख गरिएको पाइन्छ । मानव इतिहासलाई हेर्ने हो भने मानिसले आफ्नो अस्तित्व रक्षाको लागि सङ्घर्षरत रहेको पाइन्छ । विभिन्न समयमा शासक र शासित, मालिक र मजदुर, देश-देशबीचको विवाद, युद्ध/विश्वयुद्ध हुँदै आएको छ । विवाद/युद्धको शान्तिपूर्ण समाधानको लागि सन्धि/सम्झौताको माध्यमबाट अगाडि बढ्दै विश्व आजको अवस्थामा आइपुगको छ । विशेषतः दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घ (संरास) को स्थापना भएको र सन् १९४८मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भए पश्चात मानव अधिकारको विषय विश्वव्यापी बन्न पुगेको हो । त्यसपछि संरासबाट संयन्त्र निर्माण गरी विषयगत रूपमा मानव अधिकारसम्बन्धी घोषणापत्र, महासन्धि, इच्छाधीन आलेख प्रस्ताव आदि निर्माणको क्रम तीब्र गतिमा अगाडि बढ्न पुग्यो । संरासका सदस्य राष्ट्रहरु पनि महासन्धिको पक्षराष्ट्र बन्ने क्रम क्रमशः वृद्धि हुँदै जान थाल्यो, जुन क्रम अहिले पनि निरन्तर छ ।

नेपालको सन्दर्भलाई हेर्ने हो भने अधिकार र कर्तव्यका विषय पनि प्राचीनकालदेखि कुनै न कुनै रूपमा उठ्दै आएका थिए र उठिरहेका छन् । संवैधानिक रूपमा मानव अधिकारको सवाललाई नेपाल सरकार वैधानिक कानुन २००४ ( लागु हुन नसकेको) बाट यसको सम्बोधन भएको मान्न सकिन्छ । नेपालको अन्तरिम विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५ मा मौलिक हकका रूपमा मानव अधिकारसँग प्रत्यक्ष/अप्रत्यक्ष जोडिएका कतिपय मुद्दालाई स्थान दिएको पाइन्छ । वि.स. २०१७ को राजनीतिक परिवर्तन पछि मानव अधिकारको सवालहरू ओझेलमा परे । वि.स. २०१९ मा जारी संविधानमा मौलिक हकसम्बन्धी व्यवस्था गरिए पनि व्यवहारमा लागू हुन सकेन, राजनीतिक दलहरू पनि प्रतिवन्धित भए । यसका बावजुद् पनि न्यायिक निकायबाट मानव अधिकारको संरक्षण एवम् संवर्द्धन हुने प्रकृतिका कतिपय विशेष फैसलाहरू भएको पाइन्छ । यसबाट मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा एक हदसम्म टेवा पुगेको थियो । यस अवधिमा प्रजातन्त्र र मानव अधिकारका लागि भनी राजनीतिक दल, तिनका भातृ सङ्गठन, पेशागत र व्यवसायिक सङ्घ-सङ्गठनहरूबाट विभिन्न स्वरूपमा आन्दोलनहरू भएको पाइन्छ । वि.स. २०४६ को जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्यपछि मुलुक खुला परिवेशमा प्रवेश गर्न पुग्यो । वि.स. २०४७ कार्तिक २३ मा जारी नेपाल अधिराज्यको

संविधान, २०४७ को प्रस्तावनामा पहिलो पटक मानव अधिकार शब्दावली समावेश गरियो । नेपालको अन्तरिम संविधान, २०६३ र मौजुदा संविधानमा पनि यसलाई निरन्तरता दिइएको छ । नेपालको संविधानको मौलिक हकसम्बन्धी भागमा विगतका संविधानमा उल्लिखित राजनीतिक अधिकारको साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । मौलिक अधिकारको प्रचलनमा अवरोध आएको खण्डमा अदालतको असाधारण क्षेत्राधिकारमार्फत न्यायिक उपचार प्राप्तिको स्पष्ट व्यवस्था संविधानमा नै गरिएको छ । यसको साथै संविधानमा नै नागरिकका कर्तव्य समेतलाई किटान गरिएको छ । सन् १९४६ देखि नै संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्मा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको आवश्यकताको सम्बन्धमा विभिन्न तह र चरणमा छलफल सम्पन्न भएको थियो । अन्ततः निकै लामो प्रयत्नपछि सन् १९९१ को संयुक्त राष्ट्रसङ्घको आह्वानमा पेरिसमा सम्पन्न बृहत् अन्तर्राष्ट्रिय सम्मेलनले मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको क्षेत्राधिकार तथा दक्षतासहितको स्थापनार्थ यस मुद्दालाई सन् १९९३ को महासभाले मूर्तरूप दियो । सम्मेलन मार्फत सदस्य राष्ट्रहरूलाई राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी संस्थाहरू स्थापनाको लागि विशेष आग्रह गरिएको थियो । त्यस प्रकृतिका संस्थाहरूको चरित्र स्वतन्त्र, स्वायत्त, सक्षम, बहुलतामा आधारित हुनुपर्ने लगायतका प्रावधान समावेश गरिएको थियो, जसलाई पेरिस सिद्धान्त पनि भनिन्छ । वि.स. २०४६ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापना पश्चात् मानव अधिकारसम्बन्धी चर्चा-परिचर्चा भए पनि राज्यको तहमा राष्ट्रिय संस्थाको स्थापना सम्बन्धी मुद्दा प्राथमिकतामा पर्न सकेन । विशेषतः अधिकारकर्मी, कानुन-व्यावसायी, सञ्चारजगत्, नागरिक समाज, बौद्धिक समुदाय तथा पेसागत सङ्घसंस्थाहरू मानव अधिकार आयोग स्थापनार्थ सक्रिय हुन पुगे । मुद्दामा केन्द्रित रही बहस, छलफल, अन्तरक्रियाको साथै दबाबमूलक कार्यक्रमहरूसमेत आयोजना हुन थाले । अन्ततः तत्कालीन प्रतिनिधिसभाका माननीय सदस्यबाट पेस भएको निजी (प्राइभेट) विधेयकले ऐनको रूपमा आएपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो । सरकारी उदाशीनताको कारण ऐन जारी भएको करिब ४ वर्षसम्म पनि आयोग गठन हुन सकेन । शान्तिपूर्ण आन्दोलन, सञ्चारमाध्यमको खबरदारी, अन्तर्राष्ट्रिय समुदायको चासो, सरोकार दबाब निरन्तर चली नै रह्यो । विविध प्रयत्नका बावजुद् पनि आयोग स्थापना हुन नसकेपछि आयोग गठनको माग गर्दै सम्मानित सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको रिट दर्ता भई आयोग गठनको लागि परमादेश जारी भयो । अन्ततः २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना हुन पुग्यो । मानव अधिकार आयोग ऐन २०५३ द्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गरियो । नेपालको संविधानले उक्त व्यवस्थालाई निरन्तरता दिएको छ । संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी नियुक्ति र कार्यादेश तोकिएको छ । [१]

१ https://www.nhrcnepal.org/uploads/publication/Summary_annural_report_2079.pdf

आयोगको स्थापनासँगै क्षेत्रीयस्तरमा समेत मानव अधिकार संरक्षण, संम्वर्द्धनको क्षेत्रमा आयोगको पहुँच विस्तारका लागि २०६२ साल वैशाख २१ गते पोखरामा आयोगको क्षेत्रीय कार्यालय स्थापना भएको थियो । हाल आयोगको यस कार्यालय गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्लामा मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यमा निरन्तर क्रियाशील रहेको छ। आयोगले तर्जुमा गरेको छैठौं रणनीतिक योजना (२०२१-२०२६) ले **"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार"** भन्ने अवधारणालाई स्थानीय तहसम्म पुऱ्याउन सदैव सरोकारवालासंग समन्वय र सहकार्य गर्दै अगाडि बढेको छ ।

## १.२ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने दायित्व सुम्पिएको छ । मानव अधिकारको संवर्द्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ । राज्यले यस दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोगले संविधान र ऐनमा उल्लिखित कार्यदेशभित्र रही राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रही आयोगबाट मानव अधिकार संरक्षण/संवर्द्धन, मानव अधिकारमैत्री कानुन लगायतका कार्यमा केन्द्रित हुदै आएको छ । संरक्षणअन्तर्गत उजुरी ग्रहण, अनुगमन, उजुरीमाथि अनुसन्धान, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिस लगायतका कार्यहरू हुने गर्दछन् । मानव अधिकारको संवर्द्धनका सम्बन्धमा आयोगबाट एकल र सङ्घ संस्थाहरूको सहकार्यमा पनि कार्यक्रमहरू सम्पादन गरिन्छ। सहकार्य अर्न्तगत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा आवश्यकता एवम् विषयवस्तुको गाम्भीर्यताको आधारमा समेत कार्यक्रमहरू सम्पन्न भएका छन् । यसमा सचेतना अभिवृद्धि, छलफल, बैठक, तालिम, प्रशिक्षण, गोष्ठी तथा सभा-सम्मेलन, भ्रमण/अनुभव आदानप्रदान, प्रकाशन/प्रसारण, प्रेसविज्ञप्ति विधि अवलम्बन गरिन्छ। मानव अधिकारमैत्री कानुन निर्माणमा पनि आयोगको भूमिका रहेको छ । मानव अधिकारसँग सम्बन्धित कानुन निर्माण, पुनरावलोकन र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिसहरू गर्ने दायित्व आयोगलाई रहेको छ ।[२]

नेपालको संबिधानको धारा २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । जसमा मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य पनि हो ।[३] त्यसको लागि आयोगले निम्न कार्यहरु गर्दै आईरहेको छ :

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालना नगरेमा वा

२ उही पेज नं. ७
३ नेपालको संविधान, भाग १५ धारा २४९ ।

जिम्मेवारी पुरा गर्न वा कर्तव्य पालना गर्न उदासिन देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ख) कुनै व्यक्ति वा समुहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानविन तथा अनुसन्धान गरि दोषी उपर कारवाहि गर्न सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको उल्लंघन कर्तालाई बिभागीय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) मानव अधिकारसंग सम्बन्धित प्रचलित कानूनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा सुधार तथा संशोधन गर्नुपर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौंताको कार्यान्वयन भए नभएको अनुगमन गरि कार्यान्वयन नभएको पाईएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरि मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख गर्ने ।

**राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ** [४]

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा वकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसंग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भई रहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

४ नेपालको संविधानको धारा २४९ ।

(घ) मानव अधिकारको उल्लंघनबाट पीडित भएको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

## १.३.संगठनात्मक संरचना

### १.३.१ कूल दरवन्दी र कार्यरत संख्या

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराको भौगोलिक क्षेत्राधिकार अन्तर्गत कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, नवलपरासी (बर्दघाट-सुस्तापूर्व), पर्वत, बागलुङ, म्याग्दी, मनाङ र मुस्ताङ गरी ११ जिल्लाहरु रहेका छन् । उक्त कार्यक्षेत्र भित्र रहेका जिल्लाहरुको मानव अधिकार अवस्थाको सम्बन्धमा अनुगमन तथा मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान लगायत सवैधानिक र कानुनी कार्यादेश बमोजिमको कार्य गर्नको लागि १८ जना कर्मचारीको दरवन्दीको व्यवस्था गरिएको छ । आयोगको गण्डकी प्रदेश कार्यालय पोखरामा हाल कार्यरत र रिक्त दरवन्दी तपसिल बमोजिम रहेको छ ।

| क.सं | तह | पद | कुल दरवन्दी संख्या | हाल कार्यरत संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रथम श्रेणी | सहसचिव | १ | ० | १ | |
| २ | दोस्रो श्रेणी | उपसचिव | १ | १ | ० | |
| ३ | तेस्रो श्रेणी | मानव अधिकार अधिकृत | ६ | ३ | ३ | |
| ४ | नायव सुब्बा | नायव सुब्बा | ३ | १ | २ | |
| ५ | श्रेणीविहिन | सवारी चालक | २ | १ | १ | |
| ६ | श्रेणीविहिन | कार्यालय सहयोगी | २ | २ | ० | |
| ७ | श्रेणीविहिन | सुरक्षा गार्ड | ३ | २ | १ | काजमा सुर्खेत |
| | | जम्मा | १८ | १० | ८ | |

### १.३.२ कार्यरत कर्मचारीहरु

| क्र.स. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | चन्द्रकान्त चापागाई | उपसचिव/कार्यालय प्रमुख | २०७७ मंसिर १४ देखि २०७९ असोज ६ गतेसम्म |
| २ | माया देवी शर्मा | उपसचिव/कार्यालय प्रमुख | २०७९/०६/२४ देखि |
| ३ | खिमलाल सुवेदी | मानव अधिकार अधिकृत/सूचना अधिकारी | |

| | | | |
|---|---|---|---|
| ४ | मोहन काफ्ले | मानव अधिकार अधिकृत | |
| ५ | टंकप्रसाद खनाल | मानव अधिकार अधिकृत | |
| ६ | विनोद परियार | नायव सुब्बा | |
| ७ | हरि तामाङ | सवारी चालक | |
| ८ | देवु खवास | कार्यालय सहयोगी | |
| ९ | वीर बहादुर महतारा | कार्यालय सहयोगी | |
| १० | दामोदर पौडेल | सुरक्षा गार्ड | |
| ११ | गौतम रणपाल | सुरक्षागार्ड | |
| १२ | सिता चौधरी | सुरक्षा गार्ड | सुर्खेत कार्यालय काजमा |

## १.४ शाखा/पद र जिम्मेवारी

| पद | जिम्मेवारी |
|---|---|
| **कार्यालय प्रमूख** | - प्रशासनिक तथा आर्थिक क्रियाकलाप संचालनको लागि अख्तियारी लिने खाता संचालन गर्ने/गराउने ।<br>- उजूरी अनुसन्धान योजना बनाउने क्रममा सम्बन्धित अधिकृतलाई सुझाव दिने ।<br>- अनुसन्धान प्रक्रिया र प्रतिवेदन स्वीकार्य मापदण्ड अनुसार भए/नभएको जाँच गर्ने ।<br>- कार्ययोजना बमोजिम कार्य गर्न आवश्यक मार्गदर्शन गर्ने, मानव अधिकार अवस्थाको निरन्तर अनुगमनका साथै भैपरी आउने र आकस्मिक घट्नाहरुको अनुगमन गर्ने गराउने ।<br>- उजूरी उपर अनुसन्धान सम्पन्न भैसकेको फाइलहरु आफ्नो राय सहितको टिप्पणी उठाई निर्णयको लागि केन्द्रीय कार्यालयमा पेश गर्ने ।<br>- मानव अधिकार सम्वर्द्धनात्मक गतिविधिहरु संचालन गर्ने गराउने ।<br>- प्रदेश स्तरमा मानव अधिकार रक्षकहरु, मानव अधिकारका क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुसँग सम्बन्ध विस्तार र सुदृढीकरणको लागि आवश्यक पहल गर्ने ।<br>- कार्यालयमा संचालित सम्पूर्ण क्रियाकलाप र कार्यक्रमहरुको बारेमा पूर्ण रुपमा जिम्मेवार, जवाफदेही र उत्तरदायी बन्ने ।<br>- सुपरीवेक्षण गरी सम्पूर्ण कर्मचारीहरुलाई आवश्यक दिशा निर्देशन गर्ने ।<br>- दैनिक तथा मासिक प्रतिवेदन तयार गर्न लगाई केन्द्रीय कार्यालयमा पेश गर्ने ।<br>- आवश्यकता अनुसार केन्द्रीय कार्यालय लगायत सरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्ने गराउने । |

| | |
|---|---|
| **अनुसन्धान र अनुगमन शाखा** | - मानव अधिकार उल्लंघनका घटनाहरुको उजूरी ग्रहण गर्ने ।<br>- मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान तथा अनुगमन गर्ने ।<br>- मानव अधिकार उल्लंघनका घटनाहरुमा सम्वन्धित निकायहरुमा पत्राचार, ताकेता, पुनः ताकेता गर्ने ।<br>- उजूरीहरुको अनुसन्धान सम्पन्न गरी निर्णय गर्नुभन्दा पूर्व अनुसन्धानबाट प्राप्त तथ्यहरुको आधारमा  सम्बन्धित पक्षहरुलाई प्रतिक्रियाको लागि पत्राचार गर्ने ।<br>- अनुसन्धान सम्पन्न भैसकेको उजूरीउपर निर्णयको लागि कार्यालय प्रमुख समक्ष राय तथा परामर्शको लागि उजूरी फाइलहरु पेश गर्ने ।<br>- मानव अधिकार प्रवर्द्धनात्मक गतिविधिहरु संचालन गर्ने, आवश्यक समन्वय गर्ने आदि ।<br>- विभिन्न तालिम, गोष्ठी, अन्तरक्रियाहरुमा सहभागी भई मानव अधिकार सम्वर्द्धन र संरक्षणमा सघाउने ।<br>- विभिन्न घटना तथा मानव अधिकार अवस्थाको सम्वन्धमा अनुगमन गर्ने । |
| **उजूरी शाखा :** | - मानव अधिकार उल्लंघन सम्बन्धी उजूरी ग्रहण गर्ने ।<br>- उजूरी कारवाही सम्बन्धी अन्य कार्यहरु गर्ने ।<br>- पीडितहरुलाई अन्य निकायको कार्यक्षेत्र अन्तर्गतका विषयबस्तुहरुको सन्दर्भमा सम्बन्धित निकायमा जानको लागि आवश्यक सहयोग एवं परामर्श प्रदान गर्ने । |
| **सूचना अधिकारी** | - कार्यालयका प्रमुख क्रियाकलापहरुको अद्यावधिक गर्ने ।<br>- अद्यावधिक सूचनाहरु सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम कुनै पनि निकाय वा व्यक्तिलाई उपलब्ध गराउने ।<br>- त्रैमासिक कार्यसम्पादन विवरण प्रकाशन गर्ने । |
| **प्रशासन शाखाः** | - आवश्यक प्रशासनिक चिठीपत्रहरु तयार गर्ने र पठाउने ।<br>- अन्य शाखाहरुबाट माग भएका बस्तु र सेवाको उपलब्ध गराउन पहल गर्ने, आवश्यक समन्वय गर्ने ।<br>- जनशक्ति व्यवस्थापन (कर्मचारी सरुवा, पदपूर्ति र स्वीकृति सम्बन्धि कार्य) हरुको अभिलेख राख्ने ।<br>- कार्यालय व्यवस्थापन, दैनिक प्रशासनिक कार्यहरु संचालन तथा कर्मचारीहरुको विदाको अभिलेखीकरण गर्ने ।<br>- सबै शाखाहरुबाट कार्यालयलाई आवश्यक पर्ने सामानहरुको विवरण माग गरी सामानहरुको खरिद प्रक्रिया अघि वढाउन समन्वय गर्ने ।<br>- चिठीपत्र दर्ता, चलानी र सम्बन्धित शाखामा बुझाउने व्यवस्था गर्ने ।<br>- रेकर्ड फाइल, चिठीको खाम, ब्रोसर्स लगायत विभिन्न सामग्रीहरुको प्रकाशन गर्ने प्रक्रियाको आवश्यक समन्वय गर्ने ।<br>- भण्डार शाखाको संचालन र व्यवस्थापन गर्ने । |

| | |
|---|---|
| | - स्टाफ बैठकको समन्वय गर्ने र माइन्यूट तयार गर्ने ।<br>- अतिथि सत्कारको लागि आवश्यक व्यवस्था गर्ने ।<br>- कार्यालयमा प्राप्त सम्पूर्ण सामग्रीहरुको रेकर्ड राख्ने, चेक जाँच गर्ने ।<br>- प्रशासनिक सुपरिवेक्षण गर्ने । |
| **आर्थिक प्रशासन शाखा** | - कार्यालय प्रमुखको निर्देशनमा रही खाता संचालन गर्ने गराउने ।<br>- को.ले.नि.का.संग समन्वय गर्ने ।<br>- कर्मचारीहरुलाई तलव भत्ता वितरण गरी अभिलेख राख्ने ।<br>- पेश्की दिने,फछ्र्यौट गर्ने तथा उक्त कार्य गर्दा आवश्यक कागजातहरु मिले नमिलेको चेकजाँच गरी सम्बन्धित अधिकारीलाई नपुग कागजातहरु माग गर्न सूचित गर्ने ।<br>- आन्तरीक तथा वाह्य लेखापरीक्षण कार्यमा समन्वय गर्ने ।<br>- कार्यालयको कामको शिलशिलामा रकम अभाव भए केन्द्रीय कार्यालयको आर्थिक व्यवस्थापन महाशाखासंग आवश्यक समन्वय गर्ने ।<br>- आर्थिक कारोवारको लेखा राख्ने ।<br>- आर्थिक अनुशासन कायम गर्ने ।<br>- वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरुबाट पर्न जाने वित्तीय असरको अभिलेखन गर्ने ।<br>- आर्थिक प्रतिवेदन तयार गरी पेश गर्ने । |
| **सूचना प्रविधि र मानव अधिकार स्रोत केन्द्र** | - आयोगको कार्यलाई प्रभावकारी बनाउन सूचना प्रविधिलाई चुस्त दुरुस्त राख्ने ।<br>- सूचना प्रविधि सम्बन्धी विषयमा सुझाव दिने ।<br>- सूचना प्रविधि उपकरणहरुको रेखदेख, संचालन र संभारमा ध्यान दिने र आवश्यक समन्वय गर्ने ।<br>- मानव अधिकार स्रोत केन्द्र व्यवस्थापन गर्ने ।<br>- केन्द्रीय कार्यालयबाट प्राप्त भएका मानव अधिकार सम्बन्धी विभिन्न पाठ्यपुस्तकहरुको संरक्षण तथा अभिलेखन गर्ने ।<br>- प्रकाशनहरुको वितरण र पत्राचार गर्ने । |
| **सुरक्षा गार्ड कक्ष** | - कार्यालयको सुरक्षा गर्ने तथा  सुरक्षा सजगता सम्बन्धी जानकारी दिने ।<br>- मानव अधिकार हनन् र सुरक्षा स्थितिको समीक्षा गर्ने ।<br>- सुरक्षा सम्बन्धी सल्लाह सुझाव प्रदान गर्ने ।<br>- सुरक्षाका अन्य कामहरु सम्पादन गर्ने । |

# गण्डकी प्रदेश कार्यालयबाट सम्पादित गतिविधिहरू

## २.१.संरक्षण सम्बन्धी कार्यहरु

### २.१.१ उजूरी ग्रहण

आ.व. २०७९/८० मा यस गण्डकी प्रदेश कार्यालयमा मानव अधिकार उल्लंघन भएको भनी ३ वटा उजूरीहरु दर्ता भएका छन् । यस आ.ब.मा २२ वटा उजूरीहरु उपर अनुसन्धान सम्पन्न भएको छ भने गत आ.व.मा अनुसन्धान सम्पन्न भएका समेत गरी ५५ वटा उजूरी फाइलहरु आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाईएका छन् । यस कार्यालयमा स्थापनाकालदेखि यस आ.व.सम्म कूल ११०९ वटा उजूरीहरु (विस्तृत विवरण अनुसूचि १ मा राखिएको) दर्ता भएकोमा अनुसन्धान चालु अवस्थामा रहेका बाँकी उजूरीहरुको संख्या १४७ वटा रहेका छन् । (विस्तृत विवरण अनुसूची-३ मा राखिएको छ)

### २.१.२ यस आ.ब मा यस कार्यालयमा दर्ता हुन आएका उजूरीहरुको विवरण ।

| क.सं | महिना | उजूरीको विषय | संख्या |
|---|---|---|---|
| १. | साउन | यातना | १ |
| २. | भदौ | दर्ता नभएको | |
| ३. | असोज | **बाल अधिकार** | १ |
| ४. | कार्तिक | दर्ता नभएको | |
| ५. | मंसीर | दर्ता नभएको | |
| ६. | पौष | **अमानवीय व्यवहार** | १ |
| ७. | माघ | दर्ता नभएको | |
| ८. | फागुन | दर्ता नभएको | |
| ९. | चैत | दर्ता नभएको | |
| १०. | वैशाख(२०८०) | दर्ता नभएको | |
| ११. | जेठ | दर्ता नभएको | |
| १२. | असार | दर्ता नभएको | |
| **जम्मा** | | | ३ |

### २.१.३ पीडित उपर परामर्श सेवाः

आयोगको क्षेत्राधिकारभित्र नपर्ने विषय समेत लिएर कतिपय पीडितहरु कार्यालयमा आउने गरेको पाईन्छ । त्यस्ता पीडितहरुलाई यस कार्यालयबाट उचित परामर्श दिई सम्बन्धित निकायमा कानूनी उपचारको लागि जान सल्लाह दिने गरिएको छ । यस अवधिमा मानव अधिकार उल्लंघन भएको भनी कार्यालयमा

आउने २५ जना पीडितलाई परामर्श सेवा प्रदान गरिएको छ । घरेलु हिंसा, आर्थिक अभावमा उपचार समस्या भएको, सम्पत्तिको अधिकारबाट वञ्चित गरेको, बाबुले हेरविचार नगरेका कारण बालबच्चाको पालन पोषणमा समस्या भएको, श्रीमानले खान लाउन नदिएको र बेवास्ता गरेको जस्ता समस्या लिएर आउने पीडितहरुलाई आवश्यक परामर्श दिई सम्बन्धित निकायमा कानूनी उपचारका लागि जान सल्लाह दिइएको थियो । त्यसैगरी, मानसिक स्वास्थ्य सम्बन्धी विभिन्न घटनाहरुमा आयोग र अन्य संघसंस्थावाट संयुक्त अनुगमन, सुरक्षा, मनोविमर्श सेवा, उद्धार, उपचार र पुनर्स्थापनाको लागि समेत पहल गरिएको थियो ।

### २.१.४ अनुसन्धान

यस आ.ब को वार्षिक कार्ययोजनामा ६ वटा अनुसन्धान मिसन सम्पन्न गर्ने लक्ष्य राखिएकोमा ४ वटा अनुसन्धान मिसन सम्पन्न भई विभिन्न विषयका २२ वटा उजूरीहरुको अनुसन्धान कार्य सम्पन्न भएको छ । विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क. सं | अनुसन्धान मिति | उजुरीको विषय/अनुसन्धान सम्पन्न संख्या | जिल्ला | अनुसन्धान टोली |
|---|---|---|---|---|
| १ | २०७९/५/१९ देखि २५ सम्म | बाल अधिकार १<br>सुरक्षाकर्मीबाट हत्या १<br>प्रहरीबाट कुटपिट १ | गोरखा | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| २ | डेस्क अनुसन्धान २०७९/६/३० र २०७९/७/२ | न्याय प्रशासन १<br>यातना १ | पर्वत र बागलुङ | मानव अधिकार अधिकृत खिमलाल सुवेदी |
| ३ | २०७९/९/१ देखि ऐ.७ गते सम्म | न्याय प्रशासन २<br>वेपत्ता १<br>घाइते अंगभंग १<br>महिला अधिकार १ | पर्वत र कास्की | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंक प्रसाद खनाल |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७९/१२/२४ देखि ऐ. ३० गतेसम्म | न्याय प्रशासन (बालअधिकार) सम्बन्धी -१<br>न्याय प्रशासन (बालगृहमा मृत्यु) सम्बन्धी -१<br>बलअधिकार (अमानवीय व्यवहार) -१<br>प्रहरीबाट कुटपिटा-१<br>तत्कालिन माओवादीबाट अपहरण-१<br>बेपत्ता-१ | स्याङजा र कास्की | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ५ | २०८०/०३/०८ गतेदेखि ऐ. १४ गते सम्म | तत्कालिन माओवादीबाट अपहरण-१<br>सम्पत्तीको अधिकार-१<br>सुरक्षाकर्मीबाट हत्या-१<br>बेपत्ता-३ | गोरखा र लमजुङ | मानव अधिकार अधिकृतद्धय मोहन काफ्ले र टंक प्रसाद खनाल |
| | **जम्मा उजुरी अनुसन्धान** | **२२** | | |

**२.१.५ राष्ट्रिय मानव अधिकार आयोगबाट भएका निर्णय विवरण :**

यस कार्यालयबाट विभिन्न उजूरीहरु उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजूरी फाइलहरुमा यस आ.व.मा तपसील बमोजिम ७ वटा उजूरी फाइलहरु उपर आयोगवाट निर्णय भएको छ ।

| कार्यालय | सिफारिस संख्या | | तामेली | खारेज | जम्मा फछ्र्यौट संख्या | पुनः पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| **गण्डकी प्रदेश कार्यालय पोखरा** | | ५ | १ | ० | ५ | १ | ७ |
| **जम्मा निर्णय :** | ० | ५ | १ | ० | ५ | १ | **७** |

## २.२. अनुगमन

कार्यालयले यस आ.व.मा वार्षिक कार्ययोजनामा समावेश भएका तथा आकस्मिक समेत गरी विभिन्न विषयमा १८ पटक अनुगमन गरेको छ । अनुगमनको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र. सं. | अनुगमन गरिएको जिल्ला | मिति | अनुगमन विषय | अनुगमन टोलीको नामावली |
|---|---|---|---|---|
| | कास्की | २०७९/६/२३ | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको उम्मेदवारी मनोनयन दर्ता कार्यक्रमको अनुगमन | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| १. | कास्की | २०७९/६/२३ | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको उम्मेदवारी मनोनयन दर्ता कार्यक्रमको अनुगमन | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| २ | कास्की, तनहुँ र स्याङ्जा | २०७९/०७ /१७ देखि २३ सम्म | निर्वाचन र मानव अधिकारको अवस्था आकस्मिक अनुगमन | मायादेवी शर्मा कार्यालय प्रमुख, टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| | स्याङ्गजा, वालिङ | २०७९/८/८ | निर्वाचनपश्चात्को मानव अधिकार अवस्था अनुगमन (स्याङ्जा क्षेत्र नं. २ मा मतगणना स्थगित भएको विषयमा) | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| ३. | रुकुम (पूर्व), बागलुङ र पर्वत | २०७९/७/२९ देखि २०७९/८/५ सम्म | प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनको मानव अधिकारको दृष्टिकोणबाट अनुगमन | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ४ | स्याङ्गजा, वालिङ | २०७९/८ /८ | निर्वाचनपश्चात्को मानव अधिकार अवस्था अनुगमन (स्याङ्जा क्षेत्र नं. २ मा मतगणना स्थगित भएको विषयमा) | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| ५ | नवलपरासी (सुस्ता पुर्व) | २०७९/९/२४ देखि २०७९/ ९/३० सम्म | प्रकोप तथा महामारीमा मानव अधिकारको अवस्था सम्बन्धी अनुगमन | मायादेवी शर्मा, कार्यालय प्रमुख खिमलाल सुवेदी, मानव अधिकार अधिकृत |

| | | | | |
|---|---|---|---|---|
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा, कास्की | २०७९/९/५ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका आवासीय चिकित्सकको मृत्यु पश्चात् विभिन्न माग राखी सेवा अवरुद्ध गर्ने विषयका सम्बन्धमा | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| ७ | घटनास्थल एंव अस्पताल पोखरा, कास्की | २०७९/१०/२ | विपद र मानव अधिकार (यति एयरलायन्सको पोखरामा भएको दुर्घटना सम्बन्धमा) | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| ८ | जिल्ला प्रहरी कार्यालय, कास्की | २०७९/९/१९ | हिरासतमा लिने क्रममा र लिएपछि यातना/दुर्व्यवहार/अमानविय व्यवहारका विषय | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ९ | जिल्ला कारागार कास्की | २०७९/११/३ | कारागारमा मानव अधिकारको अवस्था | मायादेवी शर्मा, कार्यालय प्रमुख र मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| १० | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा, कास्की | २०७९/११/१० | विस्फोटमा २ जना वालवालिका घाइते भएको विषय | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| ११ | जिल्ला प्रहरी कार्यालय, कास्की र संचार माध्यम डेस्क अनुगमन | २०७९/१२/१९ | माछापुच्छ्रे गा.पा.५ रिभानमा भएको विभेदको घटनाको अनुगमन | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| १२ | वालसुधार गृह सराङकोट, कास्की | २०७९/११/२२ | वालसुधार गृहमा रहेका वालकहरुको मानब अधिकार अवस्था अनुगमन | मायादेवी शर्मा, कार्यालय प्रमुख र मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |

| | | | | |
|---|---|---|---|---|
| १३ | जिल्ला समन्वय समिति, बागलुङ | २०८०/१/९ देखि २०८०।१।११ सम्म | पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यन्वयनको अवस्था सम्बन्धमा अनुगमन तथा सहजीकरण | खिमलाल सुवेदी,मानव अधिकार अधिकृत |
| १४ | तनहुँ | २०८०/१/६ देखि २०८०/१/७ सम्म | आकस्मिक अनुगमन (निर्वाचन पूर्वको अनुगमन) | मायादेवी शर्मा, कार्यालय प्रमुख र टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| १५ | तनहुँ | २०८०/१/९ देखि २०८०/१/१२ सम्म | आकस्मिक अनुगमन (उपनिर्वाचन अनुगमन | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| १६ | तनहुँ, नवलपरासी, कास्की | २०८०/१/२८ देखि २०८०।२।३ सम्म | श्रमिकको मानव अधिकार अवस्था अध्ययन/अनुगमन | मानव अधिकार अधिकृतद्वय मोहन काफ्ले र टंकप्रसाद खनाल |
| १७ | म्याग्दी, वेनी न.पा. रघुगंगा मंगला गा.पा. मालिका गा.पा | २०८०/२/१७ देखि २०८०।२।२३ सम्म | पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यन्वयनको अवस्था सम्बन्धमा आकस्मिक अनुगमन | मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले |
| १८ | बागलुङ | २०८०/२/३२ देखि २०८०/३/६ सम्म | उपभोक्ता तथा खाद्य अधिकार अवस्थाको अनुगमन | मानव अधिकार अधिकृतत्रय खिमलाल सुवेदी, मोहन काफ्ले र टंकप्रसाद खनाल |

### २.३. प्रवर्द्धनात्मक कार्यक्रम

| क्र. सं | जिल्ला/ स्थान | मिति | कार्यक्रमको विषय | कार्यक्रमको आयोजक |
|---|---|---|---|---|
| १ | कास्की, पोखरा | २०७९/५/१ | मानव अधिकार, मानसिक स्वास्थ्य र आत्महत्या रोकथाम सम्बन्धी सुरक्षाकर्मीको लागी अभिमुखीकरण | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा र कोशिस नेपाल |

| | | | | |
|---|---|---|---|---|
| २ | कास्की, पोखरा | २०७९/७/२४ | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिले नेपाल सम्बन्धी मुद्दाहरुमा गरेको निर्णयहरुको कार्यान्वयन अवस्थाका विषयमा छलफल | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा र ह्युमन राईट्स एण्ड जस्टिस सेन्टर |
| ३ | कास्की, पोखरा | २०७९/८/२४ | ७४औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा प्रभातकारी सहित शुभकामना मन्तव्यको कार्यक्रम | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |
| ४ | कास्की, पोखरा | २०७९/९/१४ र १५ | अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहूँचका अवरोधहरु पहिचान तथा समावेशी न्यायिक प्रणाली सम्बन्धी कार्यशाला | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा र राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश, पोखरा |
| ५ | कास्की, पोखरा | २०७९/१०/२४ | गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य र मानव अधिकार सम्बन्धी नीति, योजना, कार्यक्रम र कार्यान्वयनको अवस्था र भावी योजना सम्बन्धी कार्याक्रम | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा र कोशिस नेपाल |
| ६ | कास्की, पोखरा | २०८०/२/१३ | राष्ट्रिय मानव अधिकार आयोगको २३ औं बार्षिकोत्सव समारोह | राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा |

## २.४ आन्तरिक तथा बाह्य तालिम र बैठकसम्बन्धी विवरण

| क्र.स. | बैठक/कार्यक्रम | सहभागीको नाम तथा कार्यालय | तालिमको अवधि (मिति र दिन समेत) |
|---|---|---|---|
| १. | व्यवसाय र मानव अधिकार, बैंकक, थाइल्याड | मायादेवी शर्मा, कार्यालय प्रमुख | २०८०/२/२२ देखि २०८०/२/२६ सम्म |

**२.५ सञ्चार माध्यमहरुमा सहभागिता :**

| क.स | कार्यक्रमको विषय | मिति | सञ्चार माध्यमको नाम | सहभागी कर्मचारी |
|---|---|---|---|---|
| १ | मानसिक स्वास्थ्य र मानव अधिकार रेडियो संवाद कार्यक्रम | २०७९/०४/०९ | रेडियो अन्नपूर्ण | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत |
| २ | विश्व मानसिक स्वास्थ्य दिवसको सन्दर्भमा रेडियो अन्तरवार्ता | २०७९/०६/२४ | रेडियो साराङ्गकोट | कार्यालय प्रमुख मायादेवी शर्मा |
| ३ | लैङ्गिक हिंसा विरुद्धको अभियानका क्रममा प्रश्न उत्तर खोज्ने कार्यक्रम | २०७९/०८/१९ | सिटी वान टिभी | मायादेवी शर्मा कार्यालय प्रमुख |
| ४ | लैङ्गिक हिंसा न्यूनीकरणमा सरोकार वालाहरुको भूमिका | २०७९/०८/२१ | रेडियो बाराही | मायादेवी शर्मा कार्यालय प्रमुख |

**२.६.अन्य निकायले संचालन गरेको तालिम/कार्यक्रममा सहभागिता**

| क्र. स. | तालिम/कार्यक्रमको विषय | संचालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिने सहभागीको नाम | तालिम/ कार्यक्रमको अवधि (मिति र दिन समेत) |
|---|---|---|---|---|
| १ | मानव अधिकारकर्मी, सुरक्षाकर्मी, नागरिक समाज, सञ्चारकर्मीका लागि मानव अधिकार विषय प्रशिक्षण कार्यक्रम | नेपाल मानव अधिकार संगठन केन्द्रीय कार्यालय, काठमाडौं | कार्यालय प्रमुख चन्द्रकान्त चापागाई | २०७९/०४/०२ |
| २ | नेपालको संविधानबमोजिम नागरिकता सम्बन्धी कानुनी व्यवस्था सम्बन्धमा सरोकारवालासंगको अन्तरक्रिया | नागरिक संवाद केन्द्र, गण्डकी प्रदेश कार्यालय,पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०४/०२ |
| ३ | मानव वेचविखन नियन्त्रण सम्बन्धी प्रशिक्षण कार्यक्रम | शुभ अवसर ग्राम नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०४/९ र १० |

| | | | | |
|---|---|---|---|---|
| ४ | वार्षिक प्रतिवेदन, टिआरसी विधेयक आ.व ०७८/०७९ को समीक्षा सम्बन्धी कार्यक्रम (जुम मार्फत) | राष्ट्रिय मानव अधिकार आयोग के.का. | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०४/१० |
| ५ | अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँच (जुम मार्फत) | राष्ट्रिय अपाङ्ग महासंघ केन्द्रीय कार्यालय | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०४/१३ |
| ६ | शान्ति सुरक्षा र दिगो विकास अन्तरक्रिया | कोपिला नेपाल | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०४/२० |
| ७ | जनजाति महिलाको बर्तमान अवस्था र शसक्तिकरणका लागि खेल्नुपर्ने भूमिका | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ गण्डकी समन्वय परिषद | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०४/२० |
| ८ | प्रहरी जवान आधारभूत तालिमको सन्दर्भमा मानव अधिकार विषयक अन्तरक्रिया | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०४/२१ |
| ९ | मानसिक स्वास्थ्य र मानव अधिकार सम्बन्धी स्वास्थ्यकर्मीहरुका लागि अन्तरक्रिया | कोशिष नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०४/२५ |
| १० | दलित शसक्तिकरणका सम्बन्धमा बनेको विधेयक २०७९ माथि छलफल अन्तरक्रिया | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०४/३० |
| ११ | मानव अधिकार, मानसिक स्वास्थ र आत्महत्या रोकथाम सम्बन्धी सुरक्षाकर्मीलाई अभिमुखिकरण | कोशिष नेपाल र समन्वय रा.मा.अ.आ पोखरा | चन्द्रकान्त चापागाई, कार्यालय प्रमुख र खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०५/०१ |
| १२ | सामाजिक सुरक्षा विषयक स्थानीय तहका कर्मचारी तथा पदाधिकारीलाई अभिमुखिकरण | शान्तिका लागि साझा अभियान कोक्याप गण्डकी | टकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०५/०७ |

| | | | | |
|---|---|---|---|---|
| १३ | लैङ्गिक हिंसा सम्बन्धी अन्तरक्रिया | मानव अधिकारका लागि महिला, एकल महिला समूह कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०५/१२ |
| १४ | संक्रमणकालिन न्याय सम्बन्धी प्रस्तावित संशोधन विधेयक २०७९ विषयमा सम्वाद | वकालत मञ्च पोखरा | चन्द्रकान्त चापागाई, कार्यालय प्रमुख | २०७९/०५/१३ |
| १५ | मानवअधिकार रक्षकको संरक्षण र सम्बर्द्धनमा सरोकारवालाको भूमिका | इन्सेक पोखरा | चन्द्रकान्त चापागाई, कार्यालय प्रमुख | २०७९/०५/१३ |
| १६ | मानवअधिकार रक्षकको संरक्षण र सम्बर्द्धनमा आयोगको भूमिका | इन्सेक पोखरा | चन्द्रकान्त चापागाई, कार्यालय प्रमुख | २०७९/०५/१३ |
| १७ | तेस्रो लिङ्गीको मानव अधिकार र नागरिकता सम्बन्धमा सरोकारवालासंगको अन्तरक्रिया | नागरिक सम्वाद केन्द्र गण्डकी प्रदेश | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०५/१० |
| १८ | निजामति सेवा दिवस २०७९ मुल समारोह | प्रदेश सरकार, आन्तरिक मामिला मन्त्रालय गण्डकी | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७९/०५/२२ |
| १९ | आत्महत्याको अवस्था र रोकथामका उपायहरु अन्तरसम्वाद कार्यक्रम | कोपिला नेपाल | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७९/०५/२५ |
| २० | महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी १९७९को आवधिक प्रतिवेदन तयारी परामर्श | राष्ट्रिय महिला आयोग | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०५/२७ |
| २१ | मानव अधिकारको विषयमा नेपाली सेनाका अधिकृत, पदिक र अन्य दर्जाका कर्मचारीलाई तालिम | नेपाल सरकार रक्षा मन्त्रालय, नेपाली सेना मध्य कमाण्ड हेडक्वटर पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७९/०५/२७ |

| | | | | |
|---|---|---|---|---|
| २२ | जेन्डर,डिसिएविलिटी एण्ड डेभलभमेन्ट इन्स्टिच्युट अन्तरक्रिया | स्वावलम्बन जीवन पद्धती केन्द्र,पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७९/०५/२८ |
| २३ | संघीय संसदमा कानुन निर्माणका चुनौतिहरु | नेपाल कानुन समाज काठमाडौं | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०६/०१ |
| २४ | मानव अधिकार रक्षकको अवस्था सम्बन्धी प्रदेशस्तरीय छलफल | इन्सेक पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०६/०२ |
| २५ | यौनिक तथा लैङ्गिक अल्पसंख्यक लक्षित समान प्रतिनिधित्वको अधिकार विषयक छलफल | नील हिरा समाज काठमाडौं | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०६/०५ |
| २६ | २२औं वार्षिक साधारण सभामा विशेष अतिथिको आतिथ्यता | कोपिला नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०६/०८ |
| २७ | साँस्कृति पर्वहरुको सवालमा शुभकामना आदान प्रदान कार्यक्रम | जनअधिकार संरक्षण समिति पोखरा | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०६/०८ |
| २८ | सुनास पोखराको १६ औं साधारण सभा तथा आठौं अधिकवेशन समारोह | सुशासनका लागि नागरिक समाज कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०६/१० |
| २९ | पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था | इन्सेक पोखरा | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०६/१३ |
| ३० | यौनिक तथा लैङ्गिक अल्पसंख्यक लक्षित समान प्रतिनिधित्वको अधिकार विषयकमा सरोकारवाला वीच छलफल | नौलो विहानी पोखरा | मोहन काफ्ले,मानव अधिकार अधिकृत | २०७९/०६/१३ |
| ३१ | जलबायू परिवर्तन र शासन अन्तरसम्वाद कार्यक्रम | अन्नपूर्ण मिडिया ग्रुप | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०६/१३ |

| | | | | |
|---|---|---|---|---|
| ३२ | विश्व मानसिक स्वास्थ्य दिवस कार्यक्रम, मानसिक स्वास्थ्य र मानव अधिकार अवस्था | कोपिला नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०६/२४ |
| ३३ | राजनीतिक दलसंग दलित महिला सवाल अन्तरक्रिया | दलित महिला संघ फेडो कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०६/२६ |
| ३४ | ५८ औं अन्तर्राष्ट्रिय सेतो छडि सुरक्षा दिवस कार्यक्रम | नेपाल नेत्रहिंन संघ कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७९/०६/२९ |
| ३५ | बलबालिकाको जन्मदर्ता सम्बन्धमा देखिएका समस्या सम्बन्धमा प्रादेशिक परामर्श | हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च प्रा.लि | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०७/०१ |
| ३६ | बाल संरक्षणमा स्थानीय तथा प्रदेश सरकारको भूमिका छलफल कार्यक्रम | सिविन नेपाल | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०७/०३ |
| ३७ | अपांगता भएका व्यक्तिको राजनीतिक अधिकार र निर्वाचनमा पहुँच विषयक अन्तरक्रिया कार्यक्रम | स्वावलम्बन जीवन पद्धती केन्द्र, पोखरा | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०७/०४ |
| ३८ | यातना पीडितहरुका सवालमा सरोकारवालाको भूमिका | कोपिला नेपाल | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०७/०६ |
| ३९ | महिला मानव अधिकार रक्षक सञ्जालको १४ औं साधारण सभा तथा १० औं अधिवेशन | महिला मानव अधिकार रक्षक सञ्जाल कास्की | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०७/०६ |
| ४० | दलित महिला दृष्टिकोणबाट स्थानीय सरकारको योजना, बजेटको अनुगमन गर्ने वार्षिक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम | दलित महिला संघ फेडो कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०७/१४ |
| ४१ | मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको अधिकार प्रचलनको अवस्था विषयक अन्तरक्रिया | कोपिला नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०७/१८ |

| | | | | |
|---|---|---|---|---|
| ४२ | सवल लोकतन्त्रका लागि निष्पक्ष, स्वच्छ र स्वतन्त्र निर्वाचन विषयक अन्तरक्रिया | सयपत्री समाज, पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०७/१९ |
| ४३ | अपाङ्गता भएका महिलाको राजनीतिक अधिकार र सञ्चारमाध्यमको भूमिका छलफल कार्यक्रम | स्वाबलम्बन जीवन पद्धती केन्द्र पोखरा | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०७/२५ |
| ४४ | बाल अधिकार सम्बन्धी पुरक प्रतिवेदनमा बालक माथि हुने यौन हिंसा विषयक नाागरिक समाजसंग छलफल | एसडिजी स्टुडियो | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०८/०८ |
| ४५ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुरुवात तथा प्रभात फेरी कार्यक्रम | शिक्षा संस्कृति, विज्ञान प्रविधी तथा सामाजिक विकास मन्त्रालय | मायादेवी शर्मा कार्यालय प्रमुख खिमलाल सुवेदी, मा.अ.अधिकृत, विनोद परियार, सहायक प्रथम तथा वीरबहादुर महतारा कार्यालय सहयोगी | २०७९/०८/०९ |
| ४६ | बाल अधिकार सम्बन्धी महासन्धीको छैठौ र सातौं आवधिक पुरक प्रतिवेदनको मस्यौदामाथि छलफल | सिजप तथा जेवाइसिएन नेपाल | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०८/०९ |
| ४७ | निर्वाचनको समीक्षा तथा लैङ्गिक हिंसा न्यूनिकरण विषयक छलफल | नेपाल पत्रकार महासंघ कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०८/१६ |
| ४८ | आवासिय बाल गृहहरुको कार्यढाँचा र विद्यमान बाल संरक्षण तथा मानव वेचविखन सम्बन्धी कानुनमा रहेको अन्तरको पहिचान प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रम | कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र सेलर्ड | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०८/१६ |

| | | | | |
|---|---|---|---|---|
| ४९ | लैङ्गिक हिंसा न्यूनिकरणमा मिडिया र सरोकारवाला निकायको भूमिका | फिमिडिया नेटवर्क र नेपाल पत्रकार महासंघ कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०८/१८ |
| ५० | लैङ्गिक हिंसा विरुद्धको कानुनी अभिमुखिकरण कार्यक्रम | फेडो कास्की | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०८/९ |
| ५१ | महिला र पुरुषवीच लैङ्गिक हिंसा, मानसिक स्वास्थ्य समस्या र सेवामा पहुँचको ज्ञान र कमाई सर्वेक्षण नतिजा सार्वजनिक कार्यक्रम | कोपिला नेपाल | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०८/१३ |
| ५२ | लैङ्गिक हिंसा विरुद्धको अभियानका क्रममा प्रश्न उत्तर खोज्ने कार्यक्रम | सिटी वान टिभी | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०८/१९ |
| ५३ | रक्तदान कार्यक्रम | आयोग तथा अन्य संघ संस्थाको समन्वयमा | मायादेवी शर्मा<br>खिमलाल सुवेदी<br>मोहन काफ्ले<br>टंकप्रसाद खनाल<br>विनोद परियार<br>पासाङ्ग लामा | २०७९/०८/२२ |
| ५४ | आत्महत्या रोकथामका लागि संवेदनशील मिडिया निर्देशिका २०७९ छलफल | नेपाल पत्रकार महासंघ र कोशिस नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०८/२८ |
| ५५ | नीति निर्माणकर्ताहरुसंग समन्वय वैठक तथा सुझाव संकलन कार्यक्रम | दलित महिला संघ फेडो कास्की | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/०८/२६ |
| ५६ | मनोरञ्जन क्षेत्रको प्रभावकारी व्यवस्थापन विषयक कार्यशाला गोष्ठी | शिक्षा,संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र शक्ति समूह | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०८/२९ |
| ५७ | मानसिक स्वास्थ्य सम्बन्धी परियोजना समीक्षा | कोशिश नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०९/०१ |

| | | | | |
|---|---|---|---|---|
| ५८ | अपाङ्गता भएका व्यक्तिको न्यायका लागि पहुँच षियमा सार्वजनिक वहस | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०९/०३ |
| ५९ | यातना पीडितका सवालमा सरोकारवालाको भूमिका | कोपिला नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/१३ |
| ६० | यौन तथा प्रजनन् अधिकार सम्बन्धी अन्तरक्रिया | नौलो विहानी पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/१२ |
| ६१ | यौनिक अभिमुखीकरण सम्बन्धी सरोरकारवाला संगको छलफल | नौलो विहानी पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/१३ |
| ६२ | यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार सम्बन्धी अन्तरक्रिया | नौलो विहानी पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/१४ |
| ६३ | न्याय र शान्ति निर्माण लागि परामर्श वैठक | मानव अधिकारका लागि महिला, महिला एकल समुह र नेपाल पुनर्स्थापकिय न्याय मञ्च | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/१४ |
| ६४ | मानव अधिकार सम्बन्धी तालिम | इन्सेक पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/१५ |
| ६५ | निर्वाचित जनप्रतिनिधि र सरकारी अधिकारीहरुलाई लैङ्गिक उत्तरदायी बजेट अभिमुखीकरण | दलित महिला संघ कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/१७ |
| ६६ | सरोकारवाला संगको वैठक | गोरेटो नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/०९/२२ |
| ६७ | मानव अधिकार शिक्षा प्रशिक्षण | नेपाल मानव अधिकार संगठन | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०९/०८ |

| | | | | |
|---|---|---|---|---|
| ६८ | मानव अधिकार रक्षक सञ्चारकर्मीको अवस्था बारेमा छलफल बैठक | नेपाल पत्रकार महासंघ कास्की तथा फ्रि मिडिया नेटवर्क, कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१०/१८ |
| ६९ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रदेश सरकारको दायित्व तथा भूमिका विषयक छलफल | इन्सेक पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/१०/२० |
| ७० | माघ १ गतेको यति एयरलायन्सको विमान दुर्घटनामा परेका पत्रका त्रिभुवन पौडेल सहित ७२ जनाको श्रद्धाञ्जली सभा | नेपाल पत्रकार महासंघ कास्की | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/१०/१३ |
| ७१ | विश्व जैविक विविधता संरक्षणमा लक्ष्य ३ अनुसार राष्ट्रिय जैविक विविधता संरक्षण सम्बन्धी योजना तयारी गोष्ठी | उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालाय कास्की | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/१०/२४ |
| ७२ | कोभिड १९ को महामारीको समयमा महिला र सिमान्तकृत समुदायहरुको न्यायमा पहुँचमा परेको प्रभाव र इजस्टिस सेवाको प्रयोगबारे अध्ययनका लागि सरोकारवाला निकायसंगको छलफल | महिला कानुन र विकास मञ्च काठमाडौं | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/१०/२४ |
| ७३ | सु-शासन सम्बन्धी छलफल कार्यक्रम | एकाउण्टीएविलिटी ल्याव काठमाडौं | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/१०/२७ |
| ७४ | एम्नेष्टी इन्टरनेशनल अन्नपूर्ण समूह ५४ को वार्षिक साधारण सभा | एम्नेष्टी इन्टरनेशनल अन्नपूर्ण समूह ५४ | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/१०/२७ |
| ७५ | गण्डकी प्रदेश स्थापना दिवस समारोह | आन्तरिक मामिला तथा कानुन मन्त्रालय गण्डकी प्रदेश | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/११/०४ |

| | | | | |
|---|---|---|---|---|
| ७६ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा सरोकारवालाहरुसंग छलफल | नागरिक सम्वाद केन्द्र | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/११/५ |
| ७७ | सरोकारवालासंग प्रदेश स्तरीय छलफल कार्यक्रम | जागृति महिला महासंघ काठमाडौं | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/११/१५ |
| ७८ | संघ प्रदेश र स्थानीय तहका सरकारको प्रभावकारी समन्वय र सरकारको बर्तमान अवस्था र भावी रणनीति अन्तरक्रिया | नेपाल कानुन समाज काठमाडौं | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/११/१९ |
| ७९ | अपाङ्गता भएका व्यक्तिहरुको शिक्षाको अधिकार विषयक छलफल कार्यक्रम | डिडा नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/११/२६ |
| ८० | श्रमिक महिला दिवसका अवसरमा आयोजित प्रभातफेरी कार्यक्रम | आन्तरिक मामिला तथा कानुन मन्त्रालय गण्डकी प्रदेश | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/११/२४ |
| ८१ | मानसिक स्वास्थ्य समस्या सम्बन्धमा निर्मित भिडियो प्रर्दशन तथा समीक्षा | कोशिस नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/११/२८ |
| ८२ | लैङ्गिक समानता नीति २०७९ को मस्यौदामाथि छलफल | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१२/०१ |
| ८३ | मानव अधिकार रक्षक तथा नागरिकको सहभागिता सम्बन्धी छलफल | कोक्याप नेपाल | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१२/०२ |
| ८४ | अपाङ्गता भएका व्यक्तिहरुको लागि बनेका संघीय, प्रादेशिक र स्थानीय तहका नीति तथा कानुनको कार्यान्वयन अवस्था छलफल | डीडा नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/१२/०२ |
| ८५ | सरोकारवालासंग छलफल बैठक | नौलो विहानी ,पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/१२/०३ |

| | | | | |
|---|---|---|---|---|
| ८६ | ५८ औं रंगभेद तथा जातियभेद विरुद्धको दिवसमा सरोकारवालासंग छलफल | दलित जिल्ला समन्वय समिति कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१२/०७ |
| ८७ | समसामयिक राजनीतिक परिप्रेक्ष्यमा नेपालको निर्वाचन पद्धति र सासकिय प्रबन्ध विषयक अन्तरक्रिया | निर्वाचन पर्यवेक्षण समति इयोग नेपाल | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/१२/०७ |
| ८८ | Provincial workshop on evidence base advocacy to identify challenges barrier and right violation experienced by key population | राष्ट्रिय एचआइभी तथा एड्स महासंघ नेपाल | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/१२/१० |
| ८९ | अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य पुनःस्थापना विषयक छलफल | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश कार्यालय | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१२/१० |
| ९० | संक्रमणकालिन न्याय सम्बन्धी संसदमा प्रस्तुत नयाँ विधेयक र न्यायका लागि चुनौतिहरु | एड्भोकेसी फोरम नेपाल | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१२/११ |
| ९१ | संक्रमणकालिन न्याय सम्बन्धी संसदमा प्रस्तुत नयाँ विधेयक र न्यायका लागि चुनौतिहरु | मानव अधिकारका लागि महिला, महिला एकल समूह, कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१२/१४ |
| ९२ | लैङ्गिक समानता नीति २०७९ को मस्यौदामाथि राय प्रस्तुत | सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/१२/१० |
| ९३ | मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रदेश समन्वय समितिको कार्ययोजना सहित समीक्षा बैठक | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/१२/०८ |
| ९४ | नेतृत्वमा अपाङ्ग महिला अवसर र चुनौति सम्बन्धी अन्तरक्रिया कार्यक्रम | अपाङ्ग महिला शसक्तिकरण केन्द्र कास्की | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/१२/१५ |

| | | | | |
|---|---|---|---|---|
| ९५ | बेपत्ता पूर्ण पौडेल स्मरण तथा प्रतिष्ठान घोषणा कार्यक्रम | बेपत्ता परिवार | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०८०/०१/१३ |
| ९६ | प्रादेशिक दलित तथा आदिवासी जनजाती गैरसरकारी संस्थाहरुको क्षमता अभिवृद्धि तालिम | Leadership Academy Nepal (LAN), कोपिला नेपालको समन्वयमा | मायादेवी शर्मा कार्यालय प्रमुख | २०८०/०१/१४ |
| ९७ | ट्राफिक सप्ताह २०८० को प्रभातफेरी र समुद्घाटन कार्यक्रम | प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय, पोखरा महानगरपालिका र नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कास्की, गण्डकी प्रदेशप्रहरीकार्यालयको समन्वयमा | मायादेवी शर्मा कार्यालय प्रमुख | २०८०/०१/२५ |
| ९८ | पाचौं राष्ट्रिय महिला दिवसका अवसरमा प्रभातफेरी | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश,पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०८०/२/१६ |
| ९९ | सेवा, संरचना र प्रणालीमा सवैको लागि पहुँचयुक्त अभिमुखिकरण कार्यक्रम | अपाङ्गता स्वावलम्बन विकास संघ(डिडा) नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०८०/०२/१६ |
| १०० | राष्ट्रिय बाल अधिकार परिषदको सरोकारवाला निकायसंग समन्वय वैठक | राष्ट्रिय बाल अधिकार परिषद गण्डकी प्रदेश समन्वय समिति | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०८०/०२/१६ |
| १०१ | बेपत्ता पीारएका व्यक्तिहरुको छानवीन, सत्य निरुपण तथा मेलमिलाप ऐन तेस्रो संसोधन र पीडितको अधिकार सम्बन्धी छलफल | एड्भोकेसी फोरम नेपाल, पोखरा | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०८०/०२/१७ |

| | | | | |
|---|---|---|---|---|
| १०२ | दलित शसक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०८० को बारेमा छलफल | दलित महिला संघ फेडो कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०८०/०२/१८ |
| १०३ | बाल अधिकारका सवालमा सरोकारवालासंग छलफल | शुभ अवसरग्राम नेपाल | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०८०/०२/१८ |
| १०४ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता र शसक्तिकरणको लागि राजनीतिक पार्टीका प्रमुख र प्रतिनिधिसंगको अन्तरक्रिया | राष्ट्रिय महिला आयोग | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०८०/२/२४ |
| १०५ | मनसिक स्वास्थ्य र मानव अधिकार विषयक छलफल कार्यक्रम | कोपिला नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०८०/०२/२५ |
| १०६ | स्वास्थ्य सम्बन्धी नीति सम्वाद कार्यक्रम | नेपाल कानून समाज, गण्डकी प्रदेश (समन्वय) | मायादेवी शर्मा कार्यालय प्रमुख | २०८०/०३/०१ |
| १०७ | गण्डकी प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया | अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) | मायादेवी शर्मा कार्यालय प्रमुख | २०८०/०३/१६ |
| १०८ | नेपालको संक्रमणकालिन न्यायमा परिपूरण, पुनर्स्थापकीय न्याय र मेलमिलाप सम्बन्धी परामर्श वैठक | मानव अधिकारको लागि महिला, एकल महिला समूह कास्की र नेपाल पुनर्स्थापकीय न्याय मञ्च | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०८०/०३/२४ |

## २.७.अन्य संस्थाले आयोजना गरेको तालिम/कार्यक्रममा स्रोत व्यक्तिको रुपमा भाग लिएको

| क्र. स. | तालिम/कार्यक्रमको विषय | संचालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिनेको नाम | तालिम/कार्यक्रमको अवधि (मिति,दिन र सहभागी संख्या, लिङ्गसमेत) |
|---|---|---|---|---|
| १. | मानव अधिकार र समावेशी शिक्षा दिगो विकास लक्ष्य | कोपिला नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०५/०५ |
| २. | मानव अधिकारको दृष्टिकोणमा मनोसामाजिक अपाङ्गताका सवाल | शिक्षा,संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०५/०९ |
| ३. | मानव अधिकार र अपाङ्गता भएका व्यक्तिको अधिकार | कोपिला नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०५/१८ |
| ४. | नेपाल प्रहरीका जुनियर प्रहरी अधिकृत तथा प्रहरी जवानलाई मानव अधिकार सम्बन्धी तालिम | गण्डकी प्रदेश प्रहरी प्रशिक्षण केन्द्र | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०७/०४ |
| ५ | मानव अधिकार र संक्रमणकालिन न्याय | कोपिला नेपाल | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९/०७/१४ |
| ६ | माछापुच्छ्रे गा.पा.मा मानव अधिकार निगरानी समुहको लागि क्षमता अभिबृद्धि कार्यक्रम | इन्सेक पोखरा | मायादेवी शर्मा कार्यालय प्रमुख | २०७९/०८/१५ |
| ७ | निर्वाचनको समीक्षा तथा मानव अधिकार रक्षकको भूमिका | मानव अधिकार एलायन्स तथा इन्सेक पोखरा | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९/०८/२३ |
| ८ | नेपाल सरकारका पाँचौ तहका कर्मचारीहरुका लागि सेवाकालिन तालिम | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखरा | मायादेवी शर्मा, कार्यालय प्रमुख | २०७९/०९/०३ |

| | | | | |
|---|---|---|---|---|
| ९ | अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँच सम्बन्धी अवरोधहरु | रा.मा.अ.आयोग, ग.प्र.का.पोखरा र राष्ट्रिय अपाङ्ग महासंघ, पोखरा | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९/०९/१४ |
| १० | अपाङ्गता भएका महिलाका लागि मानव अधिकार सम्बन्धी कानुनी व्यवस्था | शान्ति गुरुङ, अपाङ्गता भएकी महिला | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९/११/११ र १२ |
| ११ | मानव अधिकार सम्बन्धी | राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति | मायादेवी शर्मा, कार्यालय प्रमुख, मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९/१२/१० र ११ |
| १२ | सभ्य समाज निर्माणमा हाम्रो भूमिका | धारापानी आमा समूह पोखरा ५ कास्की | मायादेवी शर्मा कार्यालय प्रमुख | २०८०/०१/९ |
| १३ | जिल्ला समन्वय समिति बागलुङका पदाधिकारीहरुलाई पाँचौ मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना विषयमा अभिमुखीकरण | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश, पोखरा | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०८०/०१/१० |
| १४ | जिल्ला समन्वय समिति तनहुँका पदाधिकारीलाई पाचौं मावन अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाबारे अभिमुखीकरण | प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रलाय,गण्डकी | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०८०/०१/१९ |
| १५ | अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोध पहिचान सम्बन्धी अध्ययनबाट प्राप्त तथ्य सम्बन्धी कार्यशाला गोष्ठी | राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०८०/२/२८ |

| | | | | |
|---|---|---|---|---|
| १६ | मानव अधिकार र स्थानीय तह | OWS, Nepal | मायादेवी शर्मा<br>कार्यालय प्रमुख | २०८०/०३/२० |

## २.८ प्रशासनिक कार्यहरु

प्रशासनिक कार्यहरु अन्तर्गत कार्यालयद्धारा प्रेषित एवं प्राप्त हुने चिठीपत्रहरुको व्यवस्थापन, शाखाहरुबाट माग भएका बस्तु र सेवा उपलब्ध गराउन पहल, कर्मचारीहरुको विदाको अभिलेखीकरण, भण्डार शाखाको संचालन र व्यवस्थापन, कर्मचारी बैठकको समन्वय र माइन्यूट, अतिथि सत्कारको लागि आवश्यक व्यवस्था तथा कार्यालयमा प्राप्त सम्पूर्ण सामग्रीहरुको अभिलेख लगायतका नियमित कार्य गरिएको छ।

## २.९ कर्मचारी बैठक

आ.ब. २०७९/८० मा यस कार्यालयमा ११ पटक कर्मचारी बैठक तपसील बमोजिमका विषयहरुमा छलफल गरी विभिन्न निर्णयहरु गरिएको थियो।

| क्र. सं. | बैठक नं. | मिति | बैठकका विषयहरु |
|---|---|---|---|
| १ | १७० | २०७९/४/१६ | - आ.ब.२०७८/७९ को बजेट कार्यान्वयनको समिक्षा।<br>- आ.ब.२०७९/८० को बजेट सम्वन्धमा छलफल गरी मासिक कार्ययोजना तयार। |
| २ | १७१ | २०७९/६/२४ | - केन्द्रीय कार्यालयबाट कार्यालय प्रमुखको जिम्मेवारीमा आउनुभएकी मायादेवी शर्माको स्वागत र कार्यालयबाट भएका गतिविधिहरु उपर छलफल सम्बन्धमा।<br>- कार्यालयबाट भएका गतिविधिहरु उपर छलफल। |
| ३ | १७२ | २०७९/७/१६ | - कार्यालय प्रमुख समक्ष कर्मचारीहरुको अनुभव आदानप्रदान।<br>- सुरक्षा गार्डको समस्या सम्वन्धमा।<br>- सवारी साधनको लगबुक व्यवस्थापन सम्वन्धमा।<br>- सूचना अधिकारीको सूचनामूलक वोर्ड सम्बन्धमा।<br>- सवारी साधन मर्मत सम्बन्धमा।<br>- अनुगमन टोली खटाउने सम्बन्धमा।<br>- कार्यक्रममा सहकार्य गर्ने सम्बन्धमा। |
| ५ | १७३ | २०७९/८/२६ | - ७४औं अन्तर्राष्ट्रिय दिवस कार्यक्रमको समिक्षा सम्वन्धमा। |
| ६ | १७४ | २०७९/९/१ | - आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) कार्यान्वयन समिति गठन सम्वन्धमा। |

| | | | |
|---|---|---|---|
| ७ | १७५ | २०७९/९/१९ | - खरिद समिति सम्वन्धमा ।<br>- सूचना अधिकारी तोक्ने सम्बन्धमा ।<br>- लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति समिति गठन सम्वन्धमा ।<br>- मानव अधिकार संरक्षण र संवर्द्धनका लागि अन्य संघ संस्थाहरुसँग समन्वय र सहकार्य सम्वन्धमा । |
| ८ | १७६ | २०७९/१०/१३ | - कार्यक्रममा समन्वय र सहकार्य सम्वन्धमा । |
| ९ | १७७ | २०७९/११/२३ | - लुम्बिनी प्रदेश कार्यालयबाट सुरक्षा गार्डको जिम्मेवारीमा आउनुभएका गौतम रणपालको स्वागत सम्बन्धमा ।<br>- छैठौं रणनीतिक योजना कार्यान्वयन प्रगति समिक्षा सम्वन्धमा ।<br>- सुरक्षा गार्डको कार्यविभाजन सम्बन्धमा |
| १० | १७८ | २०७९/१२/२१ | - वार्षिक कार्यक्रम सम्वन्धमा ।<br>- कार्यालयको वार्षिक गतिविधि पुस्तक तयारी सम्वन्धमा । |
| ११ | १७९ | २०८०/२/४ | - आयोगको स्थापना दिवस मनाउने सम्वन्धमा ।<br>- मानव अधिकार सेवा पुरस्कारको जानकारी सम्बन्धमा । |
| १२ | १८० | २०८०/३/३१ | - आ.व.२०७९/८० को वार्षिक कार्यक्रम कार्यान्वयनको समिक्षा सम्बन्धमा । |

## २.१० खरिद इकाईको गठन

शाखाहरुबाट माग भएका कार्यालयलाई आवश्यक पर्ने सामाग्री खरिदको लागि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद इकाई गठन गरिएको छ । मानव अधिकार अधिकृत खिमलाल सुवेदीको संयोजकत्वमा गठन गरिएको उक्त समितिमा मानव अधिकार अधिकृत मोहन काफ्ले र नायब सुब्बा बिनोद परियार सदस्य रहेका छन् । उक्त समितिले कार्यालयलाई आवश्यक पर्ने खर्च भएर जाने र नजाने सामानहरुको खरिद योजना बनाई सोही बमोजिम सामानहरु खरिद गरी खरिद प्रक्रियालाई व्यस्थित गरेको थियो ।

## २.११ आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) कार्यान्वयन समिति गठन

आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि मिति २०७९/०९/०१ गते कार्यालय प्रमुख मायादेवी शर्माको संयोजकत्वमा मानव अधिकार अधिकृत टंक प्रसाद खनाल र नायब सुब्बा विनोद परियार रहेको छैटौं रणनीतिक योजना प्रदेशस्तरीय कार्यान्वयन समिति गठन गरिएको छ । उक्त समितिले हालसम्म उक्त रणनीतिक योजनाले लिएको उद्देश्य र लक्ष्य

बमोजिम कार्यालयका गतिविधिहरु संचालन भए नभएको सम्बन्धमा समिक्षा गरेर केन्द्रीय कार्यालयमा प्रतिवेदन समेत पेश गरेको छ ।

## २.१२ लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति समिति गठन

आयोगबाट जारी भएको लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति को प्रभावकारी कार्यान्वयनको लागि मिति २०७९/९/१९ गते कार्यालय प्रमुख मायादेवी शर्माको संयोजकत्वमा मानव अधिकार अधिकृत मोहन काफ्ले सदस्य रहेको लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति समिति गठन गरिएको छ । लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरुमा गुनासो, उजुरीहरु सुनुवाई गर्ने उक्त समितिमा हालसम्म कुनै गुनासो आएको छैन ।

## २.१३ समन्वय र सहकार्य

आयोगको यस कार्यालयले मानव अधिकारको संरक्षण र सम्वर्द्धनको सवालमा प्रदेश सरकार, विभिन्न जिल्लाका सरकारी तथा सुरक्षा निकाय, स्थानीय तहहरु, नागरिक समाज, मानव अधिकारकर्मी तथा मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्दै आईरहेको छ । कुनै संघ, संस्था वा निकायबाट समन्वय र सहकार्यमा कार्यक्रम गर्न अनुरोध भई आएमा कार्यालय प्रमुखको अध्यक्षतामा कर्मचारी बैठक वसी निर्णय गरेर यस्ता कार्यक्रमहरु सम्पन्न गरिएका छन् । यसै क्रममा, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिले नेपाल सम्बन्धी मुद्दाहरुमा गरेको निर्णयहरुको कार्यान्वयन अवस्थाका विषयमा छलफल, अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा विविध कार्यक्रमहरु, अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोधहरु पहिचान तथा समावेशी न्यायिक प्रणाली कार्यशाला, मानव अधिकार तथा मानसिक स्वास्थ्यको नीति तथा कार्यक्रम सम्बन्धमा सरोकारवालाहरुविच छलफल, आयोगको स्थापना दिवसको सन्दर्भमा छलफल, मानव अधिकारका आधारभूत पक्ष तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को बारेमा तालिम लगायतका विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ । साथै विभिन्न संघ संस्थाद्वारा आयोजना गरिएको मानव अधिकार सम्बन्धी तालिममा स्रोत व्यक्तिको रुपमा आयोगको यस कार्यालयवाट उपस्थित भई मानव अधिकार शिक्षा प्रदान गरिदै आइएको छ ।

# गण्डकी प्रदेशमा मानव अधिकारको अवस्था

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यको हुन्छ । संविधान, ऐन कानून र अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा प्रदत्त अधिकारहरुको प्रचलनमा राज्यले कानुनद्वारा नै व्यवस्थापन गर्नु पर्दछ । प्रदेशमा मानव अधिकारको अवस्था, मानव अधिकार सम्बन्धी महासन्धिहरु एवम् राष्ट्रिय स्तरमा निर्माण गरिएका ऐन कानूनद्वारा प्रदत्त अधिकारहरुको समग्र उपभोगको अवस्थाको आधारमा सन्धिजनित विषयमा मानव अधिकार अवस्थालाई यहाँ संक्षिप्त रुपमा विश्लेषण गरिएको छ ।

### ३.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था :

मानव अधिकार हरेक व्यक्तिले नागरिकको हैसियतले प्राप्त गर्ने सम्पूर्ण अधिकारहरु जसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा संविधान, ऐन कानुन तथा सन्धी महासन्धीमा उल्लेख गरिएको हुन्छ । नागरिक तथा राजनीतिक अधिकारको अवस्था अनुगमनबाट नै देशको समग्र मानव अधिकारको अवस्था कस्तो छ भनी हेर्न र विश्लेषण गर्न सकिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ जारी गरेपछि संयुक्त राष्ट्र संघबाट सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि जारी गरिएको हो । महासन्धिका अन्य २ ऐच्छिक आलेखहरु समेत रहेका छन् । यस महासन्धिले अभिव्यक्ति स्वतन्त्रताको अधिकार, गोपनियताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, संगठित हुन पाउने र भेला हुन पाउने स्वतन्त्रताको अधिकार, स्वच्छ सुनुवाईको अधिकारका अतिरिक्त निर्वाचनमा भाग लिन र चुनिन पाउँने लगायतका अधिकारहरुको प्रत्याभूती गरेको छ । यस अवधिमा भएको ४ वटा अनुसन्धान मिसनबाट २२ ओटा उजुरीको अनुसन्धान सम्पन्न भई निर्णयार्थ केन्द्रीय कार्यालय पठाइएको छ । गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७९/०८० को अवधिमा कुल ४१७७ अपराधका घटना दर्ता भएकोमा २२५० को अनुसन्धान सम्पन्न, १९२७ अनुसन्धानका क्रममा रहेको तथा मानव अधिकारसंग सम्बन्धित विशेष गरी महिला तथा बालबालिका विषयका विभिन्न १३ वटा शीर्षकमा कुल ३४६ उजुरी दर्ता भई कानुनी प्रक्रियामा रहेको गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको अभिलेखबाट देखिन्छ ।[५] माथि उल्लेखित घटना हुनबाट पनि नागरिकले मानव अधिकार निर्वाध उपभोग गर्न पाएको देखिदैन ।

#### ३.१.१ जीवनको अधिकार (सम्मानपूर्वक बाँच्न पाउने अधिकार) को अवस्था

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ६ मा जीवनको अधिकारका सम्बन्धमा उल्लेख छ । यस महासन्धिको दोश्रो ऐच्छिक आलेख १९८९ मा मृत्यु दण्ड सम्बन्धी प्रावधानलाई उन्मूलन गरिएको छ । नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्वीकार गरी सुरक्षित गरिएको छ । आयोगको गण्डकी प्रदेश कार्यालय पोखराद्वारा आर्थिक वर्ष २०७९/०८० को अवधीमा गरिएको अनुगमनका क्रममा नागरिकको जीवनको अधिकारको अवस्थालाई विश्लेषण गर्दा

५ गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको च.नं.७०, मिति २०८०।४।१० गतेको पत्रबाट प्राप्त जानकारी ।

राज्यपक्षबाट यस अवधीमा नागरिकको जीवन हरण हुने गरी कुनै पनि मानव अधिकारको उल्लंघन भएको देखिदैन । यद्यपी व्यक्तिबाट भएका फौजदारी अपराधका घटनामा भने आम नागरिकले सुरक्षाको अनुभूती गर्न नसकेको अवस्था छ । आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशका म्याग्दी, मनाङ र मुस्ताङ जिल्लामा बाहेक अन्य आठ जिल्लामा ४६ जनाको कर्तव्य ज्यानको घटनाबाट जीवन हरण भएको, १६८ जना नागरिकको सवारी दुर्घटनाबाट मृत्यु एवम् ६३४ जना घाइते भएको तथा प्रदेशमा कुल ७०९ जनाले आत्महत्या गरेकोमा महिला बालबालिका तथा जेष्ठ नागरिकको संख्या ३१३ रहेको गण्डकी प्रदेश प्रहरी कार्यालय,पोखराको अभिलेखबाट देखिन्छ ।[६] यसैगरी मनसुनजन्य र विपदजन्य २८७ घटनामा ३४ जनाको मृत्यु भएको, ८० जना घाइते तथा २७१ परिवार प्रभावित भएको पाइएको छ । मिति २०७९ माघ १ गते पोखराको सेती खोचमा भएको यति एयरलायन्सको विमान दुर्घटनाबाट ७२ जना नागरिकको ज्यान गएको थियो । उक्त घटनाको सम्बन्धमा आयोगको पोखरा कार्यालयले अनुगमन गरेको थियो । यसरी विभिन्न तथ्यांक तथा घटनालाई विश्लेषण गर्दा मानव अधिकारको अवस्था सन्तोषजनक मान्न सकिदैन । समग्र मानव अधिकारको विश्लेषणबाट सम्मानजनक रुपमा बाँच्न पाउँने नागरिकको अधिकारको संरक्षण तथा प्रत्याभूती हुन सकेको देखिदैन ।

**गण्डकी प्रदेशमा यस आ.वामा मनसुनजन्य र विपदजन्य घटनाबाट भएको क्षतिको विवरण [७]**

| घटना संख्या | मृत्यु | घाइते | प्रभावित परिवार | आंशिक भौतिक क्षति | पूर्ण भौतिक क्षति | गोठ | पशु चौपाया क्षति |
|---|---|---|---|---|---|---|---|
| २८७ | ३४ | ८० | २७१ | ७२ | ७२ | ४५ | ११७ |

### ३.१.२ विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकारको अवस्था

मानव अधिकार भित्र विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकारलाई लोकतान्त्रिक प्रद्धतिको उच्चतम रुपमा लिइन्छ । जसलाई नेपालको संविधान तथा अन्य कानूनले समेत सम्बोधन गरेको छ । अभिव्यक्ति स्वतन्त्रताको प्रमुख सूचकको रुपमा रहेको बालिग मताधिकार तथा आवधिक निर्वाचनबाट नै लोकतन्त्रको संस्थागत विकास भएको हुन्छ । हरेक नागरिकले स्वतन्त्र रुपमा आफ्नो मताधिकार को प्रयोग गर्न तथा निर्वाचनमा भाग लिन, निर्वाचनमा प्रत्यासी भई जनताको अभिमतबाट निर्वाचित भई जनप्रतिनिधिको रुपमा जनताको सेवा गर्न पाउने कुरा नेपालको संविधान र निर्वाचन सम्बन्धी ऐन कानूनले सुनिश्चित गरेको छ । यस आर्थिक वर्षमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मंसिर ४ गते समग्रमा केही छिटपुट घटना बाहेक शान्तिपूर्ण रुपमा सम्पन्न भएको थियो । राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीनै चरणमा अनुगमन सम्पन्न गरी आयोगमा प्रतिवेदन समेत पेश गरेको छ । निर्वाचनको अनुगमनका क्रममा अभिव्यक्ति स्वतन्त्रता तथा जनताको निर्वाचनमा भाग लिन पाउने अधिकारमा कहीं कतैबाट अवरोध भएको पाईएन । केही स्थानमा भएका सामान्य विवाद र झडपका घटना बाहेक निर्वाचन समग्र रुपमा

६ गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको च.नं.७०, मिति २०८०।४।१० गतेको पत्रबाट प्राप्त जानकारी ।
७ http://drrportal.gov.np/uploads/document/2473.pdf

शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइयो । नवलपरासी बर्दघाट सुस्तापूर्व जिल्लाको देवचुली नपा ४ को शान्ति सिर्जना प्रावि मतदान केन्द्रमा मतपेटिकामा ज्वलनशील पदार्थ हाली मतपेटिकामा क्षति पुगेपछि स्थगित भएको मतदान भोलिपल्ट शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइयो । निर्वाचन सम्पन्न भएपनि दलहरुवीचको विवादका कारण स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं २ मा मत गणनामा ढिलाई भएको थियो । चापाकोट नपा वडा नं ३,४ र ५ का केही मतदान केन्द्रमा मतदानमा धाँधली भएको भन्दै एक पक्षले पुन मतदानको माग त अर्को पक्षले मतगणना तुरुन्त गरिनु पर्ने माग सहित आन्दोलन प्रदर्शन गर्दा करिव एक हप्ता जनजीवन प्रभावित बन्यो । आयोगको गण्डकी प्रदेश कार्यालय पोखराबाट अनुगमन गरिएका जिल्लामा महिला, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुको मतदानमा उल्लेखनीय सहभागिता रहेको पाइयो । यद्यपी केही मतदान केन्द्रहरु मात्र अपाङ्गतामैत्री तथा पहुँचयुक्त भएपनि धेरै मतदान केन्द्र अपाङ्गतामैत्री नभएको र अधिकांश मतदान केन्दहरु विद्यालयमा नै तोकिएको अवस्था रहेको पाइयो । मनाङ र मुस्ताङ जिल्लाका केही पालिकामा हिउँ र चिसोका कारण कर्मचारीहरु मतदान केन्द्रसम्म पुग्न कठिनाई भएको तथा हिउँका कारण मतपेटिका संकलन गरी ल्याउनमा समेत कठिन भएको भन्ने पाइयो । बाग्लुङ जिल्लाको गलकोट नपामा निर्वाचन विरोधी गतिविधी गरेका १३ जनालाई प्रहरीले पक्राउ गरी भोलिपल्ट छाडेको थियो । यसै गरी गण्डकी प्रदेशको तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ मा प्रतिनिधि सभा सदस्यको उपनिर्वाचन २०८० वैशाख १० गते सम्पन्न भएको छ । उक्त निर्वाचनमा आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले मानव अधिकार दृष्टिकोणबाट अनुगमन सम्पन्न गरेको थियो । गण्डकी प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनमा २३ जना महिला र १७३ जना पुरुषले उम्मेद्वारी दिएका थिए भने प्रदेश सभा सदस्य निर्वाचनमा २९ जना महिला र २०६ जना पुरुषले उम्मेद्वारी दिएका थिए । उम्मेदवारी चयनमा समावेशीताको सिद्धान्तलाई अवलम्बन गरेको पाइएको छ ।

### ३.१.३ कैदी–बन्दीहरूको अधिकारको अवस्था :

आधुनिक अवधारणा अनुसार कारागार भनेको कानुन बमोजिम कसुरदारले सजाय भोग्ने बन्दीगृह मात्र होईन, सुधार गृह पनि हो । अपराध गर्ने व्याक्तिहरुलाई अपराधिक मनोवृति वा क्षणिक आवेशका कारण हुन पुगेको अपराधको प्रायश्चित गर्ने, आफ्नो आचरण र ब्यवहारमा सुधार गर्ने, सीपमुलक कार्यमा संलग्न हुने तथा सभ्य, सुसंस्कृत र असल नागरिकका रूपमा रुपान्तरणका लागि राखिने ठाउँलाई कारागार भनिन्छ । आधुनिक र सभ्य समाजमा कारागारलाई सुधारगृहको रुपमा परिभाषित गरिएको छ । अपराध प्रमाणित भई कानुन बमोजिम तोकिएको सजाय भोग्ने क्रममा कैदीबन्दी तथा थुनुवाले आधारभूत मानव अधिकारको उपभोग गर्न पाउने नैसर्गिक हकको संरक्षण गर्ने दायित्व पनि राज्यको हो । नेपालको सबिधानले न्याय सम्बन्धी हक र यातना बिरुद्दको हकलाई मौलिक हकका रुपमा राखेको छ र विद्यमान न्याय प्रणालीले सुधारात्मक दण्ड प्रणालीको नीति समेत अवलम्बन गरेको छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४) मा भएका वैकल्पिक कारागारका अवधारणाहरु कैदीबन्दीको आचरण एवम् व्यवहार सुधार तथा कारागारको समग्र सुधारतर्फ निर्देशित छन् । त्यसैगरि नकारात्मक सुचिमा नपरेका र असल आचरण भएका कैदीबन्दीहरुलाई कैद छुट हुने प्रावधानले कारागार

लाई सुधारगृहका रुपमा बिकास गर्ने कार्यमा सहयोग पुगेको छ ।

**गण्डकी प्रदेशमा कारागार तथा कैदी बन्दीको अवस्था २०८० असार मसान्तसम्म :**

| क्र.स | जिल्ला | कारागारको सामान्य क्षमता | | | कैदी बन्दीको संख्या | | कुल कैदी बन्दी |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | |
| १ | मनाङ | १२ | ० | १२ | ४ | ० | ४ |
| २ | मुस्ताङ | १५ | ० | १५ | १३ | ० | १३ |
| ३ | पर्वत | ४५ | १० | ५५ | ९० | ३ | ९३ |
| ४ | म्याग्दी | २५ | ७ | ३२ | ८९ | ४ | ९३ |
| ५ | बागलुङ | ५० | २५ | ७५ | १५८ | ९ | १६७ |
| ६ | गोरखा | ३५ | १५ | ५० | ८९ | १३ | १०२ |
| ७ | लमजुङ | ४० | १० | ५० | ८३ | ६ | ८९ |
| ८ | तनहुँ | ११५ | २० | १३५ | २६६ | १७ | २८३ |
| ९ | कास्की | ४०० | २० | ४२० | ६९० | ४७ | ७३७ |
| १० | स्याङजा | ५५ | १५ | ७० | १४२ | २ | १४४ |
| जम्मा | ७९२ | १२२ | ९१४ | १६२४ | १०१ | १७२५ | |

*स्रोत: कारागार व्यवस्थापन विभाग*

कारागार व्यवस्थापन विभागबाट प्राप्त तथ्यांक अनुसार गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट-सुस्तापूर्व) बाहेक १० वटा जिल्लाहरुमा कारागारहरु रहेका छन् । माथि प्रस्तुत गरिएको तालिकाको समग्र अध्ययनबाट कारागारहरुको जम्मा क्षमता ९१४ जना रहेकोमा २०८० असार मसान्तसम्ममा कूल १७२५ जना कैदीबन्दी रहेको देखिन्छ । तथापी कास्की जिल्ला बाहेक अन्य जिल्लाहरुमा महिला कैदी बन्दीहरु कारागारको सामान्य क्षमताभन्दा कम संख्यामा रहेको देखिन्छ । पुरुषतर्फ भने मनाङ र मुस्ताङ बाहेक अन्य ८ वटा जिल्लाका कारागारहरुमा क्षमताभन्दा अधिक कैदीवन्दी रहेको पाइन्छ । यस्तै यस कार्यालयको अनुगमनका क्रममा ५० जनाको क्षमता रहेको कास्कीको सराङकोटस्थित बाल सुधार गृहमा बालबिज्याइँका ९० जना बालकहरु रहेको पाइएको छ । कारागार एवं सुधारगृहमा क्षमताभन्दा बढी कैदी बन्दी/बालक रहँदा खान, बस्न, सुत्न, सरसफाई, घुमफिर गर्न लगायत विविध समस्या हुने गरेको पाइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराका कार्यालय प्रमुख माया देवी शर्मा एवं मानव अधिकार अधिकृतद्वय खिमलाल सुवेदी र मोहन काफ्ले सम्मिलित टोलीले कास्की जिल्ला कारागारको मिति २०७९ फागुन ३ गते अनुगमन सम्पन्न गरेको थियो । अनुगमनका क्रममा टोलीले कारागार प्रशासक भीमराज कोईरालाका अतिरिक्त महिला र पुरुष ब्लकतर्फ कैदी तथा बन्दीहरुसँग छलफल गरेको थियो। अनुगमनका क्रममा कारागार भवन खास गरी महिलातर्फको

पुरानो र जिर्ण अवस्थामा रहेको, कारागारको क्षमता भन्दा बढीको संख्यामा कैदी, वन्दी राखिएको, पुरुष ब्लकतर्फ खेलकूद र मनोरञ्जनका साधनहरु पर्याप्त रहेतापनि महिला ब्लकतर्फ त्यसको अभाव रहेको पाईयो । कारागारमा ४२० जनाको क्षमता (महिला २० र पुरुष ४००) रहेकोमा हाल ७६१ जना (महिला ४५ र पुरुष ७१६) राखिएकोले बस्न, खान लगायतका सुविधामा समस्या रहेको पाईयो । महिला कारागार तर्फ जोन्ता क्लबको समन्वयमा स्यानिटरी प्याड भेन्डिङ्ग मेशिन राखेर केही समयका लागि व्यवस्थापन भएको तर सरकारी बजेटमा व्यवस्थापन नभएको, कैदीबन्दीको संख्या अनुसारको औषधी व्यवस्थाको लागि सरकारबाट बजेट व्यवस्थापन हुन नसकेको, विशेषज्ञ सेवा चिकित्सकको भेटघाट व्यवस्थापन हुन नसकेको, परम्परागत सीपमूलक तालीमहरु बाहेक अन्य सिपमूलक तालीमहरुको अभाव रहेको र सीपको प्रभावकारी सदुपयोग गर्न नसकिएको, कैदी वन्दीका आश्रित बालवालिकाका लागि झोलुङ्गो र पौष्टिक आहारको अभाव रहेको पाइयो । यस कार्यालयले राष्ट्रिय वाल अधिकार परिषद र एसओएस दिदिबहिनी संस्थासँग समन्वय गरी झोलुङ्गोको अतिरिक्त केही समयका लागि पौष्टिक आहारको व्यवस्थापन गर्नुका साथै कार्यालयले कोशिस नेपालसँगको समन्वयमा सकारात्मक सोंच सम्बन्धी चेतनामूलक कार्यक्रम समेत सम्पन्न भएको थियो ।

त्यसैगरी, यस कार्यालयबाट साराङ्गकोटमा रहेको बाल सुधार गृहको मिति २०७९ चैत्र २२ गते अनुगमन सम्पन्न गरिएको थियो । उक्त बाल सुधार गृह नेपाल सरकारको लागि न्यूनतम सुविधाविहिन बालवालिकाका लागि शैक्षिक (यूसेप) नेपालको व्यवस्थापनमा संचालनमा रहेको पाइयो । अनुगमनका क्रममा टोलीले बाल सुधार गृहका ईन्चार्जका अतिरिक्त उक्त सुधार गृहभित्र संचालनमा रहेको विद्यालयका प्रधानाध्यापक र शिक्षक एवं त्यहाँ आश्रित बालकहरुसँग छलफल गरेको थियो । अनुगमनका क्रममा सुधारगृहको भवन नयाँ नै रहेको, ५० जनाको क्षमता रहेकोमा हाल ९० जना बालकहरु रहेकाले बस्न, खान लगायतका सुविधामा समस्या रहेको पाईयो । त्यसैगरी बालसुधारगृह बजार क्षेत्रभन्दा टाढा रहेको तर आफ्नै सवारी साधनको अभावले स्वास्थ्य उपचारमा लैजान समस्या रहेको, पर्याप्त बजेटको अभाव रहेको, पानीको समस्या रहेकाले शौचालय सरसफाईमा समस्या रहेको कारण दुर्गन्ध फैलिरहेको, माध्यमिक तहसम्म रहेको विद्यालयमा दुई जना शिक्षकले सबै विषय अध्यापन गराउनुपर्दा समस्या रहेको, १८ वर्षमुनिका बालक र १८ वर्ष माथिका वयश्कहरु सँगै राख्ने गरिएको हुँदा दुर्व्यवहार हुन सक्ने सम्भावना रहेको, वयस्कहरुका लागि सीपमूलक र आयआर्जन तालिम अभाव रहेको अनुगमनका क्रममा पाइएको छ । बालकहरुको मनोरञ्जनका लागि टि.भी., क्यारम बोर्ड, टेबल टेनिस, भलिवल, फुटवल मैदानको व्यवस्था रहेको पाइयो । साथै योगा, ध्यानका लागि छुट्टै हल समेत व्यवस्थापन गरेको पाइयो ।

## ३.२ आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको अवस्थाः

### ३.२.१ उपभोक्ता अधिकारको अवस्था :

उपभोक्ताको मानव अधिकारलाई मौलिक हकको रुपमा संवैधानिक संरक्षण प्रदान गरी नेपालको संविधानको धारा ४४ ले उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा पाउने हक हुने एवं गुणस्तरहीन वस्तु वा सेवाबाट कसैलाई हानी पुगेमा क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले आम उपभोक्ताको सूचित र सुरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

त्यस्तै धारा ३० मा स्वच्छ वातावरणको हक र धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको समेत व्यवस्था गरेको छ। त्यस्तै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, संयुक्त राष्ट्रसंघद्धारा जारी उपभोक्ता संरक्षण सम्बन्धी निर्देशिका १९८५, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६, आयोगको उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका, २०७९ लगायतले उपभोक्ताको अधिकार सम्बन्धमा विभिन्न व्यवस्थाहरु गरेका छन् । गण्डकी प्रदेश सरकारको आ.व.२०७९/८० को बजेटमा स्थानीय प्रशासन र स्थानीय तहसँगको समन्वय र सहकार्यमा बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाई उपभोग्य बस्तु र सेवाको आपूर्ति व्यवस्था सहज तुल्याउने, प्रदेशभित्र उत्पादन भएका र बाहिरबाट आयात गरिने उपभोग्य बस्तुको गुणस्तर सुनिश्चित गर्न प्रदेश मापदण्ड विकास गरी कार्यान्वयन संरचना निर्माण गरिने व्यवस्था गरिएको थियो ।

त्यस्तै उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २७ ले प्रदेश वजार अनुगमन समिति र दफा २८ ले स्थानीय वजार अनुगमन समितिको व्यवस्था गरेको छ । गण्डकी प्रदेश सरकारवाट वजार अनुगमन नियमावली, २०७६ पारित भई प्रदेश वजार अनुगमन टोली गठन भई समय समयमा अनुगमन हुने गरेको भएता पनि प्रभावकारी अनुगमन हुन नसक्दा उपभोक्ताहरुको अधिकार सुनिश्चित हुन सकेको छैन । गण्डकी प्रदेश सरकारको वजार अनुगमन नियमावली, २०७६ को नियम ८ र ९ ले जिल्ला घरेलु तथा साना उद्योग कार्यालयको प्रमुखको संयोजकत्वमा जिल्ला वजार अनुगमन टोलीको गठन र काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । यस सम्वन्धमा प्रदेशका ११ ओटा घरेलु तथा साना उद्योग कार्यालयलाई पत्राचार गरी वजार अनुगमन, कारवाहीको अवस्था सम्बन्धमा जानकारी लिईएको थियो । आयोगको यस कार्यालयलाई प्राप्त जानकारी अनुसार विना दर्ता सञ्चालन, मुल्यसूची नराख्ने, म्याद गुर्जिएका वस्तुहरु छुटै भण्डारण नभएको र म्याद गुर्जिएका सामानहरु अनुगमनको कममा नष्ट गर्ने गरिएको तथा व्यवसायीलाई कानूनसम्वत रुपवाट व्यवसाय गर्न सचेत गराईने गरेको भन्ने जानकारी प्राप्त हुन आएका थिए । त्यस्तै स्थानीय तहहरुले वजार अनुगमन निर्देशिका तर्जुमा गरेको पाईए पनि स्थानीय स्तरमा स्थानीय वजार अनुगमन टोली गठन भई प्रभावकारी रुपमा वजार अनुगमन भई कारवाही प्रक्रिया अगाडि वढाउन सकेको देखिदैन ।

आयोगको यस कार्यालयले आयोगबाट जारी भएको उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका, २०७९ बमोजिम बागलुङ जिल्लामा उपभोक्ताको अधिकार सम्वन्धमा गरेको अनुगमनमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विभिन्न निकाय सम्मीलित टोलीले वजार अनुगमन गर्ने गरेको, अनुगमन टोलीमा पर्याप्त ज्ञान, सीप र यन्त्र उपकरणहरुको अभाव नै हुने गरेको, खाद्य पदार्थको नमुना परीक्षणको लागि जिल्लामा प्रयोगशाला नहुँदा पोखरा, काठमाण्डौ पठाउन पर्ने वाध्यता रहेको, उपभोक्ता सचेतना पर्याप्त मात्रामा पुग्न नसकेको, विषादी परीक्षण, सुनको शुद्धता परीक्षणको लागि जिल्ला बाहिर पठाउनुपर्ने अवस्था रहेको, जिल्लाले स्थानीय यातायातको दररेट निर्धारण गरेको भएपनि प्रभावकारी कार्यान्वयन हुन नसकेको, स्वास्थ्य संस्थाहरु विना दर्ता सञ्चालन हुने गरेका, मूल्य सूची नराख्ने, ग्रामिण भेगहरुमा डिजेल, पेट्रोल खुला रुपमा बिक्री हुने गरेका, म्याद गुज्रिएका सामानको बिक्री वितरण हुने गरेका नापतौलमा एकरुपता नहुने जस्ता समस्याहरु जिल्लामा रहेको अनुगमनको

क्रममा पाईएको थियो । जिल्लावाट अनुगमनको क्रममा सचेत गराउने, मिति गुज्रिएका सामान नष्ट गर्ने, नियम विपरित सञ्चालित पसलहरुलाई सिल गर्ने, मूल्यसूची लगायत सरसफाईको लागि सचेत गराउने तथा न्यून र दुषित पदार्थहरु प्रमाणित भई आएमा अदालतमा मुद्दा दायर गर्ने गरिएको भन्ने जानकारी प्राप्त भएको थियो ।

आयोगको यस कार्यालयवाट गरिएको अनुगमन, विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित समाचारहरु, विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रममा उपभोक्ता अधिकारको सम्वन्धमा उठ्ने गरेका विषयहरु हेर्दा उपभोक्ता सचेतनामा कमी रहेको, जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने तथा म्याद गुज्रिएका उपभोग्य वस्तुको वेचविखन, मूल्य एकरुपता नहुने, तौलमा कमी, अखाद्य पदार्थको मिसावट, अत्याधिक विषादीको प्रयोग, खाद्य वस्तुको गुणस्तर तथा विषादीको चेकजाँच गर्ने प्राविधिक तथा प्रविधिको पर्याप्त व्यवस्थाको अभाव, कृषि लगायतका खाद्य उपजहरुको आपूर्ति तथा निकासी र मूल्य निर्धारण प्रभावकारी हुन नसक्दा उत्पादकले उचित मूल्य नपाउने र उपभोक्ताले महंगो मूल्यमा खरीद गर्नुपर्ने र उपभोक्ता अधिकारको अनुगमन र नियमन गर्ने निकायहरुवाट यसको प्रभावकारी अनुगमन हुन नसकेको भन्ने जस्ता समस्या तथा गुनासोहरु पाइएको छ ।[८]

### ३.२.२ स्वास्थ्यको अधिकारको अवस्था :

संविधानको धारा ३५ मा स्वास्थ्यको हक अन्तर्गत आधारभूत स्वास्थ्य सेवा निःशुल्क, स्वास्थ्य सस्थाहरुमा सवै नागरिकको समान पहूँच, आकस्मिक स्वास्थ्य सेवावाट कसैलाई पनि वञ्चित नगरिने जस्ता व्यवस्थाहरु मौलिक हकमा व्यवस्था गरिएको छ । त्यस्तै मौलिक हक कार्यान्वयन गर्न वनेको जनस्वास्थ्य सेवा ऐन, २०७५ ले पनि नागरिकको स्वास्थ्य अधिकारको सम्वन्धमा विभिन्न व्यवस्थाहरु गरेको छ । गण्डकी प्रदेश सरकारले स्वास्थ्य नीति, २०७८ तर्जमा गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेशमा १ पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, ११ जिल्ला अस्पतालहरु, १ संक्रामक तथा सरुवा रोग अस्पताल र स्थानीय पालिकाहरुमा स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक लगायत स्वास्थ्य सस्थाहरुको व्यवस्था रहेको छ । प्रदेश सरकारको स्वास्थ्य नीति, २०७८ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहूँच वढाउने, विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सवैको पहूँच वृद्धि गर्दै लाने, स्वास्थ्य संस्थामा औषधी, चिकित्सकजन्य सामग्री तथा भ्याक्सिनको अटुट रुपमा आपूर्तिको व्यवस्था मिलाउने, एक चिकित्सक/स्वास्थ्यकर्मी एक संस्था नीति अवलम्वन गर्ने लगायतका नीतिहरु अवलम्वन गरेको छ । त्यस्तै गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० को वार्षिक नीति तथा कायक्रम र बजेट मार्फत दुर्गम क्षेत्रमा जटिल अवस्थाका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशुको उद्धार गरी सुविधासम्पन्न अस्पतालसम्म पुऱ्याउन एयर लिफटिङ कायक्रम, प्रदेश अन्तर्गतका अस्पताल/प्रयोगशालाबाट प्रदान गरिएका विशेष सेवाको लागि आवश्यक जनशक्ति र बजेटको व्यवस्था, स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता, रगत तथा रगतजन्य पदार्थ निःशुल्क उपलव्ध गराउने, गोरखा, लमजुङर मध्यविन्दु अस्पतालमा डाइलाइसिस सेवा विस्तार गर्ने कार्यक्रम रहेको देखिन्छ ।

८ गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको च.नं.७०, मिति २०८०।४।१० गतेको पत्रबाट प्राप्त जानकारी ।

ऐन कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा स्वास्थ्य संस्थाहरुवाट वितरण हुने सवै प्रकारका निःशुल्क औषधीको उपलव्धता नहुने, स्वास्थ्य वीमामा सवै नागरिक आवद्ध हुन नसकेका तथा स्वास्थ्य वीमा वापत प्राप्त हुने औषधीहरुको उपलव्धता नहुने, करारको म्याद सकिएर करार नवीकरण नहुँदा स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीहरुको अभाव, दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरुको उपलव्धता नहुने जस्ता अवस्थाले नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहूँच सुनिश्चित हुन सकेको देखिदैन । प्रदेश स्वास्थ्य मन्त्रालयले जिल्ला अस्पतालहरुको सेवा तथा गुणस्तर सुधारको कार्यक्रम अन्तर्गत आईसियु, भेन्टिलेटर, अक्सिजन प्लान्ट जस्ता उपकरणको व्यवस्था गरेको भएपनि दक्ष जनशक्तिको अभावमा सञ्चालन हुन नसकेको अनुगमनको क्रममा पाईएको छ ।

प्रदेशमा मनोचिकित्सक जनशक्तिको कमी हुँदा जिल्ला अस्पतालहरुवाट सेवा प्रवाहमा समस्या रहेको भन्ने सरोकारवाला निकायसँगको छलफलमा आउने गरेको छ । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको लागि स्थानीय स्वास्थ्य संस्था तथा जिल्ला अस्पतालहरुमा विशेषज्ञ सेवा नहुदा सेवा लिनका लागि पोखरा, काठमाण्डौ धाउनुपर्ने वाध्यता छ भने पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक रोगको अन्तरंग सेवा नहुँदा भर्ना गरेर उपचार गर्नुपर्ने विरामीहरु महंगो पैसा तिरेर निजी अस्पतालमा जानुपर्ने वाध्यता रहेको छ । मानसिक स्वास्थ्य समस्या लगायत विभिन्न कारणहरुवाट यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा आत्महत्या गर्नेको संख्या समेत वढदै गएको भन्ने पाईएको छ । गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरावाट प्राप्त विवरण अनुसार आ.व. ०७९/०८० मा कास्कीमा १६६, तनहू १०३, स्याङजा ७७, गोरखा ८१, लमजुङ ३९, मनाङ १, बागलुङ ५४, पर्वत ४५, म्याग्दी ३२, मुस्ताङ २ र नवलपरासी (सूस्ता पूर्व) १०९ जनाले आत्महत्या गरेको पाईएको छ ।

### ३.२.३ शिक्षाको अधिकारको अवस्था :

शिक्षाको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ। मौलिक हक कार्यान्वयन गर्न वनेको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले वालवालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरु गरेको छ । गण्डकी प्रदेश सरकारले अनिवार्य तथा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि गण्डकी प्रदेश शिक्षा नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेशको साक्षरता दरलाई हेर्दा ७४.८ प्रतिशत मा पुरुष साक्षरता ८३.५ र महिला ६७.७ प्रतिशत रहेको देखिन्छ । प्रदेशमा ३७२८ सामुदायिक विद्यालय र ५८९ संस्थागत गरी कुल ४३१७ विद्यालय रहेको छ (स्रोत गण्डकी प्रदेश शिक्षा नीति, २०७८) । शिक्षा नीति, २०७८ ले विद्यालयको शैक्षिक एवं भौतिक पक्षहरुलाई वालमैत्री, लैङ्गक मैत्री, अपाङ्गतामैत्री एवं समावेशी वनाउने, अपाङ्गता भएका र विभिन्न कारणले सिकाई सम्बन्धी समस्यामा रहेका वालवालिकाहरुका सिकाई आवश्यकता पूरा गर्न विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलव्ध गराउने, सवै तहको शिक्षामा समतामुलक पहूँच सुनिश्चित गर्न, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्ने, विभिन्न प्रकारका अपाङ्गता भएका सुविधाविहिन वालवालिकाहरुका लागि पहुँच सुनिश्चित हुने गरी प्रदेशस्तरमा वहुअपाङ्गता आवसीय विद्यालय स्थापना गरिने लगायतका नीतिगत व्यवस्थाहरु गरेको छ । त्यस्तै

गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र वजेट मार्फत हिमाली तथा दुर्गम क्षेत्रमा नमूना आवसीय विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि बजेटको व्यवस्था, अनाथ वालवालिकाको शिक्षा आर्जन गर्ने अधिकारलाई सम्वोधन गर्न मुख्यमन्त्रीसँग अनाथ वालवालिका कार्यक्रमको व्यवस्था गरेको देखिन्छ ।

आयोगको यस कार्यालयवाट सरोकारवाला निकाय, नागरिक समाजसँगको छलफल तथा अनुगमनवाट प्राप्त तथ्यहरुलाई हेर्दा सवै वालवालिकाहरुको शिक्षामा समान पहूँच सुनिश्चित हुन नसकेको, अपाङ्गता भएका वालवालिकाहरु, सडक वालवालिकाहरु, सीमान्तकृत वर्गका वालवालिकाहरु अझै पनि विद्यालय वाहिर रहेका, दृष्टि सम्बन्धी अपाङ्गता भएका वालवालिकाहरुको लागि सवै पाठ्यपुस्तकहरु व्रेलमा उपलव्ध हुन नसकेका,सवै वालवालिकाहरुलाई विद्यालयमा टिकाउन नसकिएको,विद्यालय छोडने वालवालिकाको संख्यामा उल्लेख्य सुधार आउन नसकेको, विद्यालयका भौतिक संरचनाहरु अपाङ्गतामैत्री वन्न नसकेका, विद्यालयमा शारिरीक दण्ड सजाय हटन नसकेको जस्ता अवस्था कायम नै देखिन्छ । हाल छात्राहरुको लागि स्यानीटरी प्याड, छात्रवृत्तिको व्यवस्था, दलित तथा अपाङ्गता छात्रवृत्ति, दिवा खाजा जस्ता कार्यक्रमले वालवालिकाहरुको कक्षा छोडने अवस्थामा केही सुधार आएको देखिन्छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेतापनि बालबालिकाहरुसँग विभिन्न बहानामा शुल्कहरु लिने गरेको भन्ने देखिन्छ । नवलपरासी(सूस्ता पूर्व) जिल्लामा विपद तथा महामारीमा मानव अधिकार अवस्था अनुगमनको क्रममा सीमान्तकृत समुदाय माझी, वोटे, मुसहर समुदायका वालवालिकाहरु विद्यालयबाट तोकिएको शुल्क समयमा तिर्न नसक्दा बालबालिकाहरु आधारभूत र माध्यमिक तहसम्मको शिक्षाबाट समेत बञ्चित रहनुपरेको अनुगमनको क्रममा पाईएको थियो । साथै नदी तटीय क्षेत्रमा रहेका विद्यालयहरु वर्षातको समयमा डुबानमा पर्दा विद्यार्थीको शिक्षा प्रभावित रहेको पाइयो ।

### ३.२.४ वातावरण र विकासको अधिकारको अवस्था :

संविधान तथा विभिन्न ऐन कानूनहरुले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । त्यस्तै नेपाल पक्ष भएका विभिन्न अन्तराष्ट्रिय सन्धिहरुले पनि स्वच्छ र स्वस्थ्य वातावरण एवं विकासको अधिकारको प्रत्याभुत गरेका छन । वातावरण र विकास वीच सामाञ्जस्यता कायम हुन नसक्दा नागरिकको मानव अधिकार प्रचलनमा समस्या देखिएको छ । मानवलाई केन्द्र विन्दुमा राखी विकासका कियाकलापहरु सञ्चालन हुन नसक्दा विकासको नाममा विभिन्न वातावरणीय समस्याहरु वृद्धि हुँदै गएका छन् । यस प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरुमा विकासका नाममा विना प्राविधिक सडक निर्माण लगायतका कार्यले बाढी पहिरो सवारी दुर्घटना, विस्थापित, अकालमा मृत्यु जस्ता घटनाहरुमा वृद्धि हुदै जाँदा ठूलो जनधनको क्षति व्यहोर्नु परेको अवस्था छ । प्लाष्टिकजन्य सामाग्रीको अत्याधिक अव्यस्थित प्रयोग, अव्यवस्थित ढल, मलमूत्र, फोहरमैला, अस्पतालजन्य फोहरमैला र यसको अव्यवस्थित विसर्जनको अवस्थाले नागरिकहरुमा स्वास्थ्य

समस्या वढदै गएको, प्राकृतिक स्रोत साधनको अत्यधिक दोहनले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, सडक विस्तारको क्रममा प्रदुषणमा वृद्धि विविध खाले प्रदूषणमा वृद्धि जस्ता समस्याहरु वढदै गएको भन्ने आयोगको यस कार्यालयवाट भएका अनुगमन, विभिन्न निकाय तथा नागरिक समाजसँगको छलफलमा उठने गरेको पाईन्छ । अव्यवस्थित शहरीकरण, मानव अधिकारमैत्री विकासको अभाव (Right to participate, Right to contribute and Right to Enjoy) अन्तरसरकारी निकायहरुको समन्वयको अभाव, ऐन कानूनको प्रभावकारी कार्यान्वयन नहुने जस्ता अवस्थाले वातावरणीय समस्याहरु वढ्दै गएको देखिन्छ ।

### ३.३ महिला अधिकार

महिला भएका नाताले प्राप्त गर्ने अधिकारहरु महिला अधिकारभित्र पर्दछन् । महिला पनि मानव भएका नाताले मानवले प्राप्त गर्ने सबै अधिकारका अतिरिक्त महिला भएकै नाताले प्राप्त गर्ने केही विशेष अधिकारहरु पनि यस भित्र पर्दछन् । यी सबै अधिकारहरु महिलाले बिना भेदभाव प्राप्त गर्न पाउनुपर्दछ । महिलाको अधिकारलाई नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा प्रचलित नेपाल कानूनहरुमा सुरक्षित गरिएको छ । महिला अधिकार संरक्षण र संवर्द्धनका लागि भएका सकारात्मक प्रयासका बाबजुद अझै पनि अधिकारको पूर्ण उपभोग गर्न पाएको स्थिति देखिँदैन । समाजमा विद्यमान कुरीति, कुसंस्कार, पितृसत्तात्मक सोंच आदिका कारण अहिले पनि महिलाहरु आर्थिक, सामाजिक, मानसिक, यौनजन्य हिंसाको शिकार हुनुपरेको अवस्था छ । राज्यले समावेशीकरणको नीति अबलम्बन गरेपछि राज्यका निकायहरुमा महिलाहरुको सहभागितामा वृद्धि हुँदै गैरहेको अवस्था देखिन्छ । २०७९ मंसिरमा सम्पन्न प्रदेशसभा निर्वाचनमा गण्डकी प्रदेशमा २१ जना महिला प्रदेश सभा सदस्य निर्वाचित भएको प्रदेश सभा सचिवालयको तथ्यांकबाट देखिन्छ ।[९] त्यसैगरी २०७९ वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा गण्डकी प्रदेशका कूल ८५ स्थानीय तहमा रहेका जम्मा ३,९३७ जनप्रतिनिधिमध्ये १,६२३ (४१%) महिला जनप्रतिनीधिको रुपमा निर्वाचित भएका छन् ।[१०] तथापी अझै पनि नेतृत्व तहमा महिलाहरुको उपस्थिति न्यून नै देखिन्छ । उक्त स्थानीय तह निर्वाचनमा ८५ नगर प्रमुख/अध्यक्ष मध्ये ३ जना मात्रै महिला निर्वाचित भएका छन् ।[११] त्यसैगरी ७५९ वडा अध्यक्षमध्ये १४ जना मात्रै महिला वडा अध्यक्ष निर्वाचित भएका छन् । लामो समयदेखि नागरिकता सम्बन्धी संघीय कानून नबन्दा नागरिकतामा लैङ्गिक भेदभावको अवस्था र कतिपय अवस्थामा आमाको नामबाट नागरिकता लिन अदालतको सहारा लिनुपर्ने बाध्यताका विच भर्खरै जारी नागरिकता विधेयकले उक्त समस्यालाई सम्बोधन गर्ने आशा र विश्वास गर्न सकिन्छ ।

गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराबाट प्राप्त तथ्यांक हेर्दा गण्डकी प्रदेशमा आ.व.२०७८/७९ मा बहुविवाह सम्बन्धी ४०, जवरजस्ती करणीका २११, जवरजस्ती करणी उद्योगका ५०, यौन दुर्व्यवहारको १, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी १६ वटा मुद्दा दर्ता भएकोमा यस आ.व.मा बहुविवाह सम्बन्धी ५२, जवरजस्ती करणीका १७९, जवरजस्ती करणी उद्योगका ३५, बोक्सीको आरोप सम्बन्धी १, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी ६ वटा मुद्दा दर्ता भएको र १४३ जना महिलाले आत्महत्या गरेको देखिन्छ ।[१२] यसरी तुलनात्मक रुपमा अध्ययन गर्दा गत वर्षको तुलनामा बहुविवाह बाहेक

९ https://pradeshsabha.gandaki.gov.np/PradeshSava/Members
१० https://election.gov.np/admin/public//storage/Election_ResultBook_2079/RB_04_Gandaki_Province.pdf
११ उही
१२ गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको च.नं.७०, मिति २०८०।४।१० गतेको पत्रबाट प्राप्त जानकारी ।

अन्य महिला हिंसाका घटनाहरुमा केही कमी आएको अवस्था रहेतापनि रोकिएको अवस्था छैन । यस प्रदेश अन्तर्गत बागलुङ जिल्लाका ग्रामिण तहमा प्रसूति केन्द्र र दक्ष स्वास्थ्यकर्मीको अभावमा सुत्केरी गराउन डेरा खोजेर सदरमुकामा बस्नुपर्ने बाध्यता रहेको पाइएको छ भने बागलुङ जिल्लास्थित धौलागिरी अस्पतालमा प्रसूती तथा स्त्रीरोग विशेषज्ञ चिकित्सकको पदपूर्ति नभएकाले प्रजनन अधिकारवाट वञ्चित हुनुपरेको भनी यस कार्यालयमा निवेदन आएकोमा यस कार्यालयबाट सो को व्यवस्थापनका लागि सम्बन्धित निकायहरुमा पत्राचार गरिएको थियो ।

गण्डकी प्रदेशमा महिला अधिकार संरक्षणमा योगदान पु¥याउने उद्देश्यले लैंगिक समानता र सामाजिक समावेशीकरण निर्देशिका, २०७७, हिंसा पीडित एवम मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरुको संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुर्याई एकीकृत सेवा प्रदान गरी दीर्घकालिन पुनर्स्थापना केन्द्र सञ्चालनका लागि प्रादेशिक पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड, २०७८, गण्डकी प्रदेशका सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८, हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६, एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याइएको छ भने गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको छ । त्यसैगरी, गण्डकी प्रदेश सरकारले लैङ्गिक समानता नीति, २०७९ को मस्यौदा उपर छलफल गरी नीति ल्याउने तयारी गरेको छ। गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत महिला सशक्तिकरणका लागि “सक्षम महिलाः समानान्तर पाइला” कार्यक्रम, हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक कार्यक्रम, एकल महिला, हिंसा पीडित महिला लगायतको अधिकार संरक्षण र आर्थिक तथा सामाजिक अवस्थाको सुदृढीकरणको लागि सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन लागि आवश्यक बजेटको व्यवस्था गरेको देखिन्छ ।

### ३.४ बालवालिकाको अधिकार

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ र बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षभन्दा कम उमेरका मानिसलाई बालबालिकाका रुपमा परिभाषित गरेका छन् । उक्त कानूनहरुमा बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई बालअधिकारको मुख्य स्तम्भका रुपमा लिइएको छ। गण्डकी प्रदेशमा वालवालिकाको अधिकार संरक्षणको लागि प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), गण्डकी प्रदेशमा बालवालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८, लक्षित, विपन्न समूहका, अभिभावक विहिन बालवालिकाहरुका लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धी कार्यविधि, २०७६, सडक तथा बेवारिसे बालवालिका व्यवस्थापन सञ्चालन मापदण्ड, २०७७ लगायतका नीतिगत र कानूनी व्यवस्था गरिएको छ भने पोखरा महानगरपालिकाले समेत वालवालिकाको अधिकार संरक्षणका लागि बालवालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन, २०७४ जारी गरेको छ । गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

र वजेट मार्फत अनाथ बालवालिकाको शिक्षा आर्जन गर्ने अधिकार संरक्षणका लागि "मुख्यमन्त्रीसँग अनाथ बालबालिका" कार्यक्रम, जेहेन्दार, दलित, असहाय, विपन्न एकल महिलाका सन्तति तथा अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति, पूर्ण बौद्धिक अपाङ्गता र अटिजमका समस्या भएका वालवालिकालाई राहतको व्यवस्था आदि गरेको देखिन्छ ।

प्रदेश नीति तथा योजना आयोगको प्रथम पञ्चवर्षिय योजनाको तथ्यांक अनुसार आधार वर्ष २०७५/७६ मा गण्डकी प्रदेशमा ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २७, शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २३ र नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) १५ रहेको छ भने आधारभूत तहमा खुद भर्ना दर ९४.८ प्रतिशत, बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर ५९.८ प्रतिशत रहेको छ ।[१३]

बालवालिकाको स्वास्थ्य अधिकार सुनिश्चिततताको लागि प्रदेशमा नियमित खोप कार्यक्रमहरु संचालन, बालवालिकाको पोषणस्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पूरा नगरी विचमा नै कक्षा छोड्ने समस्या समाधान गर्न सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै बालवालिकालाई दिवा खाजा कार्यक्रम लागू, विद्यालयहरुमा सिमान्तकृत वालवालिकाहरुका लागि छात्रवृत्तिको व्यवस्था, सेनीटरी प्याड सहितको छात्रा शौचालयको व्यवस्था, बाल अधिकारको बारेमा सचेतनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवशका अवसरमा वाल प्रतिभा छनौट लगायतका विविध सचेतनामूलक र सन्देशमूलक कार्यक्रम संचालन, प्रदेश वाल परिषद तथा वालक्लवहरु गठन जस्ता सकारात्मक कार्यहरु भएको पाईन्छ । तथापि प्रचलित कानूनले निर्दिष्ट गरेको बालसंरक्षण समितिको गठन, बालकल्याण अधिकारीहरु तोक्ने कार्य, बालमैत्री स्थानीय शासन संचालन जस्ता प्रावधानहरुको पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन । गरिव र सिमान्तकृत वर्गका वालवालिकाको शिक्षा र स्वास्थ्यमा पूर्ण पहुँच, हिंसा, यौनजन्य दुर्व्यवहार, बलात्कार, बालश्रम, बेचविखन, सडक आश्रित वालवालिकाका सवालहरुको प्रभावकारी संबोधन हुन नसक्दा बाल अधिकार उपभोगमा बाधा पुगेको देखिन्छ । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट प्राप्त तथ्यांक अनुसार गण्डकी प्रदेशमा आ.व.२०७८/७९ मा बालविवाहको ५ वटा, बालयौन दुरुपयोगका ३२, बालवालिका सम्बन्धि ऐन अन्तर्गतका ४ वटा मुद्धा दर्ता भएकोमा आ.व.२०७९/८० मा गण्डकी प्रदेशमा बालविवाहको १ वटा, बालयौन दुर्व्यवहारका ३८ वटा मुद्धा दर्ता भएको पाईन्छ भने ८५ जना बालवालिकाले आत्महत्या गरेको देखिन्छ ।[१४]

विद्यालयहरुमा बालवालिकामाथि शारीरिक दण्ड दिइने प्रवृत्तिमा कमी आउन नसकेको देखिन्छ । मिति २०७९ माघ १० गते तनहुं जिल्लाको घिरिङ गा.पा.वडा नं.३ स्थिति चन्द्रज्योति मा.वि.मा कक्षा १० मा अध्ययनरत ३५ जना विद्यार्थीलाई सोही विद्यालयका प्र.अ.ले कुटपिट गरेको र एकजना छात्रा घाईते भएको, मिति २०७९।११।१९ गते व्यास न.पा.१ गल्बुबेंसी, तनहुं स्थित मादीश्री आवासीय मा.वि.का शिक्षकले कक्षा ६ मा अध्ययनरत १२ वर्षीय बालकलाई कुटपिट गर्दा देब्रे कानको जाली फुटेको, मिति २०८०।०१।१७ गते बागलुङ नगरपालिका वडा नं. ७ स्थित सरस्वती प्रा.वि.का शिक्षकले कक्षा ३ मा अध्ययनरत वर्ष ८ का बालकलाई कुटपिट गरी घाइते बनाएको सञ्चार अनुगमनका क्रममा पाइएको थियो । मिति २०७९।११।०९ गते पोखरा-३३, कास्कीमा बेवारिसे विस्फोटक पदार्थ घरमा लगी खेलाउँदा

१३ प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१)

१४ गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको च.नं.७०, मिति २०८०।४।१० गतेको पत्रबाट प्राप्त जानकारी ।

पड्केर ज्वालामुखी गा.पा.७, धादिङ घर भई पोखरा-३३ बस्ने वर्ष १३ का सविन तामाङ र सुनसरी घर भई ऐ.स्थान बस्ने १५ वर्षका माइकल चौधरी घाईते भएको विषयमा अनुगमन गरी आयोगको पहलमा निजहरुको निःशुल्क उपचार भएको थियो । त्यसैगरी पोखरा उद्योग वाणिज्य संघ अन्तर्गतको बालश्रम न्यूनिकरण कार्यक्रमबाट नयाँबजारस्थित अब्दुल रेहमान मोटरसाइकल वर्कसप र गणेशटोलस्थित मौसम फर्निचर उद्योगमा क्रमशः ९ र १३ वर्षका बालकहरु कार्य गरिरहेको र उनीहरुको उद्धार गर्न यस कार्यालयमा समेत जानकारी आएकोमा श्रम तथा रोजगार कार्यालय पोखराको ध्यानाकर्षण गराइएको थियो । ध्यानाकर्षण पश्चात् सो विषयमा श्रम तथा रोजगार कार्यालयबाट अनुगमन हुँदा निजहरु कार्य गरिरहेको नपाइएको जानकारी प्राप्त भएको थियो । आ.व.२०७९/८० मा बाल अधिकार हनन भएको भनी यस गण्डकी प्रदेश कार्यालयमा १ वटा उजुरी दर्ता भएको छ ।

## ३.५ बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार :

बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको महासन्धि, २००६ लगायत अन्य अन्तर्राष्ट्रिय कानूनहरुले जुनसुकै बहानामा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराधका रुपमा व्याख्या गरेको पाईन्छ । नेपालले पनि बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गरेको अवस्था छ । नेपाल पनि आन्तरिक सशस्त्र द्वन्द्वबाट प्रभावित रह्यो । सोही क्रममा २०५२ साल फाल्गुण १ गते देखि शुरु भएको सशस्त्र द्वन्द्वका क्रममा राज्य र तत्कालीन ने.क.पा.माओवादी दुबै पक्षबाट बलपूर्वक बेपत्ता पार्ने कार्य भए । यसरी बेपत्ता पारिएका नागरिकहरुको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन । नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र वेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने सहमति भएतापनि झण्डै १८ वर्ष वितिसक्दा समेत उनीहरुको अवस्था सार्वजनिक हुन सकेको छैन । बलपूर्वक बेपत्ता पारिएका नागरिकका हकवालाले राज्यबाट प्राप्त गर्ने राहत, सुविधाहरु प्राप्त गरेको आयोगको अनुसन्धानका क्रममा पाइएतापनि हरेक नागरिकको सत्य जान्न पाउने र न्याय प्राप्त गर्ने अधिकारबाट बञ्चित भएको अवस्था छ । द्वन्द्वकालमा बेपत्ता पारिएका नागरिकहरुको खोजी गर्ने र सत्य पत्ता लगाउने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग गठन भएको र निरन्तर कार्य गरिरहको भए पनि परिणाम आउन सकेको छैन । उक्त आयोगहरुको गठन प्रक्रिया अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप नभएको भनी पीडितका परिवार र सरोकारवालाहरुले आवाज उठाउँदै आएको पाईन्छ । आयोगको यस गण्डकी प्रदेश कार्यालय, पोखरामा बेपत्ता पारिएको भनी परेका उजुरीहरुमध्ये ६६ वटा उजुरी उपर अनुसन्धान कार्य जारी रहेको छ ।

## ३.६ यातना विरुद्धको अधिकार :

यातनालाई पनि मानवता विरुद्धको गम्भिर अपराधको रुपमा लिईन्छ । नेपाल समेत पक्ष राष्ट्र भएको यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ ले कुनै पनि व्यक्तिलाई यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने व्यवस्था

गरेको छ । नेपालको प्रचलित कानूनले पनि यातनाविरुद्धका विभिन्न व्यवस्थाहरु गरेको छ । नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २० मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, स्वच्छ सुनुवाईको हक हुने लगायतका व्यवस्था, धारा २२ मा यातना विरुद्धको हकको व्यवस्था गरेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ मा यातना दिन नहुने, दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने लगायतका व्यवस्थाहरु रहेका छन् । नयाँ भौतिक संरचनाहरुको अभावमा धेरैजसो हिरासत तथा कारागारहरुमा क्षमताभन्दा बढी कैदीबन्दीहरु राखिने गरिएको, कतिपय हिरासत तथा कारागार को भौतिक संरचनाहरु जीर्ण रहेका र खानेपानी तथा सरसफाईको समस्या समेत रहेको पाईन्छ । प्रहरी कार्यालयहरु स्रोत साधन सम्पन्न नहुँदा र अनुसन्धान प्रक्रियामा बैज्ञानिक पद्धतिहरु अवलम्बन नगरिँदा अझै पनि यातना दिने कार्य पूर्ण रुपमा अन्त्य हुन सकेको छैन । आ.व.२०७९/८० मा लमजुङ र कास्की जिल्ला प्रहरी कार्यालयमा यातना, अमानवीय वा अपमानजनक व्यवहार भएको भनी यस गण्डकी प्रदेश कार्यालयमा २ वटा उजुरीहरु दर्ता भएका छन् ।

### ३.७ अपाङ्गता भएका व्यक्तिहरुको अधिकार

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई नेपालको संविधानले नै मौलिक हकका विभिन्न धाराहरु मार्फत संरक्षण तथा सम्वर्द्धनको व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि, २००६ र यसको स्वेच्छिक आलेखको नेपाल पक्ष राष्ट्र भईसकेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ र नियमावली २०७७ कार्यान्वयनमा रहेका छन । अपाङ् गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहूँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९, अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना २०७३-२०८२, दिगो विकास लक्ष्य(सन२०१६-२०३०), गण्डकी प्रदेशको अपाङ्गता सम्बन्धी प्रादेशिक नीति, २०७९ जस्ता नीति निर्देशिका तथा लक्ष्यहरु रहेका छन । उल्लेखित संविधान, अन्तराष्ट्रिय सन्धि, ऐन तथा विभिन्न नीति तथा निर्देशिकाहरुले अपाङ्गता भएका व्यक्तिहरुको सम्मानपूर्वक वाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सेवा, सुविधा तथा न्यायमा पहूँच, भेदभाव विरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, राजनीतिमा सहभागिता, नीति निर्माणमा सहभागिता, सूचना तथा सञ्चारमा पहूँच, साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार लगायतका अधिकारहरुको व्यवस्था गरेको छ । त्यस्तै गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत अपाङ्गता भएका व्यक्तिको लागि सहयोगी उपकरण, सशक्तिकरणका लागि समुदायमा आधारित पुनःस्थापना कार्यक्रम साथै स्वरोजगारमूलक तालिम, पूर्ण वौद्धिक अपाङ्गता र अटिजमका समस्या भएका वालवालिकालाई राहतको व्यवस्था गरेको देखिन्छ ।

संविधान, ऐन कानूनमा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण तथा सम्वर्द्धनको लागि विविध व्यवस्थाहरु रहेको भएपनि ऐन कानूनहरुको प्रभावकारी कार्यान्वयन नहुदा व्यवहारिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुले मानव अधिकार उपभोगको महशुस गर्न सकेको अवस्था देखिदैन ।

आयोगको यस कार्यालयमा प्राप्त हुने सूचना, जानकारी तथा कार्यालयवाट प्रदेश अन्तर्गतका जिल्लाहरुमा गरिएको अनुगमन, छलफलवाट प्राप्त तथ्यहरुलाई हेर्दा अपाङ्गता भएका व्यक्तिहरु प्रति नकारात्मक सामाजिक धारणा, अपाङ्गतामैत्री सोचको अभाव, शिक्षामा पहूँच सुनिश्चित हुन नसकेको, अपाङ्गता भएकै कारण विभिन्न भेदभाव हुने गरेका, रोजगारको सुनिश्चितता हुन नसकेको, नयाँ नियुक्ति तथा सरुवा भएर एक विद्यालयवाट अर्को विद्यालयमा जादा अपाङ्गता भएका शिक्षकहरुलाइ विद्यालयले भौगालिक विकटता, अपाङ्गतामैत्री वातावरण नभएको जस्ता कारण देखाई हाजिर नगराएको भनी आयोगको यस कार्यालयमा निवेदन तथा जानकारी प्राप्त हुने गरेका छन्। अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी नियमावली, २०७७ ले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसार व्यक्तिगत सहयोगी सेवा, दैनिक हेरचाह तथा स्याहार सेवा लगायतका सेवा उपलब्ध गराउने भनी उल्लेख भएको देखिन्छ तर व्यवहारिक रुपमा उक्त सेवा कार्यान्वयन हुन सकेको अवस्था देखिदैन । सहयोगी सेवा कार्यान्वयनको लागि आवश्यक पहलको लागि भनी आयोगको यस कार्यालयमा निवेदन तथा जानकारी प्राप्त हुने गरेका छन । सार्वजनिक स्थल तथा सरकारी संरचनाहरुमा अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव, सूचना तथा सञ्चारमा सहज पहूँचको अभाव, सार्वजनिक निकायका सूचना सामग्रीहरु सवै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पहूँचयुक्त नभएका, स्वास्थ्य संस्था लगायत वढी जनसम्पर्क हुने सरकारी कार्यालयहरुमा दोभाषेको व्यवस्था नहुँदा सुनाई तथा दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुले सेवा लिनमा कठिनाई भोग्नुपरेको छ । भौतिक संरचना, प्रक्रियागत झन्झट, कानूनी सचेतनाको अभाव जस्ता अवस्थाले अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहूँच सुनिश्चित हुन सकेको देखिदैन ।

मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु अझै पनि उपचार अभावमा खोरमा थुनिनु पर्ने, वाधिएर वस्नुपर्ने तथा अमानवीय जीवन विताउन परेको अवस्था कायम नै छ । अपाङ्गता भएका वालवालिकालाई विद्यालयले भर्ना लिन अस्वीकार गर्ने, अपाङ्गतामैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलव्ध हुन नसकेको, नीति निर्माण तहसम्म अझै पनि अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँच सुनिश्चित हुन नसकेको तथा अझै पनि अपाङ्गता भएका व्यक्तिहरुलाई अधिकारको दृष्टिकोणबाट भन्दा पनि दया मायाका दृष्टिले हेर्ने गरिएको पाईन्छ । राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षणका लागि गण्डकी प्रदेश सरकारलाई विभिन्न सिफारिसहरु गरेको छ । (हेर्नुहोस अनुसूची ८)

### ३.८ जातीय भेदभाव विरूद्धको अधिकारको अवस्था

नेपालको संविधानमा धारा २४ छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ४० दलितको हक, दलित अधिकारसँग सम्बन्धित शिक्षा ऐन, भूमि सम्बन्धी ऐन, जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन लगायतका कानूनी व्यवस्था तथा तीन तहका सरकार, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग लगायत संस्थागत व्यवस्था र मानव अधिकारको विषयमा सरकारले जातीय भेदभाव विरुद्धको महासन्धि (सर्ड), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि (आई.सी.सी.पी.आर.)

मार्फत अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धता, अदालतले गरेका फैसला तथा संवैधानिक निकायबाट गरिएका सिफारिस लगायतका व्यवस्था हेर्दा दलित अधिकारको विषयमा राज्यबाट सकारात्मक प्रयास भएको देखिन्छ । तर संविधान तथा कानुनी रुपमा जातिय विभेद विरुद्धको हकलाई सुनिश्चित गरिएपनि व्यवहारमा दलित समुदायले कुनै न कुनै प्रकारको विभेदको सामना गरि रहनु परेको आयोगको अनुगमनका क्रममा पाइएको छ। राजनीतिक, सामाजिक, साँस्कृतिक रुपमा दलित समुदायमाथि हुने विभेद नरोकिएको भन्दै त्यस विरुद्ध प्रभावकारी रुपमा सचेतनामुलक कार्यक्रम बढाउनुपर्ने देखिन्छ । संविधानले व्यवस्था गरेको समावेशी सिद्धान्त अनुसार राज्यका विभिन्न निकायमा दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ। हालै सम्पन्न स्थानीय तह निर्वाचनमा गण्डकी प्रदेशका विभिन्न ८५ ओटा स्थानीय तहमा प्रमुख तर्फ १ जना, उपप्रमुखमा २ जना, अध्यक्षमा २ जना,उपाध्यक्षमा २ जना, वडाध्यक्षमा १८ जना, सदस्यमा ९९ जना, दलित महिला सदस्यमा ७३२ जना निर्वाचित भएका छन् भने दलित महिला सदस्यको २७ पदमा प्रतिनिधित्व नै नभएको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ । कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं २४ की निर्वाचित दलित महिला सदस्यलाई सोही वडाका वडा अध्यक्षले मिति २०७९ पुस १८ गतेको वडा बैठकमा अमानवीय व्यवहार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय कास्कीमा पुस १९ गते उजुरी दिन गएकोमा प्रहरीले उजुरी ग्रहण नगरेको भनी सार्वजनिक रुपमा प्रकाशित समाचारप्रति आयोगको गण्डकी प्रदेश कार्यालयको ध्यानाकर्षण भई तत्काल जिल्ला प्रहरी कार्यालय कास्कीमा टेलिफोन गरी घटनाको बारेमा जानकारी लिएको र प्रहरीले २०७९ पुस २४ गते जाहेरी दर्ता गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको भनी आयोगलाई जानकारी प्राप्त भएको थियो । प्रहरीले आरोपित वडा अध्यक्षलाई पुस २५ गते नियन्त्रणमा लिई हिरासतमा राखे कोमा जिल्ला अदालत कास्कीको मिति २०७९ माघ ६ गतेको आदेशबाट रु १ लाख ५० हजार धरौटीमा रिहा भएको जानकारी पाइयो ।

यसै गरी कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं ५ रिभान निवासी सन्तोष परियारले मिति २०७९।११।२५ गते छोराहरुको व्रतवन्ध कार्यक्रम राखेकोमा इष्टमित्र लगायत गाँउलेहरुलाई निमन्त्रणा गरी दलित र गैरदलितहरुलाई छुट्टाछुट्टै भोजको व्यवस्था गरेकोमा व्रतवन्धमा सहभागी हुन आएका आफन्तले दलितहरुको लागि छुट्टै भान्सा हुनु गलत भएको भनी गैरदलिततर्फको भान्सातर्फ अगाडि वढ्दा माछापुच्छ्रे-५ का वडा सदस्यले दलितले छुँदा भान्छा जुठो भएको भन्दै खाना पोखिदिएको भन्ने विषयमा आयोगको टोलीले जिल्ला प्रहरी कार्यालय कास्कीबाट जानकारी लिएको थियो । अनुगमनका क्रममा प्रहरीले मिति २०७९ चैत ६ आरोपितहरुका विरुद्धमा जातिय छुवाछूत र भेदभावमा जिल्ला प्रहरी कार्यालय, कास्कीमा जाहेरी दर्ता गरी उल्लेखित व्यक्तिहरुलाई पकाउ गरी अनुसन्धान सम्पन्न गरेकोमा जिल्ला अदालतको आदेशले आरोपितहरुलाई धरौटीमा रिहा गरेको पाइयो । गण्डकी प्रदेशमा यस आर्थिक वर्षमा कास्कीमा २ र तनहुँमा १ गरी ३ वटा जातीय विभेद विरुद्धका मुद्दा दर्ता भई अनुसन्धान भएको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट जानकारी प्राप्त भएको छ ।[१५] उल्लेखित घटनाहरुलाई हेर्दा कानूनी र संस्थागत व्यवस्थाले मानिसमा रहेको छुवाछूत तथा जातीय भेदभावजन्य सोचाई र व्यवहार परिवर्तन गर्न नसकेको देखिन्छ । आयोगले दलित समुदायको हक अधिकारका संरक्षणका सवालमा

१५ गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको च.नं.७०, मिति २०८०।४।१० गतेको पत्रबाट प्राप्त जानकारी ।

अनुसन्धान, अनुगमन तथा विभिन्न प्रवर्द्धनात्मक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै आएको छ ।

## ३.९ आप्रवासी कामदारहरुको अधिकार

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित वनाउन नेपालको संविधान, वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विभिन्न व्यवस्थाहरु गर्नुका साथै कार्यान्वयनको लागि विभिन्न संस्थागत संरचनाहरु समेत रहेका छन ।

त्यस्तै गण्डकी प्रदेश सरकारले प्रदेशमा रहेको श्रमयोग्य जनशक्तिलाई सुरक्षित र मर्यादित वनाउन श्रम तथा रोजगार नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नीतिले सुरक्षित र मर्यादित कामको अवसर जुटाई रोजगारीको प्रवर्द्धन गर्नु, युवा लक्षित रोजगारका अवसर सिर्जना गर्नु, श्रम सम्बन्धलाई सुमधुर वनाई रोजगारमैत्री लगानीको वाातावरण वनाउनु, वैदेशिक रोजगारीमा रहेका कामदारको व्यवस्थापन गर्नु र वैदेशिक रोजगारका कारण सिर्जित सामाजिक लागत र द्बन्दलाई न्यूनीकरण गर्नु जस्ता उदेश्यहरु नीतिले लिएको छ। त्यस्तै वैदेशिक रोजगारीमा संलग्न कामदारलाई आवश्यक सूचना, सीप, तालिम र न्यायको पहुँच वढाउदै यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र लाभयुक्त वनाउने, वैदेशिक रोजगारीवाट फर्केका कामदारहरुले आर्जन गरेको अनुभव, ज्ञान, सीप, क्षमता, प्रविधि र पूँजीको अधिकतम सदुपयोग गरी स्थानीयस्तर मै स्वरोजगारी तथा रोजगार सिर्जना गर्नु, वैदेशिक रोजगारका कारण सिर्जित पारिवारिक विखण्डन, द्बन्द, हिंसा र शोषणका घटना, वालवालिका र वृद्धवृद्धाको जीवनयापनमा परेका समस्या निराकरण गर्न स्थानीय तहको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने, वैदेशिक रोजगारीका सिलसिलामा रहेका कामदार वा उनका परिवारका सदस्यहरुको मानसिक, शारीरिक वा अन्य पीडा तथा समस्याको अध्ययन गरी समस्याको सम्वोधन गर्ने लगायतका विषयहरु नीतिले लिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वैदेशिक रोजगारी क्षेत्रको तथ्याङ्क संकलन लगायत केही अधिकारहरु स्थानीय तहलाई प्रदान गरेको छ । सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको सूचना तथा तथ्याङ्क संकलन तथा व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि वित्तीय साक्षरता र सीपमुलक तालिमको सञ्चालन, वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको सामाजिक पुनःएकीकरण, वैदेशिक रोजगारीवाट प्राप्त ज्ञान, सीप र उद्यमशिलताको उपयोग जस्ता कामको जिम्मेवारी ऐनले स्थानीय तहलाई दिएको छ । आयोगको यस कार्यालयवाट स्थानीय तहहरुमा हुने अनुगमनको क्रममा अधिकांश स्थानीय तहहरुमा वैदेशिक रोजगार सम्बन्धी कुनै नीति योजना, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा हुन सकेको देखिदैन । प्रत्येक पालिका तहमा रोजगार संयोजकको व्यवस्था भएपनि रोजगार संयोजकको कार्यविवरण अनुरुप कार्यहरु अगाडि वढन सकेको देखिदैन। केही स्थानीय तहहरुले वैदेशिक रोजगारको लागि श्रम स्वीकृतिको लागि इलष्लिभ ँयच्क भर्ने गरेको पाईएको छ । वित्तीय साक्षरता, सीपयुक्त तालिम, पुनःएकीकरण लगायतको पाटोमा केही स्थानीय तहहरुवाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सीपमुलक तालिम र १०० दिनको रोजगारीको कार्य अगाडि वढाएको देखिए पनि अधिकांश स्थानीय तहहरुवाट ऐन

वमोजिम तोकिएका कार्यहरु अगाडि वढ्न सकेको देखिदैन ।

आयोगको यस कार्यालयवाट विभिन्न जिल्लामा गरिएको अनुगमन तथा अन्तरक्रियामा वैदेशिक रोजगारसँग सम्वन्धित विभिन्न समस्याहरु उठ्ने गरेको पाईन्छ। वैदेशिक रोजगारीको लागि देशभित्र तथा बाहिर ठगिनुपर्ने, वैदेशिक रोजगारले सृजना गरेको पारिवारिक बिखण्डन, गन्तव्य मुलुकमा जर्वजस्ती श्रममा लगाउने, यौनशोषण गर्ने, यातना तथा कुटपिटको सामना गर्नुपर्ने, सरकारले घोषणा गरेको फ्रि भिसा, फ्रि टिकटको कार्यान्वयन नभएको, विदेशस्थित कुटनीतिक नियोगहरुवाट उचित सहयोग प्राप्त नभएको जस्ता विषयहरु उठ्ने गरेको पाईन्छ ।

आप्रवासी श्रमिकहरुको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा नेपालको संविधान, वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनहरु लगायत विभिन्न संस्थागत व्यवस्थाहरु भए पनि कार्यान्वयनको अवस्था प्रभावकारी नहुँदा आप्रवासी श्रमिकहरुले उत्पत्तिको देश, बाटोमा पर्ने देश र गन्तव्य देशमा विभिन्न समस्याहरु झेल्नुका साथै म्यानपावर कम्पनीहरुवाट ठगिएका र समयमा नै न्याय प्राप्ति हुन नसकेको देखिदा स्थानीय तह, प्रदेश सरकार, संघ सरकारले आवश्यक कानूनको तर्जुमा गर्नुका साथै भएका कानूनहरु लाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ३.१० आदिवासी जनजातिहरुको अधिकारः

आदिवासी जनजातिहरुको मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्नको लागि राज्यले संविधान तथा ऐन कानूनहरुको व्यवस्था गरेको छ । आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि नं १६९ तथा आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र (ग्ल्म्च्क्षए) को पनि नेपाल पक्ष राष्ट्र भएको छ। उल्लेखित महासन्धि तथा घोषणापत्रले आदिवासी जनजातिहरुको पहिचानको अधिकार, आत्मनिर्णयको अधिकार, स्वशासनको अधिकार, परामर्शको अधिकार, सहभागिताको अधिकार, भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोत सम्बन्धी अधिकार, स्वतन्त्र अग्रिम र सुसूचित सहमति, समावेशिताको अधिकार, भाषिक, स्वास्थ्य, शिक्षा लगायतका अधिकारहरुको व्यवस्था गरेका छन् । नेपालको संविधानले पनि आदिवासी जनजातिहरुको विविध अधिकारहरुलाई समावेश गरेको छ ।

आयोगको यस कार्यालयवाट आदिवासी जनजातिहरुको अधिकार संरक्षण र सम्वर्द्धनको लागि उजूरी ग्रहण गर्ने, उजूरीउपर अनुगमन ,अनुसन्धान गर्ने तथा विभिन्न सम्वर्धनात्मक गतिविधिहरु सम्पादन गर्दै आईरहेको छ । विकास निर्माण लगायत हाईड्रोपावर निर्माण तथा हाईटेन्सन लाईन विस्तारको क्रममा आदिवासी जनजातिहरुसँग स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (FPIC) लिने नगरिएको, आदिवासी जनजातिहरु लाई पर्याप्त मात्रामा सहभागिता गराउने नगरिएको तथा महासन्धि नं १६९ कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना हालसम्म पनि स्वीकृत गरी कार्यान्वयन हुन नसकेको जस्ता सवालहरु आयोगको अनुगमन तथा छलफलको क्रममा सहभागीहरुवाट व्यक्त भएको पाईन्छ । विभिन्न जिल्लामा निर्माणाधिन हाईड्रोपावर निर्माण तथा हाईटेन्सन लाईन विस्तार गर्दा आदिवासी जनजातिहरुसँग पर्याप्त मात्रामा परामर्श तथा सहभागिता नगराएको, स्वतन्त्र, अग्रिम र सुसूचित सहमति नलिई निर्माण कार्य

अगाडि वढाएको, उचित मुआव्जा र शान्तिसुरक्षाको व्यवस्थासँग सम्बन्धित निवेदन तथा गुनासोहरु आयोगको यस कार्यालयमा प्राप्त हुने गरेका छन् ।

## ३.११ जेष्ठ नागरिकको अधिकार

जेष्ठ नागरिकलाई सम्मान गरौं, उनीहरुमाथि कुनैपनि हिंसा, दुर्व्यवहार, अपमान व्यवहार, हेला नगरौं भनी नयाँ पुस्तालाई सन्देश दिने तथा समाजमा सचेतना पुऱ्याउने जस्ता कार्यक्रमहरु विभिन्न संघ संस्था तथा निकायहरुबाट सञ्चालन गरिएको भएपनि समाजमा जेष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार हुन नसकेको आयोगको अनुगमनबाट पाइएको छ । यस प्रकारका हिंसा, दुर्व्यबहार, हेला होचो गर्ने जस्ता घटनाका कारण जेष्ठ नागरिकले सम्मानजनक रुपमा आफ्नो अधिकारको उपभोग गर्नबाट बञ्चित हुनु परेको देखिन्छ । उनीहरुको संरक्षणको पहिलो दायित्व घर परिवार र त्यसपछिको दायित्व स्थानीय सरकारको रहेको हुन्छ । जेष्ठ नागरिकले घर परिवारबाट नै विभिन्न हिंसा र दुर्व्यवहार भोग्न बाध्य भएको अनुगमनका क्रममा बताएपनि त्यस्ता घटनाका सम्बन्धमा प्रहरी कार्यालय तथा अन्य निकायमा निवेदन दिएको पाइँदैन ।

ज्येष्ठ नागरिकहरूलाई राज्यले सम्मान र आर्थिक सुरक्षाका लागि प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता मासिक रु ४,०००।- रहेको छ भने हाल जेष्ठ नागरिक भत्ता पाउने उमेर ६८ वर्ष कायम गरिएको छ । जेष्ठ नागरिक आश्रममा रहेका जेष्ठ नागरिकहरुलाई स्थानीय तहले आश्रममा नै गएर सामाजिक सुरक्षा (जेष्ठ नागरिक भत्ता) वितरण गर्ने गरेको पाइएको छ । जेष्ठ नागरिकमाथि हुने शोषण र दुर्व्यवहारविरुद्ध कानुनी उपचारको भरपर्दो व्यवस्था नभएको र भएका कानुनी व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयन नभएको पाइएको छ । अस्पतालहरुमा जेष्ठ नागरिक कक्ष, जेरियाट्रिक सेवा, सार्वजनिक यातायातमा आरक्षण सिट तथा भाडा छुट, दिवा सेवा केन्द्र सञ्चालन जस्ता व्यवस्थाहरु समेत कार्यान्वयन हुन नसकेको पाइएको छ । गण्डकी प्रदेश प्रहरी कार्यालयको आ.व.२०७९/८० को अभिलेखबाट यस प्रदेशका विभिन्न जिल्लाका गरी ८५ जना जेष्ठ नागरिकले आत्महत्या गरेको पाइएको छ ।[१६]

## ३.१२ लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकार :

लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हक स्थापित गर्ने सन्दर्भमा सर्वोच्च अदालतको भूमिकालाई महत्पूर्ण मानिन्छ । उक्त समुदायको तर्फबाट परेको रिट निवेदनमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले मिति २०६४ पुस ६ गते सम्पूर्ण विभेदकारी कानून संसोधन गर्न आदेश दिएको थियो । हाल लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हक संवैधानिक हकको रुपमा स्थापित भैसकेको छ । नेपालको संविधानको धारा १२ ले लैंगिक पहिचान सहितको नागरिकता प्राप्त गर्ने हक, धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ ले समानतको हक र धारा ४२ ले लैंगिक तथा अल्पसंख्यक समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरेको छ । यसका बाबजुद कानूनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अभाव र कतिपय विभेदकारी कानूनी व्यवस्थाका कारण यस समुदायका नागरिकहरु पूर्ण रुपमा आफ्नो हक अधिकार उपभोग गर्नबाट वञ्चित हुनुपरेको अवस्था

१६ गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको च.नं.७०, मिति २०८०।४।१० गतेको पत्रबाट प्राप्त जानकारी ।

रहेको छ । सर्वोच्च अदालतले २०७१ सालमा समलिंगी विवाहलाई मान्यता दिएर कानून बनाउनका लागि आदेश जारी गरेको भएतापनि २०७४ सालमा जारी भएको मुलुकी देवानी संहितामा यस विषयलाई सम्बोधन गरिएन । उक्त संहिताको २०७४ को दफा ६७ ले महिला र पुरुषविचको विवाहको मात्रै परिकल्पना गरिएको व्यवस्थाले उनीहरुको आफूले रोजेको व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम गरी परिवार बसाउने अधिकारबाट वञ्चित हुनुपरेको अवस्था देखिन्छ । फलस्वरुपः यस समुदायका व्यक्तिहरु लिभिङ टुगेदरको सम्बन्धमा रहने र यसबाट आफ्नै नजिकको साथीबाट समेत दुर्व्यवहार, हिंसाको शिकार समेत हुने गरेको पाईन्छ । उनीहरुको विवाहले कानूनी मान्यता नपाउँदा कर सहुलियत लगायत अन्य धेरै सेवा सुविधाबाट वञ्चित हुनुपरेको देखिन्छ । त्यसैगरी, आफ्नै घर परिवार र समाजबाट वहिष्करण तथा लाञ्छना, दुर्व्यवहार, प्रहरी प्रशासनबाट अनावश्यक हैरानी, विद्यालयमा गरिने फरक व्यवहारबाट शिक्षा प्राप्तिमा कठिनाई, स्वास्थ्य परीक्षणमा कठिनाई र रोजगारीको अवसरमा कमीले सम्मानपूर्वक बाँच्न पाउने अधिकार लगायत मानव अधिकारको पूर्ण रुपमा संरक्षण र संवर्द्धन हुन नसकेको भन्ने यस समुदायका व्यक्तिहरुको गुनासो रहेको पाईन्छ । सर्वोच्च अदालतले मिति २०८० असार १२ गते समलिङ्गी जोडिको अस्थायी विवाह दर्ता गर्न आदेश जारी गरेको भए पनि सोही आदेशलाई आधार मानेर एक जोडी विवाह दर्ता गर्न जाँदा काठमाण्डौं जिल्ला अदालतले दर्ता नगरिदिएको सञ्चार अनुगमनको क्रममा पाइएको छ । आ.व.२०७९/८० मा उक्त समुदायको अधिकार उल्लंघन भएको भनी यस गण्डकी प्रदेश कार्यालयमा उजुरी दर्ता हुन आएको छैन । गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण र आर्थिक तथा सामाजिक अवस्थाको सुदृढीकरणको लागि सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको देखिन्छ ।

### ३.१३ सङ्क्रमणकालीन न्यायको अधिकार :

सशस्त्र द्वन्दबाट गुज्रिएका मुलुकहरुमा दिगो शान्ति स्थापनाका लागि सङ्क्रमणकालीन न्यायको अवधारणा विकास भएको पाईन्छ । सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भिर उल्लंघन तथा मानवता विरुद्धको अपराधमा संलग्म व्यक्तिहरुको बारेमा सत्य खोजी गर्ने, बास्तविक तथ्य सार्वजनिक गरी समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने, पीडितलाई परिपूरणको व्यवस्था गर्ने र गम्भिर अपराधमा संलग्न व्यक्तिलाई कारवाही सिफारीस गर्ने मुख्य उद्देश्यका साथ सङ्क्रमणकालीन न्यायका संयन्त्रहरुको व्यवस्था गरिएको हुन्छ । नेपालमा झण्डै एक दशक चलेको सशस्त्र द्वन्दका कारण राज्य र विद्रोही पक्षबाट भएका मानव अधिकार उल्लंघन र ज्यादतीका पीडित परिवारले हालसम्म पनि न्याय प्राप्त गर्न सकेका छैनन् । नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौता र त्यसपछि राजनीतिक दलहरुबीच भएका सम्झौताहरु एवं नेपालको अन्तरिम संविधान, २०६३ मा सत्यनिरुपण तथा मेलमिलाप आयोग र उच्चस्तरीय बेपत्ता छानवीन आयोगको स्थापना गरी द्वन्द्वपीडित नागरिकहरुलाई न्याय दिने उल्लेख भएपछि मानव अधिकार हनन् बाट पीडित भएका व्यक्तिहरुले राज्यबाट न्याय पाउने अपेक्षा गरिएको थियो । तर शान्ति सम्झौतामा

उल्लेखित ६० दिनभित्र वेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने र ६ महिनाभित्र सङ्क्रमणकालीन न्यायका संयन्त्रहरु स्थापना गर्ने व्यवस्थाका बाबजुद भ्ण्डै ७ वर्षपछि मात्रै संक्रमणकालीन न्यायका संयन्त्रको रुपमा २०७१ साल माघ २८ गते सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगको स्थापना भएतापनि प्रभावकारी ढंगले काम कारवाही अगाडी बढाउन नसक्दा संक्रमणकालीन न्याय प्रक्रिया टुंगोमा पुग्न सकेको छैन । यसले द्वन्द्धपीडितहरुमा थप निराशा र पिडा थपिन पुगेको अवस्था छ । सङ्क्रमणकालीन न्यायलाई व्यवस्थापन गर्न तर्जुमा गरिएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ त्था सो ऐनलाई संसोधन गर्न बनेको विधेयक, २०७९ प्रति पीडित परिवार र सरोकारवालाहरुले चित्त बुझाएको अवस्था छैन । उक्त विधेयक सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानून, मूल्य, मान्यता बमोजिम नभएको र पीडकलाई उन्मूक्ति दिने खालका प्रावधानहरु राखेको भनेर पीडित र सरोकारवालाले आवाज उठाएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले समेत उक्त विधेयकका सम्बन्धमा मिति २०७९।४।२९ गते नेपाल सरकार समक्ष १२ बुँदे सुझाव पेश गरेको थियो । गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र वजेट मार्फत चिकित्सा क्षेत्र लगायत उच्च प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिमा छनौट भएका शहिद र बेपत्ता परिवारका छोराछोरी, द्वन्दपीडित लगायतलाई बजेट व्यवस्था गरेको देखिन्छ ।

### ३.१४ पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्थाः

नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व२०७७/७८–२०८१/८२) लागू भएको दुई वर्ष भईसकेको छ । कार्ययोजनाको समयावधि ५ वर्षको रहेको छ । कार्ययोजनाले मानव अधिकार सम्बन्धी शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, आवास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, वालअधिकार र वाल न्याय, सामाजिक न्याय, खानेपानी र सरसफाई, लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास, वातावरण र दिगो विकास, साँस्कृतिक अधिकार, कानूनी सुधार र न्याय प्रशासन, हिरासत तथा कारागार सुधार, सङ्क्रमणकालीन न्याय, राष्ट्रिय तथा संयुक्त राष्ट्रसंघीय निकायका सिफारीस/सुझाव कार्यान्वयन, मानव अधिकार शिक्षा र सस्थागत सुदृढीकरण गरी १७ ओटा विषयहरु समावेश गरिएका छन् । कार्यान्वयनको लागि उक्त विषयहरुको उद्देश्य, क्रियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय, समय सिमा र कार्यसम्पादन सूचक समेत कार्ययोजनाले स्पष्ट किटान गरेको छ। कार्ययोजना कार्यान्वयन तथा समन्वयको लागि संघीय समन्वय समिति, प्रदेश समन्वय समिति, जिल्ला समन्वय समिति र स्थानीय तह समन्वय समितिको व्यवस्था रहेको छ ।

कार्ययोजना कार्यान्वयनको अवस्थालाई हेर्दा गण्डकी प्रदेशको प्रदेश समन्वय समिति गठन भई ६/६ महिनामा समितिको बैठक वसी समग्र प्रदेशको मानव अधिकारको समीक्षा हुने गरेको छ । प्रदेश समन्वय समितिवाट जिल्ला र स्थानीय तहहरुमा समिति गठन लगायत कार्ययोजना कार्यान्वयनको सम्बन्धमा पत्राचार भएता पनि सवै जिल्ला तथा स्थानीय तहहरुमा समिति गठनले पूर्णता पाउन सकेको देखिदैन । आयोगको यस कार्यालयवाट कार्ययोजना कार्यान्वयनको अवस्था सम्वन्धमा ११ वटा

जिल्ला समन्वय समिति र ८५ ओटा स्थानीय तहहरुमा पत्राचार गरी जानकारी माग गर्नुका साथै विभिन्न जिल्ला तथा स्थानीय तहहरुमा कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन र सहजीकरण समेत गरिएको थियो । आयोगको यस कार्यालयमा प्राप्त जानकारी अनुसार कास्की, लमजुङ, गोरखा, पर्वत, बागलुङ, तनहूँ, म्याग्दी र नवलपरासी(वर्दघाट सूस्ता पूर्व) जिल्लामा पाँचौ मानव अधिकार राष्टिय कार्ययोजना जिल्ला समन्वय समिति गठन भएको छ भने बाँकी जिल्लामा समिति गठन भएको जानकारी प्राप्त हुन आएको छैन । त्यस्तै स्थानीय तहहरुमा आयोगको यस कार्यालयवाट भएको पत्राचार तथा अनुगमनको क्रममा गरिएको सहजीकरण पछि म्याग्दी जिल्लाका रघुगंगा गाउँपालिका, मंगला गाउँपालिका, मालिका गाउँपालिका, पर्वतको जलजला गाउँपालिका, महाशिला गाउँपालिका, बागलुङको गलकोट नगरपालिका, गोरखाको पालुङटार नगरपालिका, अजिरकोट गाउँपालिका, आरुघाट गाउँपालिका, शहिद लखन गाउँपालिका, लमजुङको सुन्दरवजार नगरपालिका, कास्कीको अन्नपूर्ण गाउँपालिका, रुपा गाउँपालिका, माछापुच्छे गाउँपालिका, मादी गाउँपालिका, पोखरा महानगरपालिका, स्याङजाको कालीगण्डकी गाउँपालिका, गल्याङ नगरपालिका, नवलपरासी (वर्दघाट सुस्तापूर्व) को गैडाकोट नगर पालिकामा स्थानीय तह समन्वय समिति गठन भएको जानकारी प्राप्त भएको छ । त्यस्तै गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट बागलुङ र तनहुँ जिल्लाका जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा सहजीकरण गरिदिन भनी आयोगलाई गरिएको अनुरोध बमोजिम उक्त जिल्लाहरुमा गई कार्ययोजनाको विषयमा सहजीकरण गरिएको थियो । सो पश्चात् बागलुङ जिल्लाका तमानखोला गाउँपालिका, ताराखोला गाउँपालिका, बडिगार्ड गाउँपालिका, काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, ढोरपाटन नगरपालिका र निसीखोला गाउँपालिकामा स्थानीय तह समन्वय समिति गठन भएको जानकारी आयोगको यस कार्यालयलाई प्राप्त हुन आएको छ ।

अनुगमनको क्रममा जिल्ला समन्वय समितिलाई कार्ययोजनाको सम्बन्धमा वैठक, अनुगमन लगायतको लागि छुट्टै बजेटको व्यवस्था नहुँदा समितिको वैठक लगायत अनुगमनको लागि समस्या हुने गरेको, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले कार्ययोजना सम्बन्धी प्रचारप्रसार, यस सम्बन्धी अभिमुखिकरण (Orientation) तथा कार्ययोजना समयमा नै उपलव्ध गराई यस वारेमा जानकारी दिने नगरेको जसले गर्दा कार्यान्वयनमा समस्या हुने गरेको, आकस्मिक रुपमा हुने जिम्मेवार कर्मचारीहरूको सरुवाले नियमित वैठक तथा कार्यान्वयनमा समस्या हुने गरेको भन्ने जानकारी प्राप्त हुन आएको थियो । गण्डकी प्रदेशका ८५ ओटा स्थानीय तहहरुमध्ये अधिकांश स्थानीय तहहरुमा स्थानीय तह समन्वय समिति गठनले पूर्णता पाउन सकेको छैन । समिति गठन भएका स्थानीय तह तथा जिल्लामा नियमित वैठक बस्ने नगरेको, जिल्ला तथा स्थानीय तहहरुमा कार्ययोजनाको सम्बन्धमा जानकारी नभएको, स्थानीय तहहरुवाट सम्पादित कार्यक्रमहरुलाई कार्ययोजना सँग Linkage नगरिएको तथा कार्ययोजना राष्ट्रिय मानव अधिकार आयोगको हो भन्ने अधिकाश जिल्ला तथा स्थानीय तहहरुको वुझाई रहेको अनुगमनको क्रममा पाईएको थियो ।

### ३.१५ श्रमिकको मानव अधिकार अवस्था :

श्रम सम्बन्धी अधिकार नागरिकको आधारभूत मानव अधिकार हो । श्रम सम्बन्धी अधिकारलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं नेपालको संविधान र अन्य प्रचलित कानूनमा गरिएको छ । नेपालको संविधान, श्रम ऐन, २०७४ एवं नियमावली, २०७५, अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी विभिन्न महासन्धिहरुले श्रम सम्बन्धी विभिन्न व्यवस्थाहरु गरेका छन् । त्यसैगरी नेपालले समेत कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको संयुक्त राष्ट्र संघद्वारा सन् २०३० सम्मका लागि तय गरिएको १७ वटा दिगो विकास लक्ष्यहरुमध्ये ५औं लक्ष्यमा लैंगिक समानता हासिल गर्ने र ८औं लक्ष्यमा सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशिल रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने उल्लेख छ ।

गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना (आ.व.२०७६/७७-२०८०/८१) मा श्रमिक र रोजगारदाताबीचको सुमधुर श्रम सम्बन्ध स्थापना गरी रोजगारीका नयाँ अवसर सिर्जना गरिने, रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गरिने, श्रम र ज्याला बीचको सन्तुलन कायम गरिने, कार्यस्थलमा हुने हिंसालाई न्यूनीकरण गर्न कानूनको प्रभावकारी कार्यान्वयन गरिने कार्यनीति तय गरिएको छ भने श्रम तथा रोजगार सम्बन्धी ऐन, कानून, कार्यविधि र मापदण्डको निर्माण तथा संसोधन गर्ने, लैङ्गिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने, बजारमा श्रमिकहरुले प्राप्त गर्ने ज्यालाको अनुगमन गर्ने लगायतका कार्यक्रमहरु राखिएको पाईन्छ । गण्डकी प्रदेश सरकारले श्रम तथा रोजगार नीति, २०७८ जारी गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गर्ने एवं रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्ने विषय उल्लेख गरिएको तर श्रमिकको हक अधिकारको विषयमा विस्तृतमा नसमेटिएको पाईन्छ ।

आयोगको यस गण्डकी प्रदेश कार्यालयले श्रमिकको अधिकार उपभोगको अवस्थामा केन्द्रित रही मिति २०८०/०१/२८ देखि २०८०/०२/०३ गतेसम्म नवलपरासी (बर्दघाट-सुस्तापूर्व), तनहुँ र कास्की जिल्लाका विभिन्न उद्योग प्रतिष्ठानहरुमा कार्यरत श्रमिकको मानव अधिकार अवस्थाको बारेमा अनुगमन गरेको थियो । अनुगमनका क्रममा उद्योग, प्रतिष्ठान, संस्था तथा कम्पनीमा श्रम ऐन २०७४ को पूर्ण कार्यान्वयन नभएको पाइयो । सामाजिक सुरक्षा कोषमा केही उद्योग प्रतिष्ठान तथा कम्पनी समावेश भएपनि अन्य बाँकीलाई समेटेको पाइएन । नियमित रोजगारीमा रहेका श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भई सेवा सुविधा प्राप्त गरेको भएपनि समयगत श्रमिकलाई त्यसले सम्बोधन गरेको पाइएन । महिला श्रमिकमाथिको हिंसा र विभेद छिटफुट रुपमा भैरहेको, श्रमिकहरु ट्रेड युनियनमा आवद्ध भएको, नेपालको प्रचलित कानून अनुसार न्यूनतम तलब सुबिधा प्राप्त गरेको, विभिन्न किसिमका विदा उपलब्ध भएको, श्रमिकहरु उनीहरुको आधारभूत अधिकारका बारेमा सचेत रहेको, रोजगार सम्झौता, नियुक्तिपत्र, परिचय पत्र उपलब्ध गराइएको, चाडपर्व खर्च, बोनस, ग्रेड बृद्धि, विमा, व्यवसायजन्य सुरक्षा जस्ता सुविधा प्राप्त गरेको भएपनि नियमित रोजगारी बाहेक समयगत रोजगारीका श्रमिकहरुले उक्त सुविधा पाउन नसकेको पाइयो ।

अतः सामाजिक सुरक्षा कोषमा सबै उद्योग प्रतिष्ठान, संस्था तथा कम्पनी आवद्ध नभएको तथा कार्यरत सबै श्रमिकलाई आबश्यक सचेतनामूलक र कार्यक्षेत्रगत तालिम कार्यक्रम उपलब्ध गराउन नसकेको पाइएकोले नेपाल पक्ष राष्ट्र भएका श्रम सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीका व्यवस्थाहरुको पूर्ण कार्यान्वयन, श्रम ऐन २०७४ र नियमावली २०७५ बमोजिम सम्पूर्ण श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध गराउनुपर्ने, नियमित श्रमिक संगै समयगत श्रमिकहरुलाई दिइने सेवा सुविधामा एकरुपताका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ ।

गण्डकी प्रदेश सरकारको आ.व.२०७९/८० को नीति तथा कार्यक्रमको बुँदा नं. ९४ मा श्रमको सम्मान गरौं भन्ने भावनालाई प्रदेशभर विस्तार गरी समाजमा कामप्रति सकारात्मक धारणा विकास गर्दै युवाहरुलाई काममा लाग्न प्रेरित गरिने र श्रम बजारलाई व्यवस्थित बनाउनका लागि नेपाल सरकार तथा स्थानीय तहसँगको समन्वयमा रोजगार सेवा केन्द्र र रोजगार सूचना केन्द्रलाई प्रभावकारी बनाईने, बुँदा नं. ९५ मा श्रमिक तथा रोजगारदाताबीच सुमधुर सम्बन्ध स्थापित गर्न तथा द्विपक्षीय हकहित सुरक्षित गर्न प्रदेश श्रम ऐन बनाई कार्यान्वयन गरिने, बुँदा नं. ९५ मा स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको सूचीकरण गर्ने कार्य प्रारम्भ गरिने तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई समाजिक सुरक्षाको दायरामा ल्याई उनीहरुको जीवनलाई सहज र सुरक्षित बनाउनका लागि नेपाल सरकार र स्थानीय तहको सहयोगमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याई सामाजिक न्यायको प्रत्याभूति गरिने उल्लेख भएको पाईन्छ ।

# आयोगका गतिविधिहरू

## मानसिक स्वास्थ्य समस्या भएकी विन्दा नेपालीको उद्धार



राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखराको पहलमा नुवाकोट जिल्ला बिदुर नगरपालिका वडा न.१२ स्थायी ठेगाना भई हाल पोखरा ६ गैरीखेत बस्ने मानसिक स्वास्थ्य समस्या भएकी विन्दा नेपालीको उद्धार गरिएको थियो । गोरखा जिल्ला घर र म्याग्दी, वेनी माईत वताउने अन्दाजी ३० वर्ष की आफ्नो नाम पूर्णिमा धिताल वताउने महिला आफ्नो २ वर्ष र ४ वर्षका वच्चाहरु ७/८ महिनाअघि देखि हराएका र खोजतलासको लागि प्रहरीमा जानकारी गराउँदा कुनै सुनुवाई नभएकोले वच्चाहरु खोजिदिन भन्दै आयोगको यस कार्यालयमा आएकी थिईन् । निजको वोली व्यवहार केही असामान्य जस्तो लागेपछि घरवेटी लगायत माईत र घरतर्फका कसैको फोन नम्बर लिएर आउन आयोगवाट आग्रह गरिएको र उनले ल्याएको नम्बरहरुमा सम्पर्क गर्दा निजलाई नचिन्ने भनी फोनमा जानकारी प्राप्त भएको थियो । तत्पश्चात् निज वसीरहेको घरको घरबेटीलाई सम्पर्क गर्दा घरबेटीसँग पनि छोरीहरुको खोजी गरिदिन आग्रह गरेको जानकारी प्राप्त भएको थियो ।

उनको हाउभाउ, वोली व्यवहार, घरभेटीको भनाई सवै कुराहरुलाई विचार गर्दा उनीसँग मनोसामाजिक विमर्शकर्तावाट कुराकानी गर्दा विस्तृत जानकारी प्राप्त गर्न सकिएला भन्ने लागि कोपिला नेपाल र कोशिश नेपालसँगको समन्वयमा मनोसामाजिक विर्मशकतासँगको कुराकानीमा यसअघि उनी माइती नेपालको संरक्षणमा समेत रहेको जानकारी प्राप्त भएको थियो । उक्त जानकारी पश्चात् माईती नेपालमा सम्पर्क गरी निजको स्थायी ठेगाना पत्ता लगाई स्थानीय तहका जनप्रतिनिधि मार्फत निजको घर परिवारका सदस्यसँग कुराकानी भएको थियो । मिति २०७९।४।१८ गते उनको सहोदर भाई नविन दास पोखरा आई छलफल गर्दा उपचार काठमाण्डौमा राखेर गर्न सहज हुने तर आर्थिक अवस्था कमजोर रहेको कारण उपचारमा समेत समन्वय गरिदिन आग्रह गरे बमोजिम यस कार्यालयबाट कोशिश नेपालसँग पहल गर्दा कोशिश नेपालले निजलाई काठमाण्डौंस्थित सुरक्षित गृहमा राखी उपचार गरिदिन राजी भए वमोजिम निज विन्दा नेपालीलाई निजको भाई नविन दासको जिम्मामा वुझाई निजको भाई मार्फत उपचारको लागि कोशिश नेपाल काठमाण्डौ पठाईएको थियो ।

## मानव अधिकार, मानसिक स्वास्थ्य र आत्महत्या रोकथाम सम्बन्धी अभिमुखीकरण कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय,पोखराको आयोजना तथा राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन (कोशिश) नेपालको समन्वय/सहकार्यमा सुरक्षाकर्मीका लागि मानव अधिकार, मानसिक स्वास्थ्य र आत्महत्या रोकथाम सम्बन्धी अभिमुखीकरण कार्यक्रम २०७९ भदौ १



गते पोखरामा सम्पन्न भयो । कार्यक्रममा कास्की जिल्लाका विभिन्न प्रहरी कार्यालयहरुमा कार्यरत ३५ जना जनपथ प्रहरीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा मानव अधिकारको विषयमा आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदी र मानसिक स्वास्थ्य एवं आत्महत्या रोकतामका सम्बन्धमा साईक्याटिक डाक्टर रविराज तिमिल्सिनाले सहनीकरण गर्नुभएको थियो । सहजीकरण पछिको छलफलमा वेवारिसे व्यक्तिहरुको उद्धार, मानसिक स्वास्थ्यको प्रवर्द्धन तथा आत्महत्या रोकथाममा अभिमुखीकरण कार्यक्रमले धेरै कुराहरु उजागर गरेको र यसले आगामी दिनमा कार्य क्षेत्रमा कार्य गर्नमा सहयोग पुग्ने भन्ने अधिकाशं सहभागीहरुको भनाई रहेको थियो ।

## ७४ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस विविध कार्यक्रमका साथ सम्पन्न




राष्ट्रिय मानव अधिकार आयोग पोखराको संयोजन तथा गण्डकी प्रदेश सरकार र विभिन्न संघसस्थाहरु सँगको समन्वय र सहकार्यमा ७४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम १० डिसेम्वर मिति २०७९ मंसिर २४ गते पोखरामा सम्पन्न भएको थियो । Dignity, Freedom and Justice for All भन्ने अन्तर्राष्टिय नारा तथा न्याय, सम्मान र मर्यादित रोजगारःहामी सवैको सरोकार भन्ने राष्ट्रिय नाराका साथ प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको हो । पोखराको सिर्जनाचोकबाट व्यानर र प्लेकार्ड सहित शुरु भएको प्रभातफेरी कार्यक्रम जिल्ला समन्वय समितिको सभाहलमा पुगी शुभकामना मन्तव्य सहित समापन भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय कृष्णचन्द्र पोखरेल नेपालीले नेपालमा लामो संघर्षपछि प्राप्त संविधानमा उल्लेख गरिएका मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वयन गर्न सके मानव अधिकार सुनिश्चित हुने वताउदै गण्डकी प्रदेश सरकार नागरिकको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा जिम्मेवार तवरले अगाडि वढिरहेको भन्दै यसमा सवै सरोकारवालाहरुको सहयोग हुनुपर्ने कुरामा जोड दिनुभएको थियो । उहाँले प्रदेश सरकारवाट मानव अधिकार संरक्षणको लागि विभिन्न ऐन, नीति तथा निर्देशिकाहरु जारी भएको उल्लेख गर्दै कार्यान्वयनमा निरन्तर खवरदारी गर्न आग्रह समेत गर्नुभएको थियो । मानव अधिकारलाई कार्यान्वयन गर्न मुलुकमा ३ तहकै सरकार कियासील रहेको भन्दै पोखरेलले सामाजिक, आर्थिक, साँस्कृतिक गतिविधिका लागि सञ्चालित सवै कार्यक्रम अन्ततः मानव अधिकारसँगै जोडिने हुदा कार्यान्वयनमा लाग्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।



पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्यले राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्रको पहलकदमीकै कारण मानव अधिकारको क्षेत्र सुदृढ हुदै गएको र पोखरा महानगरवासीको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा निरन्तर क्रियाशील रहेको भन्दै ७४औ अन्तराष्ट्रिय मानव अधिकार दिवसको सबैमा शुभकामना व्यक्त गर्नुभएको थियो ।

जिल्ला समन्य समिति कास्कीका समन्य प्रमुख लिलाधर पौडेलले देशमा राजनीतिक दलहरुले संघर्ष गरेर व्यवस्था परिवर्तन गरे पनि त्यस अनुरुप नागरिकहरुमा मानव अधिकारको प्रत्याभुति हुन नसकेको र मानव अधिकार उल्लघंनका घटनाहरु दिनदिनै वढिरहेको भन्दै कानून कार्यान्वयनमा संघ, प्रदेश तथा स्थानीय तह लाग्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव रविलाल पन्थले प्रदेश सरकार प्रदेशस्तरवाट निर्माण गर्ने कानूनको तर्जुमामा जुटिरहेको र केही नीति तथा कानूनहरु निर्माण भई कार्यान्वयनमा समेत रहेको बताउनुभएको थियो । उहाँले नेपाल सरकारले जारी गरेको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन चरणमा रहेको बताउँदै कार्ययोजनामा रहेका विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दा नागरिकको धेरै मानव अधिकारका सवालहरु सम्वोधन हुने उल्लेख गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य गोविन्द शर्मा पौड्यालले ७४औ अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा उपस्थित सवैमा शुभकामना व्यक्त गर्दै स्थापनाकालदेखि “ए” श्रेणीमा रहेको नेपालको राष्ट्रिय मानव अधिकार आयोगलाई हाल अन्तर्राष्ट्रियस्तरमा ग्रेडिङ गर्ने संस्थावाट प्रश्न उठाएको अवस्था रहेको र देशमा मानव अधिकारको अवस्था पनि सन्तोषजनक नभएको हुँदा नागरिक समाजले सरकारलाई निरन्तर खवरदारी गर्न आग्रह गर्नुभएको थियो ।

शान्तिका लागि नागरिक समाज सञ्जाल तथा मानव अधिकार महाभेला गण्डकी संयोजक बिना सिलवालले महिला तथा वालवालिका माथि हुने हिंसाका घटनाहरु बढिरहेका, बेवारिसे वालवालिकाको जन्म दर्ता, नागरिकता प्राप्तिमा समस्या नै रहेको, हिंसा पीडित महिलाहरुको लागि सुरक्षा गृह निर्माण हुन नसकेको र राज्यले वनाएका कानूनहरुको फितलो कार्यान्वयनले गर्दा पीडितहरुको न्याय प्राप्तिमा समस्या रहेको बताउनुभयो ।



आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख मायादेवी शर्माले मानव अधिकारको संरक्षण, सम्बर्धन र परिपूर्ति गर्नुपर्ने राज्यको अन्तर्राष्ट्रिय दायित्व बमोजिम हाम्रो

देशमा संघ, प्रदेश र स्थानीय तहमा विभिन्न विषयगत कानुन, नीति, कार्ययोजना र निर्देशिकाहरु निर्माण भई कार्यान्वयनमा रहेतापनि हाम्रो सोच, व्यवहार र परम्परागत मानसिकतामा परिवर्तन नहुँदा, केही संरचनागत र नीतिगत तथा व्यवहारिक कठिनाईका कारणपनि हामीमाझ भएका सकारात्मक व्यवस्थाहरुको प्रभावकारी र पूर्णरुपमा कार्यान्वयन हुन नसकको, सिमान्तकृत समुदायहरु अझैपनि आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको उपभोगबाट बञ्चित रहेका, हिंसामा परेका पीडितलाई न्याय प्राप्तिमा कठिनाईको अवस्था कायमै रहेको र दण्डहिनताको अन्त्य हुन नसकिरहेको अवस्था विद्यमान हुँदा यस तर्फ हामीहरु सबैले मनन् गर्नुपर्ने देखिएको बताउनुभयो । उहाँले आगामी दिनहरुमा प्रदेश सरकार, रा.मा.अ.आयोग लगायत सबै सरोकारवाला निकायहरुले हातमा हात मिलाई समन्वय र सहकार्य गर्दै मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनलाई अगाडी बढाउनुपर्ने विषयमा जोड दिनुभयो । अन्त्यमा, ७४औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सर्न्दभमा आयोजित कार्यक्रममा पाल्नुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिहरुलाइ धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख मायादेवी शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रदेश मन्त्रालयका सचिवहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी निकाय, नागरिक समाज, मानव अधिकारकर्मी लगायत करिव ३०० जनाको सहभागिता रहेको थियो । यसैगरी राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश सरकार र नागरिक समाज, विभिन्न सामाजिक संघसस्था आवद्ध मानव अधिकार महाभेलाले अन्तर्राष्ट्रिय मानव अधिकार दिवस ३ दिनसम्म सभ्य र भव्य रुपमा उत्सवको रुपमा मनाउने सम्बन्धमा छलफल भएकोमा सोही वमोजिम ८ डिसेम्वरमा रक्तदानवाट शुभारम्भ भई ९ डिसेम्वरमा मानव अधिकार रक्षकहरुको अवस्था सम्बन्धमा छलफल कार्यक्रमका साथै पोखराको मानव अधिकार चोकमा साँझपख दीप प्रज्ज्वलन गरी कार्यक्रमको समापन गरिएको थियो ।

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयक छलफल**



राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखरा र ह्युमन राईट्स एण्ड जस्टिस सेन्टरको संयुक्त आयोजनामा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका एवं संयुक्त राष्ट्र संघको मानव अधिकार समितिका निर्णय कार्यान्वयन विषयक छलफल कार्यक्रम मिति २०७९ कार्तिक २४ गते सम्पन्न भएको छ । उक्त कार्यक्रममा बजेटको सीमितताले गर्दा अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक), राष्ट्रिय पत्रकार महासंघ, आदिवासी जनजाति महासंघ, दलित महिला संघ, कोपिला नेपाल र वकालत मञ्च पोखराका प्रतिनिधिहरुको मात्रै सहभागिता रहेको थियो । कार्यक्रममा “नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र कार्यान्वयनमा र

ाष्ट्रिय मानव अधिकार आयोगको भूमिका” विषयमा आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख माया देवी शर्माले र “संयुक्त राष्ट्र संघको मानव अधिकार समितिका निर्णय कार्यान्वयन” विषयमा अधिवक्ता सलिना काफ्लेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । छलफलमा वालवालिकाको नागरिकता, कारागारमा रहेका वालवालिका,

## अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोधहरु पहिचान तथा समावेशी न्यायिक प्रणाली कार्यशाला



राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखराको आयोजना र राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशको समन्य एवं सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोधहरु पहिचान तथा समावेशी न्यायिक प्रणाली सम्बन्धी कार्यशाला २०७९ पुष १४ र १५ गते पोखरामा सम्पन्न भयो । कार्यशालामा कास्की जिल्लाका न्यायिक, प्रशासनिक, स्थानीय तह र सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु गरी २२ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा अपाङ्गता र यसको विविधता सम्बन्धमा राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश अध्यक्ष खोमराज शर्मा, न्यायमा पहुँचको अवधारणा, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ मा भएका व्यवस्थाहरु र अदालतका फैसला सम्बन्धमा माननीय जिल्ला न्यायाधीस प्रकाश खरेल, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि, २००६ मा भएका व्यवस्थाहरु र कार्ययोजना निर्माण सम्बन्धी अपाङ्ग महासंघकी सरिता लामिछाने र अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहूँचका अवरोधहरु पहिचान सम्बन्धी अध्ययनवाट प्राप्त तथ्यहरुको सम्बन्धमा आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीले सहजीकरण गर्नुभएको थियो ।

सहजीकरण पछि अपाङ्गता भएका व्यक्तिहरुले सार्वजनिक निकायमा सेवा लिने क्रममा भोग्नु परेको भौतिक संरचनासँग सम्बन्धित अवरोध, सूचना तथा संचारसँग सम्बन्धित अवरोध र उजूरी दर्तासँग सम्बन्धीत अवरोधहरुको वारेमा सहभागीहरु माझ छलफल भएको थियो । छलफल कै क्रममा अवरोधहरुलाई हटाउन आफनो कार्यालयवाट गर्न सकिने विषयका सम्वन्धमा सहभागीहरुले धारणा समेत राखेका थिए । पुराना भौतिक संरचना, अपाङ्गता भित्रको विविधता सम्वन्धमा पर्याप्त ज्ञानको कमी जस्ता अवस्थाले गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई सहजरुपवाट सेवा प्रवाह हुन नसकेको महशुश सहभागीहरुले गरेका थिए । साथै अस्पताल, वैकिङ क्षेत्रमा पनि अपांगता भएका व्यक्तिहरुले सेवा लिने क्रममा विभिन्न अवरोधहरु सामना गर्नु परिरहेको हुँदा यी क्षेत्रमा पनि अध्ययन भए अवरोध न्यूनीकरणमा सहयोग पुग्ने थियो भन्ने सहभागीहरुको सुझाव समेत रहेको थियो ।

समग्रमा कार्यशाला गोष्ठीको उपादेयतालाई हेर्दा अपाङ्गता र अपाङ्गता भित्रको विविधतालाई सरो कारवाला निकायहरुलाई बुझाउन सहयोग पुगेको, अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहूँचका अवरोधहरु पहिचान तथा आगामी दिनहरुमा सुधार गर्ने प्रतिवद्धता सहभागीहरुबाट व्यक्त भएका, अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहूँच अभिवृद्धि गर्न सरोकारवाला निकायहरुवीच समन्वय र सहकार्य अभिवृद्धि भएको थियो ।

## मानव अधिकार तथा मानसिक स्वास्थ्यको नीति तथा कार्यक्रम सम्बन्धमा सरोकारवालाहरुबीच छलफल कार्यक्रम




राष्ट्रिय मानव अधिकार आयोक गण्डकी प्रदेश कार्यालय पोखराको आयोजना तथा राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन (कोशिश) नेपालको समन्वय/सहकार्यमा २०७९ माघ २४ गते पोखरामा मानव अधिकार तथा मानसिक स्वास्थ्यको नीति तथा कार्यक्रम सम्बन्धमा सरोकारवालाहरुविच छलफल कार्यक्रम सम्पन्न भएको छ ।

आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख माया देवी शर्माको अध्यक्षता, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका स्वास्थ्य सचिव डा.विनोद विन्दु शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्वास्थ्य निर्देशनालय, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्र, पोखरा महानगरपालिका लगायत मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत विभिन्न संघसस्था, मानव अधिकारकर्मी, नागरिक समाज, पत्रकार लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा स्वास्थ्य



निर्देशनालय र सामाजिक विकाश महाशाखावाट मानसिक स्वास्थ्य एवं मानसिक तथा मनोसामाजिक अपाङ्गताको सम्वन्धमा प्रदेशस्तरका नीति, योजना, कार्यक्रम एवं कार्यान्वयनको अवस्था सम्वन्धमा प्रस्तुतीकरण सहित छलफल भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि एवं सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका स्वास्थ्य सचिव डा. विनोद विन्दु शर्माले मानसिक स्वास्थ्य सम्बन्धी राष्ट्रिय नीति र निर्देशिका बमोजिम मानसिक स्वास्थ्यको सवालमा काम गर्ने भन्दा बढी समस्या भएको क्षेत्रमा कार्यक्रम केन्द्रीत गरी मानसिक स्वास्थ्यको समस्या आउन नदिनको लागि पूर्व तयारीका कार्यक्रम मन्त्रालयवाट सञ्चालन गर्ने जानकारी गराउनु भएको थियो । प्रदेश सरकारले प्रदेश स्वास्थ्य नीति, २०७८ कार्यान्वयनमा ल्याएको जनाउदै जिल्ला अस्पतालहरुबाट मानसिक स्वास्थ्यको अन्तरंग र वहिरंग सेवा विस्तारमा मन्त्रालय लागेको जानकारी गराउँदै मनोचिकित्सकको आवश्यक दरवन्दी नहुदा सेवा

विस्तारमा कठिनाई भएको भन्दै यस तर्फ मन्त्रालय लागेको वताउनुभएको थियो ।
स्वास्थ्य निर्देशनालय, गण्डकीका निर्देशक खिम बहादुर खड्काले मानसिक स्वास्थ्यको सवालमा औषधीको साथसाथै परामर्शको महत्व समेत वढी भएको देखिदा यस तर्फ निर्देशनालयले आफना नीति तथा कार्यक्रमलाई केन्द्रीत गरेको भन्दै स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी विभिन्न तालिम कार्यक्रम मार्फत मानसिक स्वास्थ्यको सेवा प्रवाहलाई वढाउदै लगिएको जानकारी गराउनुभएको थियो । उहाँले मानसिक स्वास्थ्य सम्बन्धी औषधीको उपलव्धता भएपनि आवश्यक दक्ष स्वास्थ्यकर्मी नहुदा सेवाप्रवाहमा परेको कठिनाईलाई हटाउन निर्देशनालय लागिपरेको वताउनुभएको थियो । कोशिशका कार्यकारी निर्देशक मातृका देवकोटाले मानसिक स्वास्थ्य समस्या दिन प्रतिदिन वढदै गएको र यसले नागरिकको स्वस्थ्य भएर वाँच्न पाउने अधिकारमा आघात पुगेको भन्दै यसतर्फ सवै सरोकारवालाहरु लाग्नुपर्ने कुरामा जोड दिनुभएको थियो । कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका मानसिक विभाग प्रमुख डा. लिपा वैद्य, प्रदेश स्वास्थ्य तालिम केन्द्र प्रमुख लगायतले मानसिक स्वास्थ्य सम्बन्धमा भएका कार्यक्रम र सेवा प्रवाहमा आएका समस्या तथा चुनौतीहरुलाई उजागर गर्नुभएको थियो ।
राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय प्रमुख माया देवी शर्माले मानसिक स्वास्थ्य समस्या वढदै गएको र राज्यले यसलाई जति प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने थियो त्यो नहुँदा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुले सहजरुपमा सेवा प्राप्त गर्न नसकेको भन्दै उनीहरुको स्वास्थ्यको हक सुनिश्चित गर्नको लागि प्रदेश सरकार तथा स्थानीय तहहरु गंभीर भएर लाग्न आग्रह गर्नुभएको थियो । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, आवास, रोजगार, खाद्य, स्वतन्त्र आवागमन लगायतका आधारभुत मानव अधिकारहरुको प्रत्याभूत हुन नसकेको भन्दै यसतर्फ सवै सरोकारवाला निकायहरु लाग्नुपर्नेमा जोड दिनुभएको थियो ।

### आयोगको २३ औं वार्षिकोत्सव समारोह

राष्ट्रिय मानव अधिकार आयोग,गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा आयोगको २३ औं वार्षिकोत्सव समारोह २०८० जेठ १२ गते पोखरामा सम्पन्न भयो। राष्ट्रिय मानव अधिकार आयोग,गण्डकी प्रदेश कार्यालय पोखराका कार्यालय प्रमुख माया देवी शर्माको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका माननीय मुख्य मन्त्री सुरेन्द्रराज पाण्डे रहनु भएको थियो । कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थ, पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल




तिम्सीना, शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका संयोजक विना सिलवाल, राष्ट्रिय अपाङ्ग महासंघ गण्डकीका अध्यक्ष खोमराज शर्मा, सुरक्षा निकायका गण्डकी प्रदेश प्रमुख एवं प्रतिनिधि, गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिवहरु तथा विभिन्न सामाजिक संघ संस्थाका प्रमुख

एवं प्रतिनिधीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा शुभकामना व्यक्त गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राष्ट्रिय मानव अधिकार आयोगलाई आफ्नो क्षेत्राधिकारको दायरा फराकिलो पार्न सुझाव दिनुभयो। उहाँले राज्यपक्षबाट मात्रै भएको उल्लंघनका घटना आयोगको विषय परेको भन्दै हामी सवै नागरिकले पाउनुपर्ने



मानव अधिकार पाए नपाएको विषयमा समेत आयोगले अनुगमन तथा अनुसन्धान गरी दायरा बढाउनु पर्नेमा जोड दिनुभएको थियो । उहाँले समाज तथा समुदायमा मानव अधिकार र कर्तव्यका विषयमा सचेतना पुऱ्याउनु पर्ने भन्दै सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरेर नागरिकको मानव अधिकार संरक्षणमा अगाडि बढ्न आयोगलाई सुझाव दिनुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थले आम नागरिकको सभ्य र मर्यादित जीवन नै मानव अधिकार भएको उल्लेख गर्दै मानव अधिकारको सम्मान, संरक्षण र त्यसको प्रभावकारी कार्यान्वयनको दायित्व राज्यको भएको बताउनुभएको थियो । उहाँले सरकार मानव अधिकारको संरक्षणका सवालमा कार्ययोजना बनाएर अगाडि बढेको बताउँदै हाल मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको चरणमा रहेको जानकारी दिनुभयो । प्रदेश सरकारको नीति तथा कार्यक्रम मानव अधिकारमैत्री रहेको जानकारी दिदै विभिन्न मन्त्रालयसँग समन्वय र सहकार्य गरेर मानव अधिकार कार्ययोजनालाई कार्यान्वयनमा लैजाने बताउनुभएको थियो । उहाँले राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारले तर्जुमा गरेको मानव अधिकार सम्बन्धी कार्ययोजनाको स्थानीय स्तरमा कार्यान्वयन अवस्था र उक्त विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न तथा सार्वजनिक पदाधिकारीलाई कर्तव्य पालनामा जिम्मेवार र जवाफदेही बनाउनका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि सुझाव दिनुभएको थियो ।

पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल तिम्सीनाले नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता र नेपालको संविधान तथा कानूनको सफल कार्यान्वयनबाट नै मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्ने बताउदै मानव अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनमा स्थानीय सरकारले समन्वय र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका संयोजक बीना सिलवालले मानव अधिकार आयोग र नागरिक संघ संस्थाहरु मानव अधिकार संरक्षण,सम्बर्द्धन तथा प्रवर्द्धनका क्षेत्रमा सहकार्य गर्दै अगाडि बढेको बताउनुभएको थियो ।

कार्यक्रममा आयोगद्वारा प्रकाशित अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोध पहिचान

सम्बन्धी अध्ययन प्रतिवेदन कार्यक्रमका प्रमुख अतिथि माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सार्वजनिक गर्नु भएको थियो । अध्ययन प्रतिवेदनका बारेमा बोल्दै राष्ट्रिय अपाङ्ग महासंघ गण्डकीका अध्यक्ष खोमराज शर्माले अपाङ्गता भएका व्यक्तिले पनि आधारभूत मानव अधिकारको अनुभूति गर्न पाउनुपर्ने बताउनुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँचका अवरोधहरुको बारेमा प्रतिवेदनमा विस्तृत रुपमा समावेश भएको उल्लेख गर्दै अपाङ्गता भएका व्यक्तिको विविधता र आवश्यकतामा ध्यान दिनु पर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख माया देवी शर्माले आयोगले एक वर्षको अवधिमा मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्य लगायतका गतिविधिका बारेमा जानकारी गराउनु भएको थियो ।

# उपलब्धि, चुनौती र समाधानका उपायहरू

## ५.१ उपलब्धिहरु

आयोगको गण्डकी प्रदेश कार्यालय पोखरा स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण र संवर्द्धनको कार्यमा निरन्तर रुपमा काम गर्दै आइरहेको छ । यस अवधिमा कार्यालयबाट मनाङ्ग र मुस्ताङ जिल्ला बाहेकका ९ वटा जिल्लाहरुमा मानव अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ । जसमा मानव अधिकारका विविध विषयमा अनुगमन, मानव अधिकार उल्लंघनका उजुरी उपर अनुसन्धान, विभिन्न संघ संस्थाहरुसँगको सहकार्य र समन्वयमा सम्वर्द्धन लगायतका कार्यक्रमहरु रहेका छन् ।

यस कार्यालयले प्रदेश सरकार, नागरिक समाज, प्रहरी प्रशासनको सहकार्यमा अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्वर) पोखरामा सम्पन्न गरेको छ भने कोशिश नेपालसँगको समन्वय र सहकार्यमा मानव अधिकार, मानसिक स्वास्थ्य र आत्महत्या रोकथाम सम्बन्धी सुरक्षाकर्मीको लागि अभिमुखीकरणका साथै गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य र मानव अधिकार सम्बन्धी नीति, योजना, कार्यक्रम र कार्यान्वयनको अवस्था र भावी योजना सम्बन्धी छलफल, ह्युमन राईट्स एण्ड जस्टिस सेन्टरसँगको समन्वय र सहकार्यमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका एवं संयुक्त राष्ट्र संघको मानव अधिकार समितिका निर्णय कार्यान्वयन विषयक छलफल कार्यक्रम, राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश कार्यालयको समन्वय र सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोधहरु पहिचान तथा समावेशी न्यायिक प्रणाली सम्बन्धी कार्यशाला लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् । त्यसैगरी यस कार्यालयले पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्थाको अनुगमनका साथै गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा बागलुङ र तनहुँ जिल्लामा कार्ययोजनाका बारेमा सहजीकरण गरेको छ । यस अवधिमा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन र उपनिर्वाचन, प्रकोप तथा महामारीमा मानव अधिकार अवस्था, जातीय भेदभाव, कारागारमा रहेका कैदी बन्दी र बालसुधारगृहमा रहेका बालकको अधिकार, श्रमिकको मानवअधिकार, उपभोक्ता तथा खाद्य अधिकार लगायत विविध विषयमा १८ पटक अनुगमन कार्य सम्पन्न गरिएको छ ।

यस अवधिमा यस कार्यालयवाट मानव अधिकारका विभिन्न विषयमा आएका निवेदन तथा मौखिक गुनासाहरुका सम्बन्धमा २५ पटक परामर्श सेवा प्रदान गरिएको छ । विभिन्न संघसंस्थाहरुले आयोजना गरेका १०७ वटा कार्यक्रमहरुमा यस कार्यालयवाट प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिको रुपमा सहभागीता, १७ वटा कार्यक्रममा स्रोत व्यक्ति तथा सहजकर्ता र विभिन्न ४ वटा सञ्चार माध्यममा आयोगको सहभागिता रही मानव अधिकारको संवर्द्धन कार्यमा संलग्न रहेको थियो । मानव अधिकार उल्लंघन भएको भनी दर्ता भएका ५५ वटा उजूरी आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाइएको

छ । यातना एवं अमानवीय व्यवहार र बालवालिकाको शिक्षाको अधिकार सम्बन्धी ३ वटा उजुरीहरु यस कार्यालयमा दर्ता भएका छन् । यस कार्यालयबाट पठाइएका विभिन्न ७ वटा उजुरीको सम्बन्धमा आयोगबाट निर्णय भएको छ ।

आयोगको कामलाई प्रभावकारी ढंगले सम्पादन गर्ने उद्देश्यले खरिद इकाई, लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति, आयोगको छैटौं रणनीतिक योजना कार्यान्वयन समितिहरुको गठन गरिएको छ । गण्डकी प्रदेश सरकार, सुरक्षा निकाय, मानव अधिकारका विभिन्न विषयमा काम गर्ने संघ संस्थाहरुसँग निरन्तर भेटघाट र छलफलबाट सम्बन्ध बिस्तार र सहकार्यमा अभिवृद्धि भएको छ ।

## ५.२ चुनौती/समस्याहरु :

### ५.२.१ संस्थागत चुनौती/समस्याहरु

- ❖ आयोगको आफ्नै कार्यालय भवन नहुँदा कार्यालयको आवश्यकता अनुसार अपाङ्गतामैत्री बनाउन, स्तनपान कक्ष, विमर्श कक्ष व्यवस्थापन गर्न कठिनाई रहेको ।
- ❖ स्विकृत दरबन्दी बमोजिम कर्मचारीको व्यवस्थापन नहुँदा जनशक्ति अभाव रहेको । साथै, महिला तथा बालिकामाथि हुने हिंसाका उजुरीमा आवश्यक मनोपरामर्शका लागि महिला कर्मचारी अभाव रहेको ।
- ❖ कार्यालयमा चार पाङ्ग्रे सवारी साधन एउटा मात्र हुँदा वार्षिक कार्यक्रम सम्पन्न गर्न कठिनाई रहने गरेको ।
- ❖ कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम, वृत्ति विकास, वैदेशिक तालिम र भ्रमणमा समान अवसरको कमी हुँदा उत्प्रेरणा र मनोवलमा असर परेको ।
- ❖ बसाईसराईं, बैदेशिक रोजगार, ठेगाना परिवर्नतले अनुसन्धानका उजुरी उपर प्रमाण संकलनमा कठिनाई हुने गरेको ।
- ❖ आयोगबाट भएका सिफारीसहरुको पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको ।

### ५.२.१ मानव अधिकारसँग सम्बन्धित चुनौती/समस्याहरु

- ❖ महिला हिंसा तथा जातीय भेदभाव लगायतका कतिपय घटना उजूरी प्रक्रियामा नगई प्रलोभन र दबाबमा मिलापत्रतर्फ लैजान खोज्ने प्रवृति कायम नै रहेको ।
- ❖ कतिपय पीडितहरु उजूरी प्रक्रियामा जान अनिच्छुक रहने र प्रहरी प्रतिवेदनका आधारमा समेत कार वाही प्रक्रिया अगाडि नबढ्ने ।
- ❖ अनुसन्धानको प्रमुख जिम्मेवारी पाएको प्रहरी स्रोत साधन सम्पन्न नहुँदा अनुसन्धान प्रभावकारी हुन नसकेको ।
- ❖ संविधानको मौलिक हकमा अपराध पीडितको हक रहेको भएपनि पीडित र साक्षीको सुरक्षा नहुनु, सूचनाको गोपनियतामा पर्याप्न ध्यान नदिईनु ।
- ❖ अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्रोत साधन सम्पन्न नहुनु । साथै हिंसापीडितहरुका लागि पुर्नस्थापना गृह तथा मनोसामाजिक विमर्श केन्द्रहरुको अभाव ।

- ❖ बैदेशिक रोजगारीमा हुने ठगी, मानव वेचविखन, तस्करी, महिलामाथि हुने शारीरिक तथा यौनजन्य हिंसा र पारीवारिक विखण्डन बढ्दो ।
- ❖ आत्महत्याको घटनाहरुमा वृद्धि हुँदै जानुका साथै मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुका लागि सरकारी अस्पतालहरुमा अन्तरंग सेवाको व्यवस्था नहुँदा सेगाग्राहीहरु महंगो शुल्क तिरेर निजी अस्पतालमा जानुपर्ने बाध्यता रहेको ।
- ❖ सामाजिक सञ्जालको दुरुपयोग मार्फत विभिन्न खालका हिंसाहरुमा बढोत्तरी भएको ।
- ❖ विपद व्यवस्थापनको लागि आवश्यक स्रोत साधन र यन्त्र उपकरणको अभाव तथा प्रदेश, जिल्ला र स्थानीय तहमा रहेको विपद व्यवस्थापन संयन्त्र चुस्त तथा प्रभावकारी हुन नसकेको ।
- ❖ संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहबाट उपभोक्ता अधिकारको सम्बन्धमा ऐनले प्रत्याभूत गरे बमोजिम प्रभावकारी अनुगमन हुन नसकेको ।
- ❖ बालवालिकामाथि शारीरिक दण्ड सजायँका साथै शिक्षक, घर परिवार, आफन्त लगायत अन्य व्यक्तिहरुबाट यौन दुर्व्यवहारका घटनाहरुमा वृद्धि हुँदै गएको ।
- ❖ सार्वजनिक, नीजि तथा सार्वजनिक स्थलहरुको भौतिक संरचना, सूचना तथा सञ्चार र उजुरीमा अबरोध कायम रहँदा अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित हुन नसक्नु । साथै अपाङ्गता भएकै कारण विद्यालयहरुले खटाइएको विद्यालयमा हाजिर नगाराउने, एक विद्यालयबाट सरुवा भएर अर्को विद्यालयमा हाजिर हुन आउने शिक्षकहरुलाई भौगोलिक विकटता एवं अपाङ् गतामैत्री संरचना नभएको भनी हाजिर गर्नबाट रोक लगाउने । ऐन तथा नियमावली प्रदत्त सहयोगी सेवा उपलब्ध नहुनु ।
- ❖ पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको समिति गठन लगायत प्रभावकारी कार्यान्वयन नहुनु ।
- ❖ श्रम ऐनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन नहुँदा नियमित रोजगारीमा रहेका बाहेक अन्य श्रमिकको अधिकार सुरक्षित हुन नसकेको ।
- ❖ ज्येष्ठ नागरिकहरु घर परिवारबाट उपेक्षित हुनुका साथै ज्येष्ठ नागरिक परिचय पत्र बमोजिम उपलब्ध हुने सेवा र सुविधाको कार्यान्वयन प्रभावकारी हुन नसक्नु ।
- ❖ कतिपय भेदभावजन्य कानूनी व्यवस्था र नयाँ कानूनको अभावमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका नागरिक सेवा सुविधाबाट बञ्चित हुनु ।

### ४.३. समस्या/चुनौति समाधानका सम्भावित उपायहरु

उल्लेखित समस्या, चुनौतिलाई सम्बोधन गर्नका लागि सम्बद्ध पक्षहरुले निम्नानुसारको कार्य गर्नुपर्ने देखिन्छ :।

- ❖ आयोगको आफ्नै कार्यालय भवनको लागि संघ, प्रदेश र स्थानीय सरकारसँग पहल गर्नुपर्ने ।
- ❖ स्विकृत दरबन्दी बमोजिम समावेशी प्रतिनिधित्व हुने गरी कर्मचारीको व्यवस्थापन गर्नुपर्ने ।
- ❖ कार्यालयमा आवश्यकता अनुसार थप चार पाङ्ग्रे सवारी साधनको व्यवस्थापन गर्नुपर्ने ।
- ❖ कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालनका साथै वृत्ति विकास, वैदेशिक तालिम

र भ्रमणमा समान अवसरको व्यवस्था गर्नुपर्ने ।

- ❖ आयोगबाट भएका सिफारीसहरुको संघ, प्रदेश र स्थानीय सरकारबाट पूर्ण रुपमा कार्यान्वयन हुनुपर्ने ।
- ❖ महिला हिंसा तथा जातीय भेदभाव लगायतका कतिपय घटना उजूरी प्रक्रियामा नगई प्रलोभन र दबाबमा मिलापत्रतर्फ लैजान खोज्ने प्रवृति कायम नै रहेकाले यसलाई निरुत्साहित गर्नुपर्ने ।
- ❖ विभिन्न कारणले उजूरी प्रक्रियामा आउन नसकेका घटनाहरुमा प्रहरी प्रतिवेदनका आधारमा कारवाही प्रक्रिया अगाडि बढाउनुपर्ने ।
- ❖ अनुसन्धानको प्रमुख जिम्मेवारी पाएको नेपाल प्रहरीलाई स्रोत साधन सम्पन्न गराउनुपर्ने ।
- ❖ पीडित र साक्षीको सुरक्षा, सूचनाको गोपनियतामा सम्बन्धित सरोकारवालाहरुले पर्याप्त ध्यान पुऱ्याउनुपर्ने ।
- ❖ अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्रलाई स्रोत साधन सम्पन्न गराई हिंसा पीडितहरुका लागि पुर्नस्थापना गृह तथा मनोसामाजिक विमर्श केन्द्रहरुको स्थापना गर्नुपर्ने ।
- ❖ बैदेशिक रोजगारीमा हुने ठगी, मानव वेचविखन, तस्करी, महिलामाथि हुने शारीरिक तथा यौनजन्य हिंसा र पारीवारिक विखण्डन रोकथामका लागि वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउँदै वैदेशिक रोजगारी सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- ❖ आत्महत्याको घटनाहरुको कारण पहिचान गरी रोकथामका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । साथै मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुका लागि प्रदेस तथा जिल्ला अस्पतालहरुबाट बहिरंग तथा अन्तरंग सेवाको सञ्चालन गर्नुपर्ने ।
- ❖ सामाजिक सञ्जालको दुरुपयोग मार्फत विभिन्न खालका हिंसाहरुमा बढोत्तरी भएको पाइएकोले यसको नियमनको साथै कानूनी साक्षरता अभियान सञ्चालन गर्नुपर्ने ।
- ❖ विपद व्यवस्थापनको लागि आवश्यक स्रोत साधन, तालिम लगायत यन्त्र उपकरणको पर्याप्त व्यवस्थापन गर्नुपर्ने ।
- ❖ संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहबाट उपभोक्ता अधिकारको सम्बन्धमा ऐनले प्रत्याभूत गरे बमोजिम प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- ❖ बलवालिकामाथि हुने शारीरिक दण्ड सजायँ तथा हिंसा न्यूनीकरणका लागि कानूनहरुको प्रभावकारी कार्यान्वयनका साथै विद्यालय तथा समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ र नियमावली २०७७, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहूँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ लगायतका कानूनहरुको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।
- ❖ पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रदेश तथा स्थानीय तहहरुले प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- ❖ श्रम ऐनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गरी सबै श्रमिकको अधिकार सुनिश्चित

गर्नुपर्ने ।

- ❖ ज्येष्ठ नागरिक सम्बन्धी कानूनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।
- ❖ भेदभावजन्य कानूनी व्यवस्थाहरुमा परिमार्जन र नयाँ कानूनको निर्माण मार्फत यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका नागरिकको अधिकार संरक्षित गर्नुपर्ने ।

**अनुसूची १ः राष्ट्रिय मानवअधिकार आयोगको पोखरा कार्यालय स्थापना (२०६२ वैशाख २१ ) पश्चात् यस कार्यालयमा दर्ता हुन आएका उजूरीको विवरण**

| क्र.सं. | अवधि | उजुरी संख्या |
|---|---|---|
| १ | २०६२ वैशाख २१ देखि २०६२ चैत मसान्तसम्म | ३२५ |
| २ | २०६३ वैशाख १ देखि २०६३ चैत मसान्तसम्म | २५० |
| ३ | २०६४ वैशाख देखि २०६४ चैत मसान्तसम्म | १४९ |
| ४ | २०६५ वैशाख देखि २०६५ चैत मसान्तसम्म | ११३ |
| ५ | २०६६ वैशाख देखि २०६६ चैत मसान्तसम्म | ५३ |
| ६ | २०६७ वैशाख देखि २०६७ चैत मसान्तसम्म | ३९ |
| ७ | २०६८ वैशाख देखि २०६८ चैत मसान्तसम्म | ४४ |
| ८ | २०६९ वैशाख देखि २०६९ चैत मसान्तसम्म | १९ |
| ९ | २०७० वैशाख देखि २०७० चैत मसान्तसम्म | २० |
| १० | २०७१ वैशाख देखि २०७१ चैत मसान्तसम्म | १२ |
| ११ | २०७२ वैशाख देखि २०७२ चैत मसान्तसम्म | ७ |
| १२ | २०७३ वैशाख देखि २०७३ चैत मसान्तसम्म | १३ |
| १३ | २०७४ वैशाख देखि २०७४ चैत मसान्तसम्म | १३ |
| १४ | २०७५ वैशाख देखि २०७५ चैत मसान्तसम्म | २३ |
| १५ | २०७६ वैशाख देखि २०७७ असार मसान्तसम्म | १६ |
| १६ | २०७७ वैशाख देखि २०७८ असार मसान्तसम्म | ९ |
| १७ | २०७८ वैशाख देखि २०७९ असार मसान्तसम्म | १ |
| १८ | २०७९ वैशाख देखि २०८० असार मसान्तसम्म | ३ |
| | **जम्मा उजुरी संख्या** | ११०९ |

नोट : पोखरा कार्यालयबाट वुटवल उपक्षेत्रीय कार्यालयमा पठाईएका उजुरी संख्या २०९

**अनुसूची २: निर्णयका लागि केन्द्रीय कार्यालय पठाईएका उजूरी संख्या**

| क.सं | अवधि | संख्या |
|---|---|---|
| १ | २०६६ भन्दा अगाडी | ६७ |
| २ | २०६६ वैशाखदेखि चैतसम्म | ४६ |
| ३ | २०६७ वैशाखदेखि चैतसम्म | १३४ |
| ४ | २०६८ वैशाखदेखि चैतसम्म | १६३ |
| ५ | २०६९ वैशाखदेखि चैतसम्म | ६५ |
| ६ | २०७० वैशाखदेखि चैतसम्म | ५४ |
| ७ | २०७१ वैशाखदेखि चैतसम्म | ५० |
| ८ | २०७२ वैशाखदेखि चैतसम्म | ३३ |
| ९ | २०७३ वैशाखदेखि चैतसम्म | ३७ |
| १० | २०७४ वैशाखदेखि चैतसम्म | १८ |
| ११ | २०७५ वैशाखदेखि चैतसम्म | ३५ |
| १२ | २०७६ वैशाखदेखि असारसम्म | २० |
| १३ | २०७७ वैशाखदेखि असारसम्म | २६ |
| १४ | २०७८ वैशाखदेखि असारसम्म | २३ |
| १५ | २०७९ वैशाखदेखि २०८० असारसम्म | ५५ |
| | **जम्मा** | ८२६ |

**अनुसूची ३: हाल यस कार्यालयमा चालु अवस्थामा रहेका जिल्लागत तथा विषयगत उजुरी**

| District | ICCPR | ESCR | CRC | CE-DAW | MGW | Disappear-ance | CERD | CAT | CRPD | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कास्की** | १५ | ६ | ५ | १ | ० | २२ | ० | ६ | ० | ५५ |
| **तनहुँ** | ० | ० | ० | ० | ० | ९ | ० | ० | ० | ९ |
| **लमजुङ** | २ | १ | १ | ० | ० | ३ | ० | ० | ७ | ७ |
| **गोरखा** | २ | ० | ० | १ | ० | ९ | ० | १ | ० | १३ |
| **पर्वत** | ४ | ० | ० | ० | ० | ५ | ० | ० | ० | ९ |
| **वाग्लुङ** | २ | ६ | १ | ० | ० | ५ | ० | ५ | ० | १९ |
| **नवलपुर** | १ | ६ | १ | १ | ० | ५ | ० | ० | ० | १४ |
| **मनाङ** | १ | १ | ० | ० | ० | १ | ० | १ | ० | ४ |
| **मुस्ताङ** | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **म्याग्दी** | ५ | २ | ० | ० | ० | १ | ० | १ | ० | ९ |
| **स्याङ्जा** | ० | १ | ० | ० | ० | ६ | ० | ० | ० | ७ |
| **जम्मा** | ३२ | २३ | ९ | ३ | ० | ६६ | ० | १४ | ० | १४७ |

## री विवरण

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय

कार्यालय कोड नं.: २१४००३९०१

खर्चको फाँटवारी

असार महिनाको

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय,

म. ले. प. फा. न. २१०

**आर्थिक बर्ष:-** २०७९/८०
**बजेट उपशीर्षक :** राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)[२१४०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ८,७१४,०००.०० | ५,९०५,२३६.९० | ५,४४८,६८७.३० | ४५६,५४९.६० | ५,९०५,२३६.९० | ०.०० | ५,९०५,२३६.९० | २,८०८,७६३.१० |
| २११२१ | पोशाक | १८०,०००.०० | ११०,०००.०० | ११०,०००.०० | ०.०० | ११०,०००.०० | ०.०० | ११०,०००.०० | ७०,०००.०० |
| २११३२ | महंगी भत्ता | ४३२,०००.०० | २६४,०००.०० | २४२,०००.०० | २२,०००.०० | २६४,०००.०० | ०.०० | २६४,०००.०० | १६८,०००.०० |
| २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | ५१,०००.०० | ४८,५४३.७६ | ४५,३८२.०० | ३,१६१.७६ | ४८,५४३.७६ | ०.०० | ४८,५४३.७६ | २,४५६.२४ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ७२,०००.०० | ४८,०००.०० | ४४,०००.०० | ४,०००.०० | ४८,०००.०० | ०.०० | ४८,०००.०० | २४,०००.०० |
| २२१११ | पानी तथा बिजुली | १६२,०००.०० | ६१,०४०.०० | ४०,७१०.०० | २०,३३०.०० | ६१,०४०.०० | ०.०० | ६१,०४०.०० | १००,९६०.०० |
| २२११२ | संचार महसुल | २१४,०००.०० | १५८,७७३.०० | १३१,२३३.०० | २७,५४०.०० | १५८,७७३.०० | ०.०० | १५८,७७३.०० | ५५,२२७.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २४१,०००.०० | १६७,२६६.४३ | १५०,०९०.६३ | १७,१७५.८० | १६७,२६६.४३ | ०.०० | १६७,२६६.४३ | ७३,७३३.५७ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २९०,०००.०० | २३८,८५१.९० | १७९,८७९.५० | ५८,९७२.४० | २३८,८५१.९० | ०.०० | २३८,८५१.९० | ५१,१४८.१० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४०,०००.०० | १२,३००.०० | ८,५००.०० | ३,८००.०० | १२,३००.०० | ०.०० | १२,३००.०० | २७,७००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २४०,०००.०० | १४१,३२२.११ | १२४,४६२.११ | १६,८६०.०० | १४१,३२२.११ | ०.०० | १४१,३२२.११ | ९८,६७७.८९ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २०,०००.०० | ११,१००.०० | ९,२५०.०० | १,८५०.०० | ११,१००.०० | ०.०० | ११,१००.०० | ८,९००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८९,०००.०० | ६६,२४०.०० | २६,२४०.०० | ४०,०००.०० | ६६,२४०.०० | ०.०० | ६६,२४०.०० | २२,७६०.०० |
| २२४१३ | करार सेवा शुल्क | ४८,०००.०० | ४४,६६६.०० | ४०,६६६.०० | ४,०००.०० | ४४,६६६.०० | ०.०० | ४४,६६६.०० | ३,३३४.०० |
| २२५२२ | कार्यक्रम खर्च | १,१३०,०००.०० | ६८५,८२०.०० | ६११,६५०.०० | ६६,१७०.०० | ६८५,८२०.०० | ०.०० | ६८५,८२०.०० | ४४४,१८०.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | १००,०००.०० | ९०,२६२.०० | ९०,२६२.०० | ०.०० | ९०,२६२.०० | ०.०० | ९०,२६२.०० | ९,७३८.०० |
| २२६१२ | भ्रमण खर्च | ६४,०००.०० | ५१,८६०.०० | ३२,३६०.०० | १९,५००.०० | ५१,८६०.०० | ०.०० | ५१,८६०.०० | १२,१४०.०० |
| २२७११ | विविध खर्च | १२६,०००.०० | ११०,६६५.०० | १००,९६५.०० | ९,७००.०० | ११०,६६५.०० | ०.०० | ११०,६६५.०० | १५,३३५.०० |
| २८१४२ | घर भाडा | ६२४,०००.०० | ६१६,०००.०० | ५६१,०००.०० | ५५,०००.०० | ६१६,०००.०० | ०.०० | ६१६,०००.०० | ८,०००.०० |
| | कुल जम्मा | १२,८३७,०००.०० | ८,८३१,९४७.९० | ८,००५,३३७.४४ | ८२६,६०९.५६ | ८,८३१,९४७.९० | ०.०० | ८,८३१,९४७.९० | ४,००५,०५२.१० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखत:
नाम: बिनोद पौडेल
दर्जा: सहायक प्रथम
मिति: २०८०/३/३१

प्रमाणित गर्नेको दस्तखत:
नाम: माया देवी शर्मा
दर्जा: कार्यालय प्रमुख
मिति: २०८०/३/३१

## अनुसूची ५ पत्राचार :

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

**केन्द्रीय कार्यालय (Central Office)**

**पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)**

प.सं. ०७९/८०

च.नं./सि. डि. १०२८

राष्ट्रिय मानव अधिकार आयोग
गण्डकी प्रदेश कार्यालय, पोखरा
दर्ता नं ९८६
दर्ता मिति २०८०।१।११

मिति : २०७९/११/२६

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश, पोखरा, नेपाल ।

**विषय : सिफारिस कार्यान्वयनका लागि पठाईएको बारे ।**

राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोध पहिचानसम्बन्धी अध्ययन गरी सोको प्रतिवेदन, २०७९ प्रकासित गरेको छ । यो प्रतिबेदन अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचको अधिकारको सम्बन्धमा के कस्ता अवरोधहरु विद्यमान छन् भन्ने विषयमा केन्द्रित रहेको छ ।

अध्ययनको लागि हिमाल, पहाड, तराई समेटिने गरी नेपालका सातै प्रदेशबाट पन्ध्रवटा जिल्लालाई छनौट गरिएको थियो । छनौट गरिएका जिल्लाहरुमा अदालत, अर्धन्यायिक निकाय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय तहका कार्यालयहरुलाई लक्षित गरिएको थियो ।

अध्ययनको क्रममा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यालय तथा निकायहरुको स्थलगत भ्रमण, अवलोकन, कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुसँग छलफल, अपाङ्गता भएका व्यक्तिहरुसँग समूह छलफल, अन्तरवार्ता, प्रश्नावली पद्धति प्रयोग गरिएको थियो ।

नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६ लाई मिति २०६६/९/१२ मा अनुमोदन गरी नेपालको संविधान, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७७ मा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको घरेलुकरण गरिएको कुरा प्रशंसनीय रहेको छ । यस विषयमा नेपालले पठाएको प्रारम्भिक प्रतिवेदन उपर अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी समिति (सिआरपिडि समिति) बाट १६ अप्रिल सन् २०१८ मा नेपाललाई पठाएको निष्कर्ष सिफारिस (Concluding Observation) नं. २४ पनि मननीय रहेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारको कार्यान्वयनका लागि अपाङ्गतासम्बन्धी दश बर्षे राष्ट्रिय नीति तथा कार्ययोजना २०७३-२०८२, अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९, अपाङ्गतासम्बन्धी सूचना तथा सहयोगी कक्ष (हेल्प डेस्क) सञ्चालनसम्बन्धी कार्यविधि, २०७१, प्रदेशस्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण तथा सञ्चालनसम्बन्धी मापदण्ड २०७७, अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि २०७८, अपाङ्गता भएका बालबालिकाको संरक्षणका लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि २०७७, अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिइने छूट वा सहुलियतसम्बन्धी कार्यविधि २०६३ कार्यान्वयनमा ल्याउनु निकै सकारात्मक पक्ष हो ।

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोध पहिचानसम्बन्धी अध्ययन प्रतिवेदन उपर आयोगको बैठक बसी अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण, सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनमा सुनिश्चितताका लागि तपसिल खण्डमा उल्लेख भए बमोजिम सिफारिस गर्न आयोगको मिति २०७९/११/२५ को बैठकबाट निर्णय भएकोले नेपालको संविधान २०७२ को धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ बमोजिम कार्यान्वयनका लागि पठाइएकोले कार्यान्वयन गरी सोको जानकारी समेत उपलब्ध गराई दिनहुन निर्देशनानुसार अनुरोध छ।

तपसिल

१. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६, नेपालको संविधान २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ अनुसार अपाङ्गता भएका व्यक्तिको अधिकारको कार्यान्वयनका लागि अपाङ्गतासम्बन्धी दश वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना २०७३-२०८२, अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९, अपाङ्गतासम्बन्धी सूचना तथा सहयोगी कक्ष (हेल्प डेस्क) सञ्चालनसम्बन्धी कार्यविधि २०७१, प्रदेशस्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण तथा सञ्चालनसम्बन्धी मापदण्ड २०७७, अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि २०७८, अपाङ्गता भएका बालबालिकाको संरक्षणका लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि २०७७, अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि २०६३ को कार्यान्वयन अवस्था सन्तोषजनक नपाइएकोले प्रभावकारी अनुगमन तथा नियमन गरी कार्यान्वयनको सुनिश्चितता गर्न।

२. अनुगमन तथा अवलोकन गरिएका जिल्ला अदालत, उच्च अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तहका कार्यालयहरूमा र्‍याम्प, टयाक्टायल जस्ता अत्यावश्यक पूर्वाधार नरहेको पाइएकोले यथाशिघ्र निर्माण गर्न।

३. जिल्ला प्रशासन कार्यालय, धनुषाको मूल गेट प्रवेश गर्ने ठाउँमा रहेको सिमेन्टको अग्लो ढिस्को तत्काल सम्याई अपाङ्गमैत्री बनाउन।

४. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित तह, संस्था वा व्यक्तिले सार्वजनिक भवन निर्माण गर्दा वा गराउँदा "अपाङ्गता भएका व्यक्तिकालागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९" बमोजिम अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन वा निर्माण गर्न गराउन।

५. निजी संस्थाहरुमा समेत अपाङ्गता भएका व्यक्तिहरुको पहुँच सहज बनाउन भौतिक संरचना तथा अन्य संरचना प्रणाली अपाङ्गता भएका व्यक्तिहरुको पहुँयुक्त बनाउन उत्प्रेरित गर्न तथा आवश्यक व्यवस्था मिलाउन।


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


६. अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त नभएका पुराना सरकारी वा सार्वजनिक भवन वा संरचनालाई मर्मत संभार वा आवश्यक संरचना निर्माण गरी पहुँचयुक्त बनाउन ।

७. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कार्यालयहरु, न्यायिक तथा अर्धन्यायिक निकायहरुले सूचना तथा सञ्चार सेवामा सबैको पहुँच सुनिश्चित गर्न श्रव्य, दृश्य, डिजिटल, छापा तथा ब्रेल लिपिमा समेत सूचना तथा सञ्चार गर्ने परिपाटीको विकास गर्न ।

८. सार्वजनिक सेवा प्रवाह हुने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कार्यालयहरु, न्यायिक तथा अर्धन्यायिक निकायहरुको नागरिक बडापत्र अपाङ्गता भएका व्यक्तिहरुको पहुँचयुक्त बनाउनका लागि डिजिटल बडापत्र राख्न, उक्त बडापत्र अपाङ्गता भएका व्यक्तिहरुले सहज तरिकाले पढ्नका लागि बडापत्रका उल्लेखित अक्षर तथा अंकको आकार ठूला बनाउन, सहजै पढन सक्ने स्थान र उचाइमा राख्नुका साथै बडापत्रको सन्देश प्रिन्ट, ब्रेल लिपि तथा अडियोमा राख्न ।

९. अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक सेवामा पहुँच बृद्धि गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका सम्पुर्ण कार्यालय, न्यायिक तथा अर्धन्यायिक निकायमा अपाङ्गता भएका व्यक्तिका लागि हेल्प डेस्क (Help Desk) व्यवस्था गर्न ।

१०. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कार्यालयहरु, न्यायिक तथा अर्धन्यायिक निकायहरुमा सेवा लिन जाने सुनाई बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्ति, बौद्धिक अपाङ्गता भएका लगायत दोहोरो संवाद गर्न कठिनाई हुने अपाङ्गता भएका व्यक्तिहरुलाई सहज सेवा प्रवाह गर्न साङ्केतिक भाषाका दोभासेहरूलाई सूचिकृत गरि आवश्यकतानुसार सेवा लिन वा प्रवाह गर्न ।

११. सुनाई बोलाईसम्बन्धी अपाङ्गता भएका व्यक्ति, बौद्धिक अपाङ्गता भएका, अटिजम भएका लगायत दोहोरो संवाद गर्न कठिनाई हुने अपाङ्गता भएका व्यक्तिहरुको "सहयोगीका माध्यमबाट निर्णय गर्ने प्रणाली (Supported Decision Making System)" अवलम्बन गर्न ।

१२. अदालत तथा अर्धन्यायिक निकाय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय तह जस्ता सर्वसाधारण जनतालाई प्रत्यक्ष सेवा प्रवाह गर्ने कार्यालय तथा निकायमा कार्यरत कर्मचारीहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा आवश्यक तालिम, प्रशिक्षण प्रदान गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकारप्रति चेतना अभिवृद्धि गर्न ।

१३. अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (Hospital-based Once Stop Crisis Management Center) मा सेवा प्रवाह गर्ने स्वास्थ्य सेवा लगायतका कर्मचारीलाई महिला, बालबालिका तथा किशोरीमाथि हुन सक्ने र हुने गरेका यौन हिंसा पहिचान गर्न र उनीहरूसंग दोहोरो संवाद गर्न सक्ने बनाउनका लागि विशिष्टिकृत तालिम तथा प्रशिक्षण प्रदान गर्न ।

१४. साङ्केतिक भाषाका दोभासेलाई तालिम प्रदान गर्ने संयन्त्र निर्माण गर्न ।

..............................
(बुद्धनारायण साहनी केवट)
उप-सचिव

बोधार्थ
राष्ट्रिय मानव अधिकार आयोग
गण्डकी प्रदेश कार्यालय, पोखरा


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
गण्डकी प्रदेश कार्यालय, Gandaki Province Office
पोखरा-८, एयरपोर्ट (पर्यटन मार्ग), Pokhara-8, Airport (Paryatan Marga)


च.न. ११२

मिति : २०७९/१२/२२

श्री जिल्ला समन्वय समिति
स्याङ्जा, तनहु, लमजुङ, गोरखा, मनाङ, नवलपरासी(वर्दघाट सुस्ता पूर्व)
पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ, गण्डकी प्रदेश ।

विषय : **पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयको च.नं १२ मिति २०७९।५।२ को पत्र मार्फत पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्ला समन्वय समिति गठन तथा कार्यान्वयन सम्बन्धमा जानकारी माग गरिएकोमा कुनै जानकारी प्राप्त हुन नआएको हुदा पुन: पत्राचार गरिएको छ ।

संयुक्त राष्ट्रसंघले सन् १९९३ मा आफ्ना सबै सदस्य राष्ट्रहरुलाई मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना बनाई लागू गर्न आव्हान गरेबमोजिम नेपालले पनि आ.व.२०६१/६२ देखि यस कार्यको शुरुवात गरेको छ । चौथो कार्ययोजनाको अवधि पुरा भएसँगै नेपाल सरकारको मिति २०७७/०६/२६ को निर्णयबाट मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना । आ.व.२०७७/७८-२०८१/८२) कार्यान्वयनमा रहेको छ ।

कार्ययोजनाको जिल्लास्तरमा कार्यान्वयनको सुनिश्चितताको लागि प्रत्येक जिल्लामा मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ । कार्ययोजना कार्यान्वयनको लागि जिल्लास्तरका सरकारी निकाय एवं स्थानीय तहमा कार्ययोजनाको कार्यान्वयनको क्रममा समन्वय र सहजीकरण गर्ने तथा जिल्लाको मानव अधिकार स्थितिको समिक्षा गर्ने कार्य यस समितिको मुख्य जिम्मेवारी रहेको छ । जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी, समन्वय समितिका पदाधिकारीहरु, शिक्षा, स्वास्थ्य, जिल्ला न्यायाधिवक्ता, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख लगायत जिल्ला स्थित गाउँपालिका, नगरपालिकाका प्रमुख, जिल्ला बार, पत्रकार महासंघ र गै.स.स महासंघ सदस्य रहने र जिल्ला समन्वय अधिकारीलाई सदस्य सचिवको जिम्मेवारी कार्ययोजनाले तोकेको छ । त्यसको कार्यान्वयन अवस्थाको अनुगमनको जिम्मेवारी यस आयोगलाई समेत दिएको व्यहोरा अनुरोध छ ।

उल्लिखित सन्दर्भमा नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि जिल्ला समन्वय समिति गठन गरी कार्ययोजना कार्यान्वयन हुने अपेक्षा सहित समिति गठन तथा कार्यान्वयन अवस्थाको जानकारी आयोगको यस कार्यालयलाई उपलब्ध गराईदिनुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

**बोधार्थ**
राष्ट्रिय मानव अधिकार आयोग
केन्द्रीय कार्यालय, पुल्चोक

खिमलाल सुवेदी
मानव अधिकार अधिकृत


फोन नं. ०६१-५८६०८१,५८६०५९ फ्याक्स नं. ००९७७-६१-५३५८७५ पो.ब.नं. ७२ पोखरा, नेपाल
Phone: +977 61-586081, 586059 Fax: +977 61-535875, G.P.O. Box: 72, Pokhara, Nepal
Email: nhrcpkr@gmail.com website www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
गण्डकी प्रदेश कार्यालय, Gandaki Province Office
पोखरा-८, एयरपोर्ट(पर्यटन मार्ग) Pokhara-8, Airport(Paryatan Marga)

च.नं. १४५

मिति : २०८०।०३।१९

श्री जिल्ला प्रशासन कार्यालय
कास्की, स्याङ्जा, तनहू,लमजुङ, गोरखा, मनाङ, मुस्ताङ
नवलपरासी(बर्दघाट सुस्ता पूर्व), पर्वत, बागलुङ र म्याग्दी ।

विषय: जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मनसुनको कारण बाढी, पहिरो, डुवान, नदी कटान, महामारी, सर्पदंश लगायतका प्राकृतिक तथा गैरप्राकृतिक विपद्का कारण वर्षेनी नागरिकको मानव अधिकारको उपभोगमा कठिनाई हुनका साथै भौतिक तथा मानवीय क्षति व्यहोर्नु परिरहेको अवस्था छ । यसै सन्दर्भमा यस वर्षको मनसुन शुरु भईसकेको अवस्थामा आयोगको यस कार्यालयले विपद्मा नागरिकको मानव अधिकारको अवस्था सम्बन्धमा विभिन्न माध्यमबाट अनुगमन गरिरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

अत: यस सम्बन्धमा तहाँ जिल्लाको जिल्ला विपद् व्यवस्थापन समितिबाट विपद् पूर्व तयारी, विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्यको लागि समितिको नियमित बैठक, विपद प्रतिकार्य योजनाको तयारी र कार्यान्वयन, विपद् प्रतिकार्यका लागि आवश्यक स्रोत साधन र जनशक्ति उपलब्धताको अवस्था, विपद् सम्बन्धी सूचना प्रवाह र समन्वय सम्बन्धमा तहाँ जिल्ला विपद् व्यवस्थापन समितिबाट भए गरेका कार्यहरुको विवरण उपलब्ध गराईदिन हुन नेपालको संविधानको धारा २४९ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१ बमोजिम निर्देशानुसार अनुरोध गरिन्छ ।

खिमलाल सुवेदी
मानव अधिकार अधिकृत

फोन नं. ०६१-५८६०८१,५८६०५९ फ्याक्स नं. ००९७७-६१-५३५८७५ पो.ब.नं. ७२ पोखरा, नेपाल
Phone: +977 61-586081, 586059 Fax: +977 61-535875, G.P.O. Box: 72, Pokhara, Nepal
Email: nhrcpkr@gmail.com website www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal
अनुसन्धान महाशाखा (Investigation Division)


च.नं. INV/P। ५२१ मितिः २०७९/५/२५

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश, पोखरा ।

**विषयः सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मुगु जिल्ला सोरु गाउँपालिका वडा नं. ३ स्थित एकाघरका आठ जना बालबालिकाहरू आर्थिक अभावका कारण विद्यालय जानबाट वञ्चित भएको भनी विभिन्न सञ्चार माध्यमहरूहरूमा प्रकाशित समाचारको आधारमा आयोगको स्वविवेकमा ग्रहण गरिएको शिक्षाको अधिकार सम्बन्धी (उजुरी नं. १९३) उजुरी र सो उजुरीउपर भएको अनुसन्धान प्रतिवेदन आयोगको मिति २०७९/५/२ गतेको बैठकसमक्ष पेश हुँदा तपसील बमोजिम सिफारिस गर्ने निर्णय भएको हुँदा सो सिफारिस राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम तीन महिनाभित्र कार्यान्वयन गरी यस कार्यालयलाई जानकारी गराइ दिनुहुन अनुरोध गरिन्छ ।

**आयोगको निर्णय**

"यसमा मिसिल संलग्न महिला तथा बालबालिका कार्यालय मुगुको च.नं. ३७ मिति २०७४/५/६ गतेको पत्र, ऐ.ऐ. कार्यालयको च.नं. १०८ मिति २०७४/८/१३ गतेको पत्र, माइती नेपाल काठमाडौंको मिति २०७८/१२/१ गतेको पत्र तथा यस आयोगबाट भएको स्थलगत छानबिन तथा अनुसन्धान प्रतिवेदनको निष्कर्ष समेतका आधारमा मुगु जिल्ला सोरु गाउँपालिका वडा नं. ३ निवासी समीता कुमाल र रमला कुमाल समेत ८ जना बालबालिकाहरू आर्थिक अभावको कारण तत्कालीन अवस्थामा शिक्षाको अधिकारबाट वञ्चित भएको देखियो । आयोगको स्थलगत अनुसन्धानबाट हाल ती बालबालिकाहरूलाई महिला तथा बालबालिका कार्यालय र जिल्ला प्रशासन कार्यालय मुगुको पहलमा माईती नेपालमा रहेका र उनीहरू माईती नेपालद्वारा सञ्चालित विद्यालयमा पठनपाठन गरिरहेको भन्ने देखिएकोले प्रस्तुत स्वविवेकमा ग्रहण गरिएको उजूरीमा उल्लेखित बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित नभएको अवस्था देखिन आएतापनि देशका विभिन्न दुर्गम स्थानहरूमा आर्थिक अभावको कारण शिक्षाको अधिकारबाट कुनै पनि बालबालिकाहरू वञ्चित हुन नदिई शिक्षाको अधिकार देशव्यापी रुपमा सुनिश्चितता गर्नको लागि संघ, प्रदेश र स्थानीय सरकारलाई सिफारिस गर्ने ।"

(श्यामबाबु काफ्ले)
उपसचिव

बोधार्थ :
श्री राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय
पोखरा, कास्की ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

## अनुसूची ६ : विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारहरु :

### मनोचिकित्सक थोरै, समस्या धेरैमा



### पोखराका महिला जनप्रतिनिधि एक ठाम



'न्यायमा पहुँचको लागि स्थानीय तहको भूमिकासम्बन्धी कार्यक्रम'

### सम्पदाका सदस्यलाई तालिम



**समाधान संवाददाता**
पोखरा, ११ चैत

राष्ट्रिय सम्पदा तथा जनाधिकार संरक्षण समिति नेपालले संस्थाका सदस्यलाई मानवअधिकारका आधारभूत पक्षबारे तालिम दिएको छ । राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रदेशसँगको सहकार्यमा शनिबार कालाबाङ होमस्टेमा भएको कार्यक्रममा ३० जना सहभागी भए ।

सहभागीलाई राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रमुख माया देवी शर्मा र मानवअधिकार अधिकृत मोहन काफ्लेले मानवअधिकारका विविध पक्ष, विश्वव्यापी मान्यता र अहिलेका चुनौतीबारे प्रशिक्षण दिए ।

सम्पदाका अध्यक्ष सुनिल पाण्डेले शासन व्यवस्था र समय परिवर्तन भए पनि मानवअधिकार र सम्पदाको क्षेत्रमा अनेक चुनौती विद्यमान रहेको बताए । उनले भने, 'शासक र समाजका अगुवाको प्राथमिकतामा सर्वसाधारण मान्छेको अधिकार र सम्पदाहरुको संरक्षण पर्न सकेको छैन ।'

कार्यक्रममा सम्पदाका निवर्तमान अध्यक्ष विष्णुहरि अधिकारी, पोखरा ७ का वडाध्यक्ष राममोहन आचार्य, उपाध्यक्ष निर्मला कोइराला, महासचिव ठाकुर बराल लगायतले बोलेका थिए ।